वर्ष ३२/ पूर्णाङ्क ११४/ असोज–कात्तिक २०७५

प्रेश काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत राष्ट्रियस्तरको पत्रिका

दायित्व

द्वैमासिक

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६
गोजीफोन ९८४१५२६०१७

सम्पादन सल्लाहकार
ठाकुर शर्मा भण्डारी
फोन नं. ४-४२०६१०
९८४१२४५३३१

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ९८५१२३९००९

सम्पादन सहयोगी
केशवराज पन्त
कमल ज्ञवाली

आवरण
कृष्ण मानन्धर

व्यवस्थापक
लक्ष्मी पन्त
फोन ४-४८६४७६



सहयोग रू. ५०/-

व्यक्तिगत विशिष्ट सदस्यता शुल्क रू. ५,०००/- वा सोभन्दा बढी ।

संस्थागत विशिष्ट सदस्यता शुल्क रू १०,०००/- वा सोभन्दा बढी ।

कार्यालय
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४८६४७६
E-mail: dayitwa44@gmail.com
Website: www.nepalipublisher.com

वेदवाणी

ऋषि – शुनःशेप आजीगर्ति । **देवता** - वरुण । **छन्द** - गायत्री ।

यच्चिद्धि ते विशो यथा प्र देव वरूण व्रतम् । मिनीमसि द्यविद्यवि ॥१॥

हे वरुणदेव ! जसरी अन्य मानिसहरू तिम्रो व्रत अनुष्ठानमा अल्छ्याइँ गर्दछन्, त्यसै गरी हामीबाट पनि तिम्रा नियम आदिका विषयमा हेलचेक्र्याइँ हुन सक्दछ ।

मा नो वधाय हत्नवे जिहीडानस्य रीरधः । मा हृणानस्य मन्यवे ॥२॥

हे वरुणदेव ! आफ्नो अनादर गर्नेलाई वध गर्नका लागि तिमीले लिएको शस्त्र हाम्रा अगाडि प्रस्तुत नगर ।

वि मृडीकाय ते मनो रथीरश्वं न सन्दितम् । गीर्भिर्वरूण सीमहि ॥३॥

हे वरुणदेव ! जसरी रथी वीरहरूले आफ्ना थाकेका घोडाको स्याहारसुसार गर्दछन्, उसै गरी तिम्रो मन खुसी पार्नका लागि हामी तिम्रो स्तुति गर्दछौँ ।

परा हि मे विमन्यवः पतन्ति वस्यइष्टये । वयो न वसतीरूप ॥४॥

हे वरुणदेव ! जसरी चराहरू आफ्ना गुँडतिर वेगले जान्छन्, त्यसै गरी हाम्रो चञ्चल बुद्धि पनि धन प्राप्तिका लागि टाढासम्म पुग्दछ ।

कदा क्षत्रश्रियं नरमा वरूणं करामहे । मृडीकायोरूचक्षसम् ॥५॥

बलऐश्वर्यका अधिपति र सर्वद्रष्टा वरुणदेवलाई हामी कल्याणका निम्ति यस यज्ञमा कुनकुन बेला बोलाउने ?

तदित्समानमाशाते वेनन्ता न प्र युच्छतः । धृतव्रताय दाशुषे ॥६॥

व्रत लिएर बसेका यजमानले हविष्यमात्र दान गर्दछन् । तिनै यजमानको हितका निम्ति यी मित्र र वरुणदेव हविष्यान्नको इच्छा गर्दछन्, उनीहरूले कहिल्यै पनि त्यो भावना त्याग गर्दैनन् ।

वेदा यो वीनां पदमन्तरिक्षेण पतताम् । वेद नावः समुद्रियः ॥७॥

हे वरुणदेव ! अन्तरिक्षमा उड्ने पक्षी र समुद्रमा विचरण गर्ने नौकाको मार्ग पनि तिमीले जानेका छौ ।

वेद मासो धृतव्रतो द्वादश प्रजावतः । वेदा य उपजायते ॥८॥

नियम बनाएर पालन गर्ने तथा पालन गराउने वरुणदेवलाई प्रजाको हित गर्ने बाह्रै महिनाको जानकारी छ र तेह्रौँ अधिक मासका विषयमा पनि उनी जान्दछन् ।

वेद वातस्य वर्तनिमुरोर्ऋष्वस्य बृहतः । वेदा ये अध्यासते ॥९॥

वरुणदेवले अत्यन्त विस्तृत, दर्शनीय र अत्यधिक गुणवान् वायुको मार्ग जानेका छन् । उनले माथि द्युलोकमा रहने देवताहरूलाई पनि चिनेका छन् ।

नि षसाद धृतव्रतो वरूणः पस्त्याऽस्वा । साम्राज्याय सुक्रतुः ॥१०॥

प्रकृतिको नियम विधिवत् पालन गर्ने र सधैँ श्रेष्ठ कर्महरूमा लागिरहने वरुणदेवले प्रजाहरूमा साम्राज्य स्थापित गर्न लागेका छन् ।

अनुवाद : तिलकप्रसाद लुइँटेल

ऋग्वेद-संहिता, प्रथम मण्डल, (सूक्त – २५)

"ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।"
भावार्थ : प्राणस्वरूप, दुःखनासक, सुखस्वरूप, प्रवलतेजस्वी, पापनासक, देवस्वरूप परमात्मालाई हामी अन्तरात्मामा धारण गर्दछौँ । ती परमात्माले हाम्रो बुद्धिलाई सन्मार्गमा प्रेरित गरून् ।

सम्पादकीय

- फरक राष्ट्रको फरक पहिचान हुनु स्वाभाविकै हो। जस्तो अमेरिकाको पहिचान मानवीय स्वतन्त्रता, भारतको पहिचान– योग, बेलायतको पहिचान– काममा तीव्रता, चीनको पहिचान– सैनिक सुदृढिकरण, जापानको पहिचान– देशभक्ति र समयप्रति सचेतना, जर्मनीको पहिचान– दार्शनिकता, फ्रान्सको पहिचान– मनोवैज्ञानिक साहित्य, रुसको पहिचान– भावुक साहित्य, अरबी राष्ट्रहरूको पहिचान– धार्मिक कट्टरता। यस्तो पहिचान झल्काउने कुरामा त्यहाँको राष्ट्रिय नीति, शैक्षिक चेतना र त्यहाँको परम्परागत संस्कृति एवम् सामाजिक वातावरणले प्रभाव पार्दछ।

- तत्तत् देशका तत्तत् पहिचानहरू भएजस्तै विश्वमा चिनिने नेपालीको पहिचान के हो त ? सहजै भन्न सकिने कुरा हो – वीरता। नेपालीहरू पहिले वीर भनेर चिनिन्थे, बहादुरको रूपमा चिनिन्थे, स्वाभिमानले चिनिन्थे, इमानदारीले चिनिन्थे, सुन्दर हिमाली देशका विशिष्ट नागरिक भनेर सम्बोधन गरिन्थे। तर आज नेपालीको पहिचान बदलिएको छ – आज नेपाली पढ्नका लागि बिदेसिने जात भनेर चिनिन थालेको छ। पसिना वा परिश्रम बेच्ने जात भनेर चिनिन थालेको छ। सधैँजसो क्रान्ति गरेर नअघाउने, सधैँ आन्तरिक द्वन्द्व र अशान्ति बीच बाँचिरहन सक्ने, कहिल्यै शान्तिसँग जिउन नसक्ने बन्द र हडतालीहरूको जमात भनेर चिनिन थालेको छ।

- नेपालीको पहिचान पोशाक पनि हो। दौरा-सुरुवाल र गुन्यु-चोली नेपालीका विशिष्ट पहिचान हुन्। नेपाललाई गणतन्त्रको खोल ओढाइसकेपछि त्यो पहिचान पनि मेटिदै गयो। मन्त्री, प्रधानमन्त्रीले पनि दौरा-सुरुवाल लगाउन आवश्यक ठानेनन्। दौरा-सुरुवाललाई राजा र सामन्तीको पोशाक भनेर व्याख्या गरियो। बाहुन र क्षेत्रीको पोशाक भनेर तिरस्कार गरियो। गुरुङ, मगर, नेवारहरूको पनि दौरा-सुरुवाल, सांस्कृतिक पोशाक हो भनेर परिचय गराउन आवश्यक ठानिएन। गुन्युको महत्त्व मेटिए पनि महिला दिदीबहिनीहरूले साडीसँग जोडेर चोलीको अस्तित्व जोगाउँदै छन् तर दौरा-सुरुवाल सड्कटमा परिसकेको छ। नेपाल र नेपालीको पहिचान एक-एक गरेर समाप्त हुँदै छ।

- झण्डामाथि पनि प्रश्न उठ्ने गर्छ यदाकदा। विश्वकै नयाँ पहिचान बनेको र नेपाली संस्कृतिसँग गाँसिएको नेपालको झण्डा बदल्न खोज्नु भनेको नेपाली संस्कृतिमाथि धावा बोल्नु हो र नेपाली भाषा-संस्कृतिको ढाड भाँचेर नेपाललाई पश्चिमीकरण गर्न चाहनेलाई सघाउ पुऱ्याउनु हो। पौरस्त्य संस्कृतिको मर्म र अन्तर्गहिराइ बुझेर पश्चिमाहरूले फ्याँकेको धर्मनिरपेक्षताको पासामा पासो लागेर हामी सिद्धिँदै छौँ भन्ने ज्ञान हामीभित्र मरिसकेको छ।

- नेपाल यस्तो विचित्रको बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक भएको देश हो, यसको तुलना विश्वको कुनै पनि राष्ट्रसँग हुनै सक्तैन। पचासौँको सङ्ख्यामा रहेका युरोपियन देशहरूमा साठी/पैँसठ्ठी भाषा छन् भने नेपालमा मात्र १२३ भाषा र १२५ जाति छन्। अन्य देशका जातजाति र भाषाभाषीको बसोबास फरक फरक स्थानमा हुन्छ भने नेपाली जातजाति

र भाषाभाषीहरू जतिसुकै जातमा विभाजित भए पनि एकै ठाउँमा मिलेर बस्न सक्छन्। यो नेपालीहरूको पहिचान र विशेषता पनि हो।

- तर अहिले भने नेपालीलाई यसरी चिनिन थालिएको छ– आफ्नो विचारमा चल्न नसक्ने, अर्काको प्रभावमा सजिलै पर्नसक्ने, लक्ष्मी, शक्ति र सम्पत्तिको पूजा गर्ने, नसोचिकन क्रियाको प्रतिक्रिया दिइहाल्ने, कसैले केही भन्यो भने नबुझीकन रिसाइहाल्ने, कसैलाई सम्मान दिन पनि खोज्ने तर हृदय खोलेर पूरा सम्मान दिन नसक्ने। आफूले पनि प्रशंसा नगर्ने, अर्कोले गरेको पनि सुन्न नसक्ने, कसैलाई सम्मान गर्न पनि नजान्ने र कसैले दिएको सम्मानमा सहमति पनि जनाउन नचाहने हाम्रो प्रवृत्ति बनेको छ।

- मैले केही गर्नुपर्छ वा हामीले केही गर्नुपर्छ भन्ने संस्कृति नेपालीसँग अब बाँकी रहेन। सबै अरूले नै गरिदिए हुन्थ्यो, मैले केही गर्न नपरे हुन्थ्यो, पसिना बेचेर होइन, बोली बेचेर खान पाए हुन्थ्यो। ढाँटेर वा छलकपट गरेर अकूत सम्पत्ति आर्जन गर्न पाए हुन्थ्यो। जहाँ गए पनि सम्मान र प्रतिष्ठा पाए हुन्थ्यो। म जस्तोसुकै बेइमान भए पनि जनताले मेरो जयगान गाए हुन्थ्यो भन्ने गलत संस्कृति आज नेपाली जनसमुदायमा विकसित भएको छ।

- विगतमा जस्तो सहकारीमा हिँड्ने समाज, आजको नेपाली समाज होइन। अभिभावकको नियन्त्रणमा बस्ने समाज पनि आजको नेपाली समाज होइन। पहिलेको समाज समूहमा बस्न सक्थ्यो। आजको समाज बदलिएको छ। आजको नेपाली स्वतन्त्र रूपमा व्यक्तिगत जीवन बाँच्न चाहन्छ। ऊ चुनौतिपूर्ण काम गर्न सक्तैन। शासक होइन, शासित बनेर बस्न चाहन्छ। बौद्धिक काम होइन, शारीरिक एवम् भौतिक काम गरेर आफूलाई दोस्रो कोटिको नागरिक दर्ज गर्न चाहन्छ।

- नेपाली जनमानसलाई बौद्धिक तथा उन्नत बनाउन सरकारी भूमिका प्रबल हुनु जरुरी छ। धेरै जातजाति एकै ठाउँमा मिलेर बस्न सक्ने संस्कार निर्माण गरिनुपर्छ। समाज विभाजित गरिदिने र स्वाभिमान गुमाउन बल पुग्ने खालका सरकारी नीतिमा लगाम लगाउनुपर्छ, अनिमात्र बिग्रेको नेपाली पहिचान सपार्न सहयोग पुग्छ। दिशाहीन हुँदै गइरहेको हाम्रो यो विशृङ्खलित समाजलाई सुमार्गमा ल्याउनका लागि यस वेला बुद्धिजीवी वर्गको खाँचो महसुस गरिएको छ।

- साहित्य, संस्कृति र कला भनेका समाजलाई सुसंस्कृत र सभ्य बनाउने विधा हुन्। नेपालीको अवमूल्यन र नेपालको पहिचान गुम्दै गइरहेको यस अवस्थामा नेपाल र नेपालीको अस्तित्व जोगाउन साहित्यकार एवम् बुद्धिजीवी वर्गको महत्त्वपूर्ण भूमिका रहन्छ। यस भूमिकाबाट हामी किमार्थ विचलित नहोऔँ र नेपाली हुनुमा गर्व गरौँ।

- हाम्रो घर आँगनमा आइरहेको बडादशैँ, तिहार, छठ र नेपाल सम्वत्को यस शुभ-अवसरमा सम्पूर्ण नेपालीलाई राष्ट्रनिर्माणमा लाग्न दुर्गाभवानी र लक्ष्मीमाताले सद्बुद्धि दिऊन्, हाम्रो शुभकामना!



दायित्व

(साहित्यिक द्वैमासिक)

सृजना	पाना नं.	स्रष्टा
कथा/लघुकथा		
ठकुरी गाउँका दुई केटी	८	कन्हैया नासननी
मात चढेको राजनीति	१७	डा. विश्वदीप अधिकारी
आमाको चित्र	२५	तेजप्रकाश श्रेष्ठ
सम्बन्ध	७२	अरुण खत्री 'नदी'
सीमान्त जीवन	४१	कुमार काफ्ले
लेख/निबन्ध		
निद्राको मन्त्रोच्चारण– तमसो मा ज्योतिर्गमय	२१	जीवनाथ धमला
जैनदर्शनको आचार विवेचना	४५	ज्ञानदेव हटुवाल
चिन्तु-चिनाउनु	५१	आत्माराम खरेल
लोकतान्त्रिक संघीय गणतन्त्र नेपाल र नेपाली साहित्य	५५	सुषमा शर्मा बडाल
प्रकम्पित प्रवाह	५९	माधव काफ्ले
नेपाली साहित्यका चार विशिष्ट व्यक्तित्व	७२	मुकुन्द न्यौपाने
संस्मरण/यात्रासंस्मरण		
यात्रा अलि सहज भयो खप्तडको	२८	शशी थापा पण्डित
तास	६६	विष्णुप्रसाद शर्मा पराजुली
हत्पतमा हलेसी दर्शन	७३	तारावदन श्रेष्ठ
समीक्षा/समालोचना		
शुभेच्छुको 'एक्लो यात्रा'लाई नियाल्दा	३५	अम्बिका अर्याल
नियमित स्तम्भ		
सौन्दर्यसँग साक्षात्कार	८०	नीराजन तिमल्सिना मौदगल्य

कविता/गीत/गजल/मुक्तक

मुक्तिनाथ शर्मा–७/ज्ञान उदास–१५/ त्रिभुवनचन्द्र वाग्ले– २४/ज्ञान दोङ –४०/लीलाराज दाहाल –४०/टेकनाथ दहाल –५४/रुद्र अधिकारी–५८/कृष्णदेव रिमाल–७१/विनोद नेपाल–७५ ।

साथमा सम्पादकीय, दायित्वबोध, कृतिविवरण र वेदवाणी ।

दायित्व वाङ्मय प्रतिष्ठानका आजीवन सदस्यहरू

क्र.सं.	नाम थर	फोन नं.
१	अच्युत प्र. पौडेल 'चिन्तन'	९८४१३२१९९८
२.	अर्जुन आचार्य	९८४१४५०१२३
३.	अर्जुन विरक्ति	४४८५८७८/९८५१०६५४७६
४.	अनिल कोइराला	४४२३२०९/९८४१२५०४५२
५.	अमर अधिकारी	४४६८६७७/९८४१६१७४५५
६.	अमरकुमार प्रधान	५५२८१०४/९८४१३८३३६१
७.	ऋषिराम डाँगी	९८४९२४२००३
८.	एस.पी आसा	४२७५३६५/९८४१३११६६२
९.	प्रा.कपिल लामिछाने	९८५७०२२१०९
१०.	कमलप्रसाद ज्ञवाली	४४८६२४६/९८४१२९८५१४
११.	कलाधर काफ्ले	४४९५४४४/९८४१५३५०३०
१२.	केदारप्रसाद सुवेदी	९८४५०२३८५२
१३.	केशवराज पन्त	६६३९१५४/९८४३०६९५१५
१४.	कृष्णप्रसाद बस्याल	४४६८९८३/९८४१५६४५२५
१५.	कृष्ण बाउसे	९७४१०५१४२५
१६.	कृष्ण भण्डारी 'मुमुक्षु'	९८५६०३२४७७
१७.	कृष्ण ज्ञवाली	४४२८१४७/९८५१११५१५६
१८.	खगेन्द्र खोल्साघरे	९८५१०९७२६८
१९.	खड्गबहादुर चापागाईं	९८४२४४८८००
२०.	खिमानन्द आचार्य	६६३०५६१
२१.	गङ्गा पौडेल	४८२३४०८/९८४१५४४०६१
२२.	गणेश ज्ञवाली	४६२१३८०/९८५११८८२२२
२३.	गीता केशरी	४४३२१२०/९८५११०२२०३
२४.	गुणराज काफ्ले	४४९५३८६/९८४१५७७४५३
२५.	गोकुल अधिकारी	६६३५०७३/९८४२०३०२७७
२६.	प्रा.गोपीकृष्ण शर्मा	४४२४६७६/९८४१६०३३३४
२७.	गोविन्दप्रसाद घिमिरे	४९१५२९६/९८४३२३४४५०
२८.	घनश्याम राजकर्णिकार	४४१०३९२/९८५१०६२२१८
२९.	चन्द्रकान्त आचार्य	४४७३८९६/९८५११०६३८१
३०.	डा. चन्द्रकान्त ज्ञवाली	०७८-५८०३८७
३१.	छविरमण सिलवाल	९८४१२१६३७६
३२.	जयदेवकृष्ण श्रेष्ठ	९८५१०६३२५८
३३.	जयन्ती स्पन्दन	९८४१२४८३८१
३४.	जयराम शर्मा लुईंटेल	४३१२०२२
३५.	जीवनचन्द्र कोइराला	४११०२६७/९८४१८१६७१९
३६.	जीवनपानी पोखरेल	९८४१८८९८६३
३७.	जीवराज घिमिरे	९८४१२७२२५१
३८.	प्रा.जीवलाल सापकोटा	९८५१०००४०३
३९.	टङ्क पन्त	९८५१०३६१२०
४०.	टीकाराम पन्त	९८५१००५६६६
४१.	टुमानाथ अर्याल	९८४७५३३००३
४२.	ठाकुर शर्मा भण्डारी	४४२०६१०/९८४१२४५३३१
४३.	डा. तुलसी भट्टराई	४१०८५१८/९८५१०७७३६१
४४.	तुलसीराम पाण्डेय	४८२००२९/९८४१६२८९८५
४५.	तेजबहादुर थापा	०७१-५२१७०५
४६.	देवी नेपाल	९८४१४४४१३५
४७.	देवेन्द्र अर्याल 'आँसु'	९८६९२४५८५०
४८.	नरेन्द्रराज पौडेल	९८४१६४७१८९
४९.	नारायण गोदारे	४८२२१०७/९८४११३७३९६
५०.	नारायण ज्ञवाली	५१०४६१३/९८५१०७३८०९
५१.	पुष्पलता आचार्य	४१०७७३४
५२.	प्रतापजङ्ग शाह	४४९७६१२/९८४१२७४०२५
५३.	प्रह्लाद कार्की	९८४१३९७६५४
५४.	प्रह्लाद पोखेल	४९१५२१७/९८४१५३०१९१
५५.	बालकृष्ण भट्टराई	०७१-५२०३९४
५६.	बालकृष्ण शर्मा	४४३८४४१/९८४१२५२८७९
५७.	सुश्री भद्रकुमारी घले	४४२०४६१
५८.	भागवत आचार्य	४१०८५६५/९८४१५७३१०१
५९.	डा.भागवत ढकाल	४७८१४७७/९८४१२७१२२६
६०.	भुवनहरि सिग्देल	९८५१०५९०४९
६१.	भूपेन्द्रप्रसाद पौडेल	४४८७२५८/९८४१३७६११४
६२.	भोला रेग्मी	४४३१४५४/९८५१०५१४५४
६३.	मणिराज सिंह	९८५१११८३४९
६४.	मधुसूदनप्रसाद घिमिरे	४१०७७१७/९८४९६५५९९०
६५.	ममता शर्मा नेपाल	९८४१३७०५१५
६६.	महादेव पन्थ	५५३०७८७/९८५११७५९४४
६७.	माधव घिमिरे (टङ्गाल)	४४३१५३७/९८४३२४१५२३
६८.	मित्र 'उराठी' गौतम	०८८-५२००७४
६९.	मोहन दुवाल	९८४१६३०४६५
७०.	मोहनबहादुर कायस्थ	४४७००४९/९८५१०१५०३५
७१.	मोहन सिटौला	४४८१४७६
७२.	यज्ञराज ज्ञवाली	९८५११५०७७४
७३.	यदुलाल पन्थ	९८४७०२१०४५
७४.	यादव भट्टराई	४७८३२६४/९८५१२३९००९
७५.	युवराज मैनाली	४४२०३९१/९८४१५२६६७०
७६.	युवराज शर्मा गौतम	४२३१३१७/९८४९२४१७४४
७७.	रमा सिंह	५५२५१२२
७८.	रविन्द्र आशिष शैली	९८५११६६७७५
७९.	राजेश मानन्धर	४४९७३६७/९८५१०४७०८३
८०.	रामचन्द्र बस्नेत	९८४१४१००८१
८१.	डा.रामप्रसाद दाहाल	४४९००४८/९८५१०८९६१३
८२.	रामप्रसाद पन्त	४४८६४७६/९८४१५२६०१७
८३.	डा.रामप्रसाद शर्मा	९८४७०४३१८१
८४.	रामबहादुर पहाडी	९८४१७१०७५२
८५.	रामशरण अर्याल	४१०४०५५/९८६१५८३५६२
८६.	रामेश्वरी पन्त	९८४९८९९६९९
८७.	रूद्र शर्मा 'दुःखी'	०७१-५२१७१७/९८५७०२४५१७
८८.	रूद्र ज्ञवाली	९८५७०२१०३७
८९.	रेवतीरमण पोखरेल	२१०२१०२/९८४१२६९००८
९०.	ललिता दोषी	४७८०८१६/९८४१८९०२६६
९१.	लक्ष्मी पन्त	४४८६४७६/९८४१४४६२१९
९२.	लुमडी आचार्य	९८४९४८२९३०
९३.	डा.लेखप्रसाद निरौला	९८४१३७२८०८
९४.	लोकेन्द्रबहादुर चन्द	६६३६६३९/९८०४४३५६८९
९५.	वसन्तकुमार शर्म्मा 'नेपाल'	४४८४६२९
९६.	वासुदेव उपाध्याय ढकाल	४४७२५८३
९७.	वासुदेव गुरागाइँ	९८४१६६७१४९
९८.	विजय सागर	९८४७०५५९७८
९९.	विमल खनाल	९८४१५६७७३७
१००	विष्णुबहादुर सिंह	४३७०४३२/९८५१०२१८०९
१०१	विष्णुमाया पन्त	९८५१०७४४६६
१०२	डा. विष्णुराज आत्रेय	४४७३५२५/९८४११३७४३९
१०३	विष्णु ज्ञवाली	४३८२५०३/९८५१०६००७१
१०४	शङ्करविक्रम शाह	४४११९०३
१०५	शिव क्षेत्री 'अपरिचित'	९८४१४५३३५८
१०६	शेषराज सिवाकोटी	९८४९३०१३१८
१०७	सकु थापा	९८४१३८५६१२
१०८	सुदीपभद्र खनाल	४३६२०२९
१०९	सुरेन्द्रप्रकाश उप्रेती	४४७८१८०
११०	सूब सेन	५२४४९३१/९८४१६६९०७४
१११	हरिकुमार नेपाल	४७८१४४०/९८५१०९३७६४
११२	हरिप्रसाद न्यौपाने	४७७०५२६/९८५११७०२३४
११३	हरिहरप्रदीप घिमिरे	४४८१५५४/९८४१५१९५०२
११४	हेमराज पाण्डे	६६३०७५१/९८४१८०५८७६
११५	होमशङ्कर बास्तोला	९८४१३६५७६६

आफ्नो दायित्व

■ मुक्तिनाथ शर्मा

सेता हिमचुली झर्ना, नदी, ताल तलाउले
टिल्पिल्टिल्पिल टल्केर शोभा भर्छन् अचम्मले
कसैले गर भन्दैन आफै गर्न रुचाउँछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥१॥

सिर्सिर्सिर्सिर वायुले धुलो मैलो बढार्दछ
शब्द गन्ध उडाएर यत्र तत्र पुऱ्याउँछ
पहाड वन पाखाले हरियाली सजाउँछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥२॥

लालीगुराँस वा लालुपाते मखमली फूल
आफ्नै समयमा फुल्छन् कल्ले आदेश दिन्छ र ?
वर्षा ऋतु हुँदा इन्द्र यहाँ पानी पठाउँछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥३॥

लगातार नदी झर्ना बग्छन् छल्छल कल्कल
भूमिभित्रै रसाएर मूल फुट्दछ भुल्भुल
भाले बास्छ बिहानीमा चरी ब्युँझी कराउँछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥४॥

बिहानीमा मिठो न्यानो ज्योति दिन्छन् दिवाकर
दिउँसो चर्कदै गर्छन् हिँडिदिन्छन् सरासर
साँझ अस्ताउँछन् आफै भोलि फेरि उदाउँछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥५॥

धरा बोक्छिन् सबै बोझ माटो ढुङ्गा तथा जल
थाकी बिसाउने हैनन् कर्म गर्छिन् पला पला
यो आदेश दियो कल्ले कसरी नीति बन्दछन् ?
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥६॥

आमा गर्भवती हुन्छिन् नानी जन्माउँछिन् उनी
आफ्ना स्तन चुसाएर पाल्छिन् पोस्छिन् सधैं उनी
बूढापामा सुसारे भै सेवा सन्तान गर्दछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥७॥

वनका वृक्षले आफै फल फलाउँछन् सदा
रस स्वाद घुसाएर मीठा बनाउँछन् सुधा
खाँदैनन् वृक्षले आफै अरूलाई खुवाउँछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥८॥

सिम्सिम्सिम्सिम पानीले अथवा शीतले पनि
सिञ्चन्छन् बिरुवा बीज दिन्छन् सुन्दर जीवनी
सेवा गर्नेहरू लोकसेवामा नै रमाउँछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

॥९॥

कविजी कविता लेख्छन् भव्य काव्य बनाउँछन्
पढ्छन् पाठकले काव्य, कोही काव्य पढाउँछन्
समीक्षा गर्न तम्सिन्छन् दायित्व बोध गर्दछन्
आफ्नो दायित्व सम्झेर आफैलाई लगाउँछन् ।

..!)..

●●

कथा

ठकुरी गाउँका दुई केटी

■ कन्हैया नासननी

खोलापारिको त्यो सानो बजार पुगेपछि मैले एकछिन विश्राम लिने विचार गरेँ। म निकै थाकिसकेको थिएँ र भोकाएको पनि। बजारमा दुई-चार मात्र खाजापसल थिए। भोक र थकाइ मेट्न एउटामा म पसेँ। जीवनमा मैले पहिलोचोटि आलु-चनाको तरकारीसँग फापरको रोटी खाएँ। मीठो लाग्यो, त्यसैले थपी-थपी खाएँ। तर खाना भने महँगो लाग्यो मलाई। तीन सय रुपैयाँ तिरायो।

म एउटा लामो यात्रामा थिएँ। यात्राको उद्देश्य थियो– बैतडी जिल्लाको सदरमुकाम गोठालापानीबाट दुई दिन हिँडेपछि पुगिने एउटा सानो भञ्ज्याङले ओगटेका बस्तीहरूमध्ये एक ठकुरी गाउँ नामक ठाउँमा स्वास्थचौकी खोल्नु कतिको उपयुक्त छ, त्यसको जाँचबुझ गर्ने। म स्वास्थ मन्त्रालयको योजना शाखामा काम गर्ने राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारी थिएँ। त्यो बजारसम्म पुग्दा मैले एक दिन र आधा हिँडिसकेको थिएँ। साथी कोही थिएन। मेरै शाखामा काम गर्ने साथी प्रेम काफ्लेले भ्रमणभत्ता लिइसकेको भएर पनि प्रस्थान गर्नु एक दिनअघि 'स्वास्नी बिरामी छे, घर छाड्ने स्थिति छैन' भनेर पन्छिदियो।

खाना खाइसकेपछि मेरो भोकमात्र होइन, थकाइ पनि मेटियो। पसलेसँग एकछिन कुराकानीमा अल्झिने मैले विचार गरेँ। उनीबाट मैले थोरबहुत त्यो ठाउँको जानकारी लिएँ। मैले उनलाई आफ्नो यात्राको उद्देश्य बताएँ। म पुग्नुपर्ने गाउँठाउँको उनलाई राम्रो जानकारी रहेछ। मैले सोधेँ– "साहुजीले रमेशचन्द ठकुरीलाई चिन्नुभएको छ के ?"

मेरो यो प्रश्नको जवाफमा उनले भने–"किन नचिन्नु नि, राम्रैसँग चिन्छु ? यतातिर आएको वेलामा वहाँ मकहाँ एक कप चिया नपिईकन जानुहुन्न।"

"म वहाँलाई नै भेट्न जानलागेको हूँ। स्वास्थचौकी खोल्ने पहल वहाँले नै गर्नुभएको हो।"

पसलेसँग मेरो अझै केही बेर कुराकानी गर्ने सोच थियो तर यसो भनेर उसले त्यसको अन्त्य गरिदियो– "हजुर हिँडिहाल्नुभए पनि हुन्छ। हजुर शहरतिरको मान्छे, हिँड्ने बानी नभएको हुनसक्छ। हामीजस्तालाई पनि कसेर हिँडे त्यहाँसम्म पुग्न घटीमा चार घण्टा लाग्छ। गाउँ पुग्नुअघि जङ्गलको लामो बाटो हिँड्नुपर्छ। साँझ परेपछि मानिसहरू धेरैजसो त्यो बाटो हिँड्दैनन्। फेरि अहिले जाडोयाम छ। जङ्गलको बीचमा पुगेपछि अकस्मात् हिउँ परे बाटो चिप्लो भइदिन्छ अनि अगाडि बढ्न पनि सकिँदैन, फर्केर आउन पनि सकिँदैन। जहाँ पुगेको हो, त्यहीँ रात बिताउनुपर्ने हुन्छ।"

पसलेको सल्लाह मलाई उचित लाग्यो। उनलाई पाँच पुरिया जीवनजल दिई झोला

काँधमा भिरेर म आफ्नो बाटो लागेँ। केही उकाली-ओराली पार गरेपछि पसलेले बताएको हुनुपर्ने जङ्गलको शुरूवात देखियो। बीच बाटोमा कतै अल्मलिने मेरो सोच थिएन। तर एक ठाउँमा घाँस काट्न लागेकी एउटी केटीले मलाई अल्मल्याइहाली। आँखा जुधेको मात्र के थियो, उसले सोधिहाली– "हजुरलाई कहाँ पुग्नुपर्ने हो ?"

मैले उसलाई आफ्नो गन्तव्य बताएँ। उसले पनि पसलेले भनेकै धेरैजसो कुरा भनी र अरू थपी– "साँझ पर्नै लाग्यो। साँझ परेपछि यो जङ्गलको बाटो हिँड्न मान्छे डराउँछ। बरू हजुर आज हामीकहाँ नै बास बस्नोस्। बास बसेको र खाना खाएको पैसा तिर्नुपर्दैन। हजुर र म रातभरि गफसफ गरौँला। रमाइलो हुन्छ क्या। कुरा बुझ्नुभो होला!"

"होइन, तिमीकहाँ बास बस्नुपरे फर्केर आउँदा बसुँला।" यसो भनेर मैले उम्कन खोजेँ। पछि लाग्दै उसले बास बस्दा हुने रमाइलोको मात्रा बढाउँदै लगी। 'धुत्' भनेर मैले हप्काएपछि 'बुद्धि नभएको मर्द रहेछ यो त।' भनेर उसले मेरो पिछा गर्न छाडी।

जङ्गल त्यति बाक्लो थिएन। बीच-बीचमा मान्छेको हिँड्डुल भएको पनि देखियो। स्याउला बोकेर फर्केका केही स्वास्नीमान्छेहरू पनि भेटिए। जङ्गल पार गरेर गाउँसम्म पुग्न केही गाह्रो नहुने र केही डर पनि मान्नुपर्ने कारण नदेखिएको मैले ठानेँ। सुसेल्दै आफ्नै सुरमा म अगाडि बढेँ। एउटा चिसो स्याँठको लपेटा मेरो गालामा परेपछि मलाई साँझ पर्नलागेको सङ्केत मिलेजस्तै भयो। मेरो पाइला छिटो चल्यो। बाटो हिँड्नेहरू भेटिन छाडे। एक ठाउँमा पुग्दा त्यस्तै बाटो अर्को दिशातर्फ तेर्सिएको देखेँ। त्यो बाटो केही राम्रो र सुगमजस्तो देखिएकोले लाग्नुपर्ने बाटो त्यहीँ ठानी त्यसैलाई समातेँ। तर केही बेर हिँडेपछि बाटो टुङ्गियो। नजिकै एउटा ठूलो रूख देखेँ। रूखको फेदमा सिन्दुरको गाढा टाटो थियो र रङ्गाएको धागो पनि बेरिएको थियो। रूखमा पूजा गर्ने गरिएको हुनाले बाटो त्यसैका लागि बनाइएको हुनुपर्ने मैले ठहर गरेँ। म पहिलेकै ठाउँमा पुग्ने विचारले फर्केँ तर ठाउँ फेला पार्न सकिनँ। बरू मैले अर्कै एउटा साँघुरो बाटो देखेँ। त्यही बाटो समातेर म हिँडेँ। त्यो पनि सही बाटो नहोला कि भन्ने भय मनमा व्याप्त भयो। केही बेर हिँडेपछि एक ठाउँमा पुगेर त्यो बाटो नाकजस्तो ठाडो भएको देखियो। सही बाटो त्यो पनि हुन नसक्ने मैले सम्झेँ। अब के गर्ने लौ ?

हिँउदको याम, साँझ छिटो आयो। द्रुत गतिमा पाइला चाल्दै म फर्केँ। आपतको घडी सँघारैमा आइपुगेको जस्तो मलाई आभास भयो। एक ठाउँमा एउटा सानो ओडार देखियो। स्याँस्याँ मत्थर पार्न म ओडारभित्र पसेँ र थचक्क बसेँ। दिमाग दम सिद्धिएको घडीजस्तो भयो। जङ्गलजस्तो ठाउँमा हिंस्रक जनावरहरू हुन सक्ने प्रवल संभावना हुन्छ। सायंकालीन गोधूलि लुप्त हुने घडीमा पुगिसकेको थियो। जङ्गलमै रात काट्नुपर्ने हो कि भन्ने भयले मन आक्रान्त भयो। दैवस्मरण गर्न मैले आँखा चिम्लेँ। आँखा खोल्दा मैले केही मात्र पर एउटी केटीले मलाई ट्वाल्ल हेरिरहेको देखेँ। म नराम्रोसँग तर्सेँ। त्यस्तो आपतको घडीमा कसैलाई देख्दा मन हर्षित हुनुपर्थ्यो। तर मलाई त्यस्तो बिलकुलै भएन। केटी म भएतिर बिस्तारै आई। म खुम्चिएँ। नजिकै पुग्दा मैले देखेअनुसार केटी नवयौवना थिई। राम्री भएर पनि रतिभर मोहक नदेखिने उसको अनुहार पहेँलो थियो। औँठको

ठीक मुन्तिर कालो कोठी थियो। केटीले मलाई सोधी– "तपाईंलाई कहाँ पुग्नुपर्ने हो ?"

उसको प्रश्नले मन केही त हलुका भयो। किन हो कुन्नि, उसको कुनै बदनियत हुनुनपर्ने मलाई आभास भयो। मैले जवाफ दिएँ– "नानी, मलाई पुग्नुपर्ने ठकुरी गाउँमा हो ! बाटो भुलें। अनि, नानी कहाँ जान लागेको हो ?"

"म कहीँ जानलागेको होइन। कसैले बाटो बिराएको चाल पाए मैले यसरी आएर बाटो देखाउने गरेकी छु। ठकुरी गाउँ जाने बाटो यो होइन। मेरो पछि आउनोस्। म तपाईंलाई जङ्गलको छेउसम्म पुऱ्याइदिन्छु। त्यसपछि सजिलै त्यता पुग्न सकिन्छ।" यति भनेर केटीले पाइला चाली। सशङ्कित हुँदै सावधानीपूर्वक म उसको पछि लागेँ। हामी जुन ठाउँमा मैले बाटो बिराएको थिएँ, त्यहीँ ठाउँमा आइपुग्यौँ। गाउँ जाने बाटो त अर्कै रहेछ। त्यो बाटो त्यस्तै अलि साँघुरो देखिएकोले मैले नसमातेको रहेँछु।

"नानीको घर कहाँ हो ? अनि नानीलाई पुग्नुपर्ने पनि कतै त्यतैतिर हो कि ?" मैले सोधेँ। तर मेरो यो प्रश्नको जवाफ उसले नदिएरै टारी। उसको मौनताले मलाई अर्को प्रश्न सोध्न उक्सायो। मैले अरू सोधेँ– "साँझ छिप्पिइसकेको छ। ठकुरी गाउँसम्म पुग्न अझै कति हिँड्नुपर्ला ?"

मेरो यो प्रश्नको पनि जवाफ नदिई उल्टै उसले सोधी– "त्यहाँ तपाईं कसलाई भेट्न जाँदै हुनुहुन्छ ?"

"मैले भेट्नुपर्ने मान्छेको नाम रमेशचन्द ठकुरी हो। वहाँ के नानीले चिनेको मान्छे हो ?"

अनायास उसले पाइला रोकी फनक्क फर्केर मलाई हेरी, तर बोल्न भने केही बोलिन। बरू उसले क्षणभरपछि पूर्ववत् पाइला चाली। ऊ यस्तरी छिटो हिँडिरहेकी थिई कि ऊसँग हिँड्नु सजिलो होलाजस्तो मलाई लागेन। कहिले गाउँ पुगिएलाजस्तो लागिरहेको थियो। मन आत्तिइसकेको थियो। अचानक मैले के चाल पाएँ भने ऊ नाङ्गो खुट्टा हिँडिरहेकी थिई। मैले नसोधी रहन सकिनँ– "नानीले जुत्ता लगाएको रहेनछ। के यसरी हिँड्न गाह्रो लाग्दैन ?"

"मलाई जुत्ताको कामै छैन।" उसले दिएको जवाफ यस्तो थियो। प्रायःजसो पहाडतिरका स्वस्नीमान्छेहरू जुत्ता नलगाइकनै हिँड्न अभ्यस्त भएका हुन्छन्। यो मलाई थाहा थियो। यही सम्झेर मैले आफ्नो कुतूहलता साम्य पारेँ। तर मेरो भने जुत्ता लगाएको भएर पनि खुट्टा दुखिरहेको थियो। केही बेर हिँडेपछि बल्ल जङ्गलको बाटो सिद्धियो। केही पर एउटा बाक्लो बस्ती भएको गाउँ देखियो। केही घरहरूमा बत्ती बलेको थियो।

"त्यो पर देखिने गाउँ नै ठकुरी गाउँ हो। तपाईंले भेट्नुपर्ने मान्छेको घर तीनतले छ र जस्ताको छाना छाएको छ।" यति भनेर ऊ फनक्क फर्की र हिँड्न थाली।

"अनि... अनि नानी एक्लै कता जान लागेकी ? मैले त नानीलाई पनि त्यहीँ गाउँमा जानुपर्ने हो भन्ठानेको।" विस्मित भएर मैले भनेँ।

"म यहाँसम्म मात्र आउन सक्ने भएकी छु।" हिँड्दा-हिँड्दै उसले भनी।

"पर्ख त नानी, तीन-चार पुरिया जीवनजल लिएर जाऊ !" यति भनी मैले झोलाबाट जीवनजल निकालेर हेर्दा केटीलाई देखिनँ। मैले 'नानी, नानी !' भनेर ठूलो स्वरले बोलाएँ। मैले बोलाउनु मात्र भयो। ऊ अकस्मात् त्यसरी नै बिलाई, जसरी मेरो आवाज बिलाएको थियो।

रमेशचन्दको घर पत्ता लगाउन मलाई गाह्रो भएन। केटीले दिएको हुलियाको आधारमा मैले उसको घर पत्ता लगाएँ। झ्यालबाट एक जना लोग्नेमान्छे हेरिरहेको थियो। रमेशचन्द उनी नै हुनुपर्ने मेरो अनुमान सही निक्ल्यो। मलाई देख्नेबित्तिकै उनी तल आए र अभिवादनपश्चात् सोधे– "यहाँ के स्वास्थचौकी खोल्नेसम्बन्धमा जाँचबुझ गर्न काठमाडौँबाट आउनुभएको हो ?"

मैले 'हो' भनेँ। उनले मलाई एक तला माथि बैठक कोठामा लगे। एउटा चकटी ओछ्याई मलाई बस्न अनुरोध गरी उनले भने– "म सरलाई नै पर्खेर बसेको हूँ। सर आजको दिन आउनुहुने खबर मैले सदरमुकामबाट पाइसकेको थिएँ। अहिलेसम्म पनि आइपुग्नु नभएकोले आज आउनुहुन्न होला भन्ठानेको थिएँ। खानपिन गरेर आज तपाईं मकहाँ नै बस्नोस्। भोलि गाउँठाउँ डुलाएर भेट्नुपर्ने मान्छे भेटाइदिने सबै काम म गर्छु। जाडो छ यहाँ। म मकल लिएर आउँछु।"

'सावित्री' भनेर बोलाउँदै उनी माथि गए। कोठामा म एक्लै रहेँ।

मैले कोठाको चारैतिर हेरेँ। भित्तामा टाँगिएका दुइटा तस्वीरले मेरो ध्यान आकृष्ट गरे। दुईमध्ये अर्ध कदमा खिचिएको एक एउटी केटीको थियो। लालटिनको मधुरो उज्यालोमा तस्वीरकी ती केटीको अनुहार स्पष्ट देख्न सकिन्थ्यो। तल्लो औँठमन्तिर कोठी देखेपछि त्यो तस्वीर मैले वनमा भेटेकी मेरो पथप्रदर्शक केटीको हो भन्नेमा मेरो दुविधा रहेन। अर्को तस्वीरमा त्यही केटी एक जना केटोसँग उभिएकी थिई।

भर्भराउँदो आगो भएको मकल लिएर रमेशचन्दले कोठामा प्रवेश गरेको मलाई पत्तो भएन। उनले 'यतापट्टिको तस्वीर मेरी छोरीको हो' भनेर मलाई झस्काए। उनले अरू भने– "उतापट्टिको तस्वीर छोरीको र ज्वाईंको हो। डेढ वर्षअघि छोरीले यो संसार त्यागी।"

उनले यसो भनेको सुनेर म विस्मित र हतप्रभ भएँ। कसरी पत्याउने मैले उनले भनेको ? एकछिन अवाक भइसकेपछि होसमा आएर मैले भने– "तर... तर छोरीलाई त मैले वनमा भेटेको थिएँ। मैले बाटो भुलेको थिएँ, छोरीले नै मलाई बाटो देखाएकी थिई। देखाएकी मात्र होइन, छोरीले मलाई जङ्गलको छेउसम्म पुऱ्याएकी थिई।"

विस्मित हुने पालो तब रमेशचन्दको थियो। तर विस्मयको रङ्ग उनको अनुहारबाट चाँडै बिलायो। उनले 'सावित्री' भनेर आवाज दिए। क्षणभरपछि उनीजस्तै अधवैंशे कदकी एउटी स्वास्नीमान्छे माथिबाट ओर्लेर आइन्। सावित्री उनकी पत्नी हुनुपर्ने मेरो अनुमान सही निक्ल्यो। उनले भने– "सावित्री, वहाँ काठमाडौँबाट आउनुभएको सर हुनुहुन्छ! सरले बाटो भुल्नुभएको रहेछ। जुनुले सरलाई जङ्गलको छेउसम्म ल्याएर छोडेकी रहिछ।"

भित्तातिर मुख फर्काएर सावित्री एकाएक सुँकसुँकाउन थालिन्। रमेशचन्दका आँखा पनि रसाए। मेरो हालत अर्कै थियो। मृत व्यक्तिको जिउँदो आत्मासँग साक्षात्कार भएको रहेछ मेरो। भयभीत हुनुपर्ने स्थिति नभए पनि स्वविवेक र आत्मविश्वास नगुमाउन मलाई गाह्रो भयो। मनग्ये सुँकसुँकाएर सावित्री माथि गइन्। वातावरणमा सामान्यपन आउन केही समय लाग्यो। अन्ततः कुनै अनिष्ट नभएको र नहुने पनि विश्वास साँचेर मनलाई आश्वस्त पार्न म सफल भएँ। रमेशचन्दकी मृत छोरीको अतीत थाहा पाउने जिज्ञासा ममा उत्पन्न भयो। उनलाई मैले आफ्नो जिज्ञासा सुनाएँ। तत्पर भएर नहिच्किचाइकन उनले

बताए– "जुनु मेरी एक्ली छोरी थिई। मेरो एउटा छोरा पनि छ। प्रवेशिका परीक्षाको तयारीमा जुट्न ऊ सदरमुकाम गोठालापानीमा गएको छ। घरमा अहिले हामी बूढाबूढी मात्र छौं। दुई वर्षअघि सदरमुकामको एक जना केटोसँग जुनुको विवाह भएको थियो। बिहे भएको सात महिनापछिको कुरा हो, बाबुको मुख हेर्ने पनि र एक-दुई हप्ता बस्ने पनि गरी ऊ माइत आएकी थिई। उसको जाने समय आएपछि ज्वाईंसाबले उसलाई लिन यता आइपुग्ने दिनको खबर पठाउनुभो। तर त्यो दिन साँझ पर्नलाग्दासमेत वहाँ आइपुग्नुभएन। हामी सबैको मन आँटियो। सही बाटो पत्ता लगाउन नसक्नाले वहाँ नआइपुगेको होला भन्ठानी छोरी हामीले रोक्दा-रोक्दै पनि नमानी साथ दिन वनको बाटो लागी। घरमा हामी खानासमेत नखाई तिनीहरूको बाटो हेरिरहेका थियौं। हिउँदको याम भएकोले वनमा हिउँ परेको होला कि भन्ने अर्को चिन्ता थपियो। छर्लङ्ग रात बित्यो तिनीहरूलाई पर्खँदैमा। बिहान झिसमिसे हुनुअगाडि नै हामी दुई बूढाबूढी तिनीहरूलाई खोज्न वन पस्यौं। त्यति बाक्लो नभए पनि राति वनमा हिउँ परेकै रहेछ। खोज्दै जाँदा हामीले ज्वाईंसाबलाई र छोरीलाई एउटा सानो ओडारभित्र जाडोले थरथर कामिरहेको अवस्थामा भेटायौं। हिउँले गर्दा बाटो चिप्लो भएकोले हिँड्न गाह्रो हुँदा तिनीहरूले ओडारमै रात बिताएका रहेछन्। एक-दुई पटक मात्र आएको नयाँ मान्छे,, ज्वाईंसाबले बाटो भुल्नुभएको हो नै रहेछ।"

एक छिन चुप लागेर एउटा लामो सास फेरी उनले अरू सुनाए– "हिउँ पग्लिसकेको थियो। आडभरोस दिएर दुवैलाई हामीले गाउँ पुऱ्यायौं। छोरीलाई चर्को ज्वरोले समात्यो। सरलाई थाहा भइसकेको छ, यहाँ अस्पतालको त कुरै छाडौं, एउटा स्वास्थचौकीसमेत छैन। उपचारको राम्रो व्यवस्था भएन। झारफुकले छोरीलाई निको भएन। प्रारब्धसँग कसैको जोड नचल्ने रहेछ, पाँच दिनपछि छोरीले प्राण त्यागी। त्यस वेलादेखि छोरीको आत्माले साँझपछि यता आउन बाटो भुल्नेहरूमध्ये कसै-कसैलाई त्यसरी साथ दिने गरेकी छे। यो कुरा यहाँ गाउँमा सबैलाई थाहा छ। गाउँमा सबैकी प्यारी थिई मेरी छोरी। के गर्ने, त्यसरी मर्नुपर्ने कर्ममा लेखिएको रहेछ बिचरीको। स्वास्थचौकीसम्म भएको भए उपचार हुन्थ्यो, बाँच्ली कि भन्ने आशा हुन्थ्यो। त्यसैले मैले काठमाडौं गई स्वास्थ मन्त्रालय धाई-धाई स्वास्थ्यचौकीसम्मको मात्र भए पनि व्यवस्था गरिदिन गाउँलेहरूको तर्फबाट पहल गरेको हुँ। आज सर आउनुभो। हाम्रो समस्या हल होला कि भन्ने मलाई ठूलो आशा छ।"

यति भनी रमेशचन्दले आफ्नो वर्णन सिध्याए र झोक्रिए। उनकी पत्नी आएर खाना तयार भएको खबर दिइन्। हामी बुइँगलमा गयौं। त्यहाँ एउटा कुनामा चुल्हो र सोझै अर्को कुनामा पूजाकोठा थियो। पिर्कामा बसेर मैले पस्किएको खाना खाएँ। मैले जीवनमा पहिलोपल्ट पकाएको मकैको च्याँख्ला सुकेको माछा मिसाएको मस्यौराको तरकारीसँग खाएँ। हामीले खाइसिध्याउँदासम्म रमेशचन्दकी पत्नीले तल ओर्लेर एउटा कोठामा मेरो आराम गर्ने बन्दोबस्त गरिसिध्याएकी थिइन्।

बेलुकीको दश बज्नै लागेको थियो। म निकै थाकिसकेको थिएँ, तैपनि मलाई निद्रा बोलाउन किन मन नलागेको होला ? स्मृतिपर्दामा रमेशचन्दकी मृत छोरी जुनुको आत्माले साथ दिएको दृश्य उत्रिरह्यो, उत्रिरह्यो। बिचरी जुनु !

उपकारी जुनु ! आफ्नो श्रीमान्को ज्यूज्यानको चिन्तामा आफ्नो ज्यान गुमाएकी जुनु ! फर्कंदा जङ्गलमा फेरि एकचोटि उसलाई देख्न पाए हुन्थ्यो । मैले उसलाई धन्यवाद दिनै बाँकी छ ।

"सुत्नुभएको छैन रहेछ । तकलिफ भएको होला । म बुझ्नमात्र आएको । हामी अहिले एक जना आफन्तकहाँ जाँदै छौँ । गएको बुधबार उसकी छोरी नदीमा खसेर बेपत्ता भएकी थिई । लास फेला परेन । आज राति झँाक्री लगाएर मर्नेको काँचो वायु बोलाउने भएको छ । जुनुकै साथी हो ऊ । सोझी थिई बिचरी । दुई जना गाउँकै केटीहरू र ऊ डुङ्गा चढेर नदी पार गर्न लागेका रहेछन् । ऊ एक्लै नदीमा खसी । के कसो भएर त्यसो भएको हो बुझ्न झँाक्री लगाउन लागेको हो ।" अकस्मात् कोठामा देखा परेर रमेशचन्दले भने ।

झँाक्री लगाएर कतै-कतै गाउँमा काँचो वायु बोलाउने चलन अझै छ भन्ने मैले सुनेको थिएँ तर प्रत्यक्ष आफ्नै आँखाले देख्ने मौका मैले तबसम्म पाएको थिइनँ । त्यस्तो चमत्कार हेर्ने अकस्मात् आएको मौका गुमाउन मैले चाहिनँ र मलाई पनि सँगै लान रमेशचन्दलाई आग्रह गरेँ । उनले सहर्ष मेरो आग्रह स्वीकार गरे । केही बेर हिँडेपछि हामी झँाक्री लगाउने घरमा पुग्यौँ । चाहिने बन्दोबस्त छिँडीमा गरेको रहेछ । एउटा सानो पाल्चामा तोरीको तेल हालेर बालेको बत्तीको उज्यालोमा मैले त्यहाँ बीस जनाजति मान्छे गुचमुच्च एकै ठाउँमा बसिरहेको देखेँ । अगाडि बसेका दुई जनाले उठेर पछाडि बस्न गई हामीलाई ठाउँ दिए । केही मात्र पर हाम्रो सामुने खुला ठाउँमा पलेँटी कसेर बसेका झँाक्रीले आफ्नो काम थालिसकेको थियो । हामी पुग्दा पूजा इत्यादि प्रारम्भिक काम उनले गरिसकेको बुझिन्थ्यो । मन्त्रोच्चारण गर्दै उनले बीच-बीचमा सालधूपको धूलो बत्तीमा फल्ने गर्दा त्यो ठाउँ एकछिन झलमल्ल उज्यालो हुन्थ्यो । त्यसो गर्न छाडेको केही बेरपछि उनी मन्द-मन्द काँप्न थाले । अघिदेखि ठटाइरहेको ढ्याङ्ग्रो उनले भुँइमा राखे ।

म साँस रोकेर उनको कृयाकलाप हेरिरहेको थिएँ । मैले हेर्दा-हेर्दै उनको कम्पन एक्कासि डरलाग्दो पाराले बढ्यो । पलेँटी कसेर बसेकै अवस्थाको उनको जीउ जमिन छाडी बुर्लुक्क माथि उठ्थ्यो र थचारिन्थ्यो । पन्ध्र मिनेटजति यो क्रम जारी रह्यो । त्यसपछि उनको कम्पन शुरूमा जस्तै मन्द गतिमा ओर्ल्यो । एकाएक उनका आँखा चम्किए । उनले बक्न शुरू गरे– "बा, आमा, ठूलो बा, ठूली आमा, काका, काकी, दाइहरू भाइहरू, दिदीहरू, बहिनीहरू, साथीहरू म विमला बोलेकी हुँ ! तपाईंहरूले किन मलाई बोलाउनुभएको हो र मैले के बताउनुपर्‍यो भन्नुहोला ?"

हामीसँगै एक जना वयोवृद्ध व्यक्ति बसिरहेका थिए । उनी त्यस्तो विषयमा त्यहाँ भएकाहरूमध्ये सबैभन्दा अनुभवी र जानिफकार हुनुपर्थ्यो । उनले भने– "नानी विमला, तिमीले हामी सबैलाई छाडेर गयौ ! हामी बहुतै शोकमा छौँ ! तिमीले के कसरी प्राण त्याग गर्नुपर्‍यो, त्यो हामीलाई सुन्ने इच्छा भयो । नानीलाई हामीले त्यसैले बोलाएका हौँ ।"

अचानक झँाक्री रुन थाले । रुँदै उनले बक्न थाले– "मेरा दुई साथीहरू सुन्तली, मखमली र म नदी पार गर्न डुङ्गामा बसेर गइरहेका थियौँ । मखमली एक छेउमा बसेर डुङ्गा खियाइरहेकी थिई । सुन्तली बीचमा थिई । म अर्को छेउमा थिएँ । बीचमा पुग्दा पानीको भेल थामिनसक्नु भयो । डुङ्गा नराम्रोसँग हल्लियो । हामीले डुङ्गा वारी नै ल्याउन खोज्यौँ । हामीले त्यसो नगरेको भए हुन्थ्यो । डुङ्गा फनक्क घुम्यो । उछिट्टिएर

म खसैं। मखमली र सुन्तली चिच्याएको मैले सुनें। नदीको भेलले मलाई बगाएर लग्यो। मैले सकेसम्म पौडेर किनार लाग्न खोजेकी थिएँ। तर मेरो केही लागेन। म एउटा भुमरीमा फसैं। म उत्रने, डुब्ने भइरहेकी थिएँ, एउटा अजङको नागले मलाई तानेर पानीभित्र लगी डुबाएको डुबाएकै गऱ्यो।"

यति भनिसकेपछि झाँक्री फेरि रुन थाल्यो। त्यहाँ भएकाहरूमध्ये धेरैजसो नै रोएको सुनिन्थ्यो। स्तब्ध, हतप्रभ र विस्मित भएर म विश्वास गर्न गाह्रो त्यहाँको कौतूहलमय दृश्य हेरिरहेको थिएँ। मलाई आश्चर्य लागेको केमा पनि भने झाँक्रीको स्वर केटीमान्छेको जस्तो हुनपुग्यो। अघि मन्त्र फलाक्दा उसको स्वर लोग्नेमान्छेकै थियो। झाँक्रीले अरू बक्न थाल्यो– "नागले मेरो बायाँ आँखा निकालेर खायो। एउटा अर्को नाग पनि आयो। दुइटैले मेरो मासु लुछ्दै खान थाले। मेरो होस हरायो। म मरिसकेकी रहिछुँ। मखमली र सुन्तलीको केही कसुर छैन। चिच्याएर तिनीहरूले 'मान्छे बगाएर लग्यो, गुहार!' भनेको मैले सुनेकी हुँ। बचाउ गर्न कोही आएन, क्यारे! मेरो कर्ममै त्यसरी मर्नुपर्ने लेखेको रहेछ। दोष कसैको छैन। अब म जान्छु। धेरै बेर बसिरहने मेरो शक्ति छैन। म मर्नुपर्ने मरिहालें। शोकसुर्ता कसैले नलिनुहोला। बहिनी कमला हुर्किसकेकी छँदै छे। आमाको सन्दुकमुनि मैले कपडाको थैलीमा राखेर अलिकति पैसा र एउटा मुन्द्री लुकाएर राखेकी छु। अर्को मुन्द्री त हराइहाल्यो। ती सबै कमलालाई भयो। म जान्छु।"

सबै चलमलाउन थाले। झाँक्री बिस्तारै सामान्य अवस्थामा फर्के। उनी अशक्त र शिथिल भएको प्रतीत हुन्थ्यो। एकाएक उनी भुइँमा लडे। एक जनाले झट्ट उठाएर उनलाई आड दिएर समातिराखे। एकछिन अरू बसेर रमेशचन्द, उनकी पत्नी र म फर्क्यौं।

मैले दुई दिनमा आफ्नो काम सिध्याएँ। रमेशचन्दको सहयोगमा मैलै त्यो भेगमा भेट्नुपर्ने मान्छे सबै भेटें। एउटा सानो भेला पनि गरें। स्वास्थचौकीका लागि ठाउँ र भवनको बन्दोबस्त गर्ने जिम्मा सहर्ष तिनीहरूले लिए। चाँडो स्वास्थचौकी खोल्न आवश्यक औपचारिकता र बन्दोबस्त स्वास्थ मन्त्रालयमार्फत् पूरा गराउने जिम्मा मैले लिएँ। एकाबिहानै प्रस्थान गरी पारि बजारसम्म पुऱ्याउने जिम्मा रमेशचन्दले लिए। केही दिनपछि नै कामको प्रगति बुझ्न काठमाडौं आउने बाचा गरेर उनी त्यही दिन फर्के। म दुई दिन हिँडेर सदरमुकाम पुगें र त्यहाँदेखि बसको सफर गरेर काठमाडौं पुगें।

मेरो यात्रावर्णन धेरैलाई अपत्यारिलो लाग्यो। एक्काइसौं शताब्दीको चरम भौतिक दुनियाँमा एउटा अर्कै दुनियाँको अस्तित्व अस्वीकार्य सम्झने मजस्तो मान्छे जब आफै भुक्तभोगी भएँ तब मेरो विश्वास मात्र होइन, स्वभावमै परिवर्तन आयो। अरूको त कुरै छाडौं, आफ्नै श्रीमतीले समेत पत्याइन मैले भनेको। तर उसले मलाई एउटा प्रश्न भने सोधी– "झाँक्रीको जिउमा प्रवेश गरेर बक्ने केटीको आत्माले 'सन्दुकमुनि थैलीमा राखी केही पैसा र एउटा मुन्द्री लुकाएर राखेकी छु।' भनेको थियो रे! के त्यो साँचो रहेछ?"

म झसङ्ग भएँ। साँच्चै मैले त्यो बुझ्नै पर्ने थियो। कस्तो बिर्सेको मैले! यदि त्यो साँचो हो भने मृत केटीको आत्माले झाँक्रीको जीउमा प्रवेश गरेर बकेकै हो भन्ने प्रमाणित हुन्थ्यो। सन्दुकमुनि थैली लुकाएर राखेको छ भन्ने झाँक्रीलाई थाहा भएको त अवश्य थिएन होला। गाउँमा मैले अरू दुई दिन बिताएको थिएँ। चुकेकै हुँ म।

छिटोभन्दा छिटो यो कुरा थाहा पाउन म आतुर भएँ। तर कसरी ? रमेशचन्दको घरमा मात्र होइन, त्यतातिर कसैको घरमा पनि टेलिफोन छैन। त्यो मैले थाहा पाइसकेको थिएँ। पारि बजारसम्म पनि टेलिफोनको लाइन विस्तार भएको छजस्तो मलाई लाग्दैन। यो स्थितिमा मैले गर्नसक्ने एउटै काम थियो– रमेशचन्दको आगमनको प्रतीक्षा। त्यो मैले उत्सुकतापूर्वक गरेँ।

केही दिनपछि नै स्वास्थ्यचौकी खोल्ने योजनामा भएको प्रगति बुझ्न काठमाडौँ आउँछु भन्ने मान्छे, दुई महिनापछि बल्ल आए रमेशचन्द। मैले उनलाई हालसम्म भएको प्रगतिको विस्तृत विवरण दिएँ। त्यसपछि मैले उनलाई मेरी श्रीमतीले मलाई सोधेको प्रश्न सोधेँ।

"हो रहेछ। अर्को दिन बिहान मरेकी केटीकी बहिनीले सन्दुकमुनि थैली भेटाई। थैलीमा दुई सय रुपैयाँजतिको खुद्रा नोट र एउटा सुनको मुन्द्री रहेछ।" उनले जवाफ दिए।

ooo

आश्चर्य ! हिजो-आज मानिसहरू किन मलाई दिमाग बिग्रेको भन्ठान्छन् ? जागिरबाट पनि मलाई अवकाश लिन लगाए। बहुलाइसके क्यारे सबै !

***

केही ताङ्काहरू

■ ज्ञान उदास

भ्रष्ट्र देशका
हामी निमुखा निर्धा
थुक्क जनता,
मन्त्रीहरूको अर्ती
नेताहरूको फूर्ती

बिकिरहेछौँ
नेता डुक्रिरहेछ
थुक्क नेपाली,
उखान मात्रै सुन्ने ?
कि, खाली पेट भर्ने ?

स्याउ भैँ गाला
हिजोका भोकाहरू
थुक्क झ्याउरे,
सधैँ भाँडा माझ्ने कि ?
तिनकै गोडा मोल्ने ?

खोज्न नसक्ने
जनता ठगिएको
थुक्क कातर,
छोरीको बलात्कार
ज्वाईं अपहरण।

तिमी हामी त
उनीहरूका हली
थुक्क जोताहा,
बाली पनी उनैको
जीउ-ज्यान उनैको।

बोल्न नसक्ने
दूधमा सफा पानी
थुक्क लाचारी,
कर्मचारी लोमुते
प्रहरी चैँ रमिते ।

देखेको पनि
देखाउन नसक्ने
थुक्क अघोरी,
न्यायालय केलाई ?
सुरक्षा साछी मात्र।

उनीहरूकै
निगाहामा बाँच्ने त ?
थुक्क नामर्ध,
सास उनीहरूकै
आस उनीहरूमै।

***

दूरसञ्चार सेवाको प्रयोग सम्वन्धमा बुझिराख्नु पर्ने केही कुराहरू

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्कैले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरूमा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाइएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔँ, साथै नियमानुसार नामसारी गरेर मात्र अरूलाई प्रयोग गर्न दिने बानी बसालौँ ।
- अनधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनतः दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरूले प्रदान गरेको सेवा मात्र प्रयोग गर्नेतर्फ सजग होऔँ ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिऊँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिऊँ।
- तपाईंले खरिद गर्न लाग्नुभएको प्रि-पेड मोवाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनुहोस् र पछि आइपर्ने झन्झटबाट मुक्त हुनुहोस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरूले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनुहोला, जसको कारणले तपाईंको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुने छ ।

नेपाल दूरसञ्चार प्राधिकरण
कमलादी, काठमाडौं, नेपाल
फोन नं.९७७-१-४२५५४७४
फ्याक्सः ९७७-१-४२५५२५०, पो.ब.नं.: ९७५४
ई-मेलः ntra@nta.gov.np
वेभसाइटः www.nta.gov.np

कथा

मात चढेको राजनीति

■ डा. विश्वदीप अधिकारी

तपाईं प्रधानमन्त्री भएको महिनौं भइसक्दा पनि तपाईंले मन्त्रिपरिषद् गठन गर्न सक्नुभएन नि ।

भइहाल्छ । अब छिटै भइहाल्छ । तपाईंहरूले थाहा पाइहाल्नुहुन्छ ।

तपाईंले सपथ खाँदा त तुरुन्तै हुन्छ भन्नुहुन्थ्यो । अब रङ्ग बदलेर यो छिट्टै भन्न थाल्नुभएको पनि धेरै दिन पो भयो त ।

होइन रङ्ग बदलेको होइन । अब छिट्टै भइहाल्छ । तपाईंहरू ढुक्कहुनुहोस् ।

यसको रिमोट कहाँ छ ?

रिमोट म नै हुँ ।

तपाईं नै रिमोट भए देशमा भइरहेका मन्त्रालय त बढ्ता छन् तपाईं तिनलाई घटाउनुको सट्टा बढाएर मन्त्री सङ्ख्या बढाउन लाग्नुभएको छ नि त ?

राजनीतिमा यस्तो तलवितल भइरहन्छ । यो कुनै ठूलो कुरो होइन । ठूलो कुरो त देश बनाउने हो, त्यो हामी गरिहाल्छौं ।

होइन, तपाईं यसरी जनतालाई ढाँट्ने अलमलाउने गर्न पाउनुहुन्न । यथार्थ कुरा भन्नुस् तपाईंको रिमोट कहाँ छ ? हामीले पनि पत्रकारिता गरेको धेरै भयो, जुँगा हल्लेपछि कुरा बुझी हाल्छौं ।

त्यस्तो रिमोटसिमोट त केही होइन तर पनि महाराजगन्ज, दिल्ली, वासिङ्टनसँग त टनका टन कुरा भइरहन्छ नि ।

तपाईंहरूको यो अनुत्तरदायी चालाले देशको काम त ठप्पै भयो नि !

होइन भएको छैन । कर्मचारीहरूले काम गरिरहेका छन् । हामी काम गरिरहेका छौं ।

खै कहाँ के काम भएको छ ? जताततै लथालिङ्ग भताभुङ्ग छ ।

तपाईंहरू त्यतैतिर लागेर मात्र त्यस्तो देखिएको हो । वास्तवमा काम भएकोतिरको कुरा पनि प्रचारप्रसार गरिदिनु भए राम्रो हुने थियो ।

यो संसद् अधिवेशन चाहिँ कहिले अन्त्य हुन्छ नि ?

हामीले नै भद्र अवज्ञा गर्न सिकाइदिएको हो । उहाँहरू थाकेर बस्नुभएपछि हामी अन्त्य गरिदिउँला । खासै भन्ने हो भने उहाँहरू हामीहरू कसैलाई पनि यो संसद् चाहिएकै छैन । योग्यले चुनाव जित्दैनन् अनि म जस्ता जनअधिकार नभएका हार्नेलाई मन्त्री प्रधानमन्त्री नबनाइहुँदैन । संसद्मा हल्ला भइरहोस् न के बिग्रेको छ र ! देश त सरकारले बनाउने हो हामी बनाइहाल्छौं । ल है अरू पछि अहिले मिटिङमा जान हतार भयो । टेलिभिजन पुगेर कुरिरहेको छ रे !

जेठको प्रचण्ड गर्मीमा सूर्यास्तपछि आँपको बोटमुनि एक झुन्ड भएर गफ गरिरहेका मानिसहरूमध्ये रामलखनले मोवाइलबाट बजेको एफएमको खबर सबैले सुनेपछि उसले मोवाइलको एफ एम रेडियो बन्द गऱ्यो ।

"रामलखन एफ एम खोल न किन बन्द गरेको ? अरू केके भन्छ त्यो पनि सुनौं न" भरतले उत्सुकता देखाउँदै भन्यो ।

"के सुन्नु यस्तो लाजमर्दो कुरा! फोहोर गर्नेलाई भन्दा देख्नेलाई लाज। फेरि हामीलाई हर्ष न विस्मात्। जो मन्त्री भए पनि आफैले किस्मत नगरी हाम्रो मुखमा माड लाग्दैन। त्यसैले बन्द गरिदिएको।"

भर्खरै आएर उनीहरूको छेवैमा हरियो मकैलाई आगोमा पिल्साउँदै काखे बालकलाई एक लाम्टो दूध चुसाउँदै गरेकी हरियाले भनी "के कुरा गरेको रामलखन ?"

"हाम्रो यति सानो देशमा पचासौं जनाले मन्त्रीको जागिर पाउन आँटेछन् भनेको। यसै त फोहोरको थुप्रो चुलिएर रास भइसक्यो, त्यसमाथि यिनीहरूले अब कति दुर्गन्ध थप्ने हुन्।"

"आगामा मकै पिल्साउँदा पिल्साउँदा आफू पनि यही रापमा पिल्सन आँटिसकैं। छोरो पनि यसैमा पिल्सिरहेछ। यही काँचा मकै, यिनै आगो र धुवाँमा बिलाइने भइयो। काठमाडौं गएर धर्ना दिएको भए मैले पनि कतै मन्त्रीको जागिर पाउँथे कि ! कमसेकम अलिकति सुविस्ता त हुन्थ्यो।"

"जाऊजाऊ हरिया, मौकाको फाइदा उठाऊ। तिम्रो त कमसेकम आगोको भुङ्गो बनाएर मकै पोल्ने त सीप छ। विनासीपका चुनाव हारेका मान्छे त मन्त्री भइरहेछन् धमाधम। यसैबाट नै तिम्रो लागि पनि बाटो खुलिहाल्यो नि।" रामलखनले भन्यो।

आगोको रापले रातो भएको मुखमा सेता दाँत देखाएर हरिया हाँस्दा साच्चै देश भनेको हरिया पो जस्तो लाग्यो रामलखनलाई– एकदम स्निग्ध। निष्कलङ्क। अन्जान।

कुरैकुरामा सबै हरियासँग एक एक घोगा पोलेको मकै किनेर चपाउँदै गोलबन्द भएर बसे। सबैको मनमा देश कता गइरहेछ भन्ने छटपट छँदै थियो। त्यसबाहेक आफूले समर्थन गर्ने गरेको दलको हैसियत के हुन्छ भन्ने उत्सुकता पनि थियो उनीहरूमा। किन त भने उनीहरू देशबारे सोच्दा मनमनै आफ्नो दलको लाइन देश हिँडेको बाटोतिर मिले नमिलेको पनि गम्ने गर्दथे। सबैजना आफू आफ्नो दल र देशको चक्करमा अल्झिएका थिए।

यत्तिकैमा गौरवले भन्यो "हाम्रो भविष्य त झन् झन् अन्धकार पो हुँदै गइरहेछ वा! देशमा के के न होला भनेर दलको पछि लागेर मुर्दावाद जिन्दावाद गर्दै हिँडेको त बेकार पो भएछ। त्यो समय देश बुझ्न खर्चेको भए कतै देश यो भुँवरीमा पर्ने थिएन कि !"

"किन र के भयो गौरव" सतीशले सोध्यो।

"के हुनु नि, देखेनौ हाम्रो प्रतिनिधि आफू र पद भनेर दौडेका राजधानीमा। हामीले दिनरात दल र देश भनेर दौडादौड गरेको त उनीहरूलाई हाइसन्चो गर्न पो रहेछ त। धिक्कार छ यिनीहरूलाई।"

"राजनीतिमा यस्तो भइहाल्छ नि छाडिदेऊ। सकुन्जेल खान दिऊँ यिनीहरूलाई। नबोलीकन चामल पनि बिक्दैन अनि के गरून् बबुराहरू" सतीशले भन्यो।

"अनि चुनावमा त देश बनाउने भनेर भोट मागेका थिए नि त! हामी पकाइरहने उनीहरू खाइरहने यही हो त प्रजातन्त्र भनेको ?" हरियाले भनी।

"आफै बन्ने भनेर भोट मागेका भए त कसले भोट दिन्थ्यो र उनीहरूलाई। राजनीति भनेकै भ्रम हो। मायाजाल हो क्या हरिया। हामी सँगै मीठा

कुरा गरेर हाम्रै खुट्टा काट्छन् यिनीहरू। यी त दयामाया नभएका निरङ्कुश हुन्छन्" सतीशले भन्यो।

"मायाजाल भनेपछि त मैलेजस्तै बच्चा पाउनुपर्ने नि त! पायो त राजनीतिले बच्चा ?" हरियाले बत्तीस दाँत डिचिक्क पार्दै भनी।

"यो विकासे हो थारो हुन्छ। ओथारो बस्न जान्दैन। यसैले हाम्रो राजनीतिले बच्चा पाउँदैन। ब्वाइलर कुखुराले जस्तै आफैमात्र गमगमी खाएर बोसो हाल्छ। मौकापर्दा यिनीहरूले हामीलाई नै बेचिसकेका हुन्छन्, जुन हामी थाहा नै पाउँदैनौँ" गौरवले यसो भनेको सुनेर सबै गफेहरू गलल हाँसे।

तर गौरव भने हाँसेन। जनआन्दोलनको मर्मलाई भुसुक्क बिर्सेर किलामा झुन्ड्याएर कोटको खल्तीबाट मनपरी चिट झिकेर राजनीतिक बेइमानहरूले गर्ने गरेको ज्यादती र जनविरोधी कार्यले गर्दा उसले त चारैतिर अन्धकार मात्र देखिरहेको थियो। कतै पिलपिल बत्ती बलेको अनुभूतिसम्म हुने गरेको थिएन उसलाई। संविधान बनाउने संविधानसभामा विपक्ष हुँदैन भन्ने भावनालाई आत्मसात् गरेर बनेको अन्तरिम संविधानलाई संशोधन गरेर विपक्ष हुने प्रावधान राख्ने हरुवाहरूको प्रवृत्तिले राजनीतिलाई भताभुङ्ग पारेर आफ्नो दुहुनो सोझ्याउन सबै लागेको देखेर गाउँमा सुनेको एउटा कथा सम्झ्यो उसले। बराबर भाग लगाई अलग भएर छुट्टिएका दुई भाइ आ-आफ्नो व्यवहार गरी बसिरहेको अवस्थामा भाइ चाहिँको एक हल गोरुमध्ये एउटा मऱ्यो। त्यसपछि दाइको भन्दा भाइको सम्पत्ति कम हुन गयो। यसैले आफूलाई गोरु मरेकोमा सहानुभूति दिन आउनेलाई उसले भन्यो "मेरो दाइसँग भएको एक हल गोरुमध्ये एउटा मारेर सहयोग गरिदिनुपऱ्यो। किन त्यसो गर्ने भन्दा उसले भन्यो– त्यसपछि पो हामी दुई भाइको सम्पत्ति बराबर हुन्छ त"।

गौरव टोलाएको देखेर रामलखनले "के टोलाएको के भयो" भनेपछि उसले आफूले सम्झेको कथा उनीहरूलाई पनि सुनायो।

"यो जताततै चम्केको ढुङ्गा हानाहान, नाराजुलुस सबै अरू टाठाबाठालाई राष्ट्रपति प्रधानमन्त्री, मन्त्री बनाउन पो रहेछ" सतीशले भन्यो।

"त्यै त रहेछ नि। राष्ट्रपतिले पनि आफूलाई अधिकार नहुँदानहुँदै आफ्नो जागिर जाला भनेर महारथीको जागिर जोगाइदिएको त हो नि! आफ्नो हितको लागि पदमा पुगेकाहरूले जे गरे पनि हुने छुट छ अहिले हाम्रो देशमा" गौरवले भन्यो।

"अनि माथि-माथिको पदमा झन् संस्कार, अनुशासन, इज्जत हुन्छ भनेको होइन त ?" हरियाले पोल्न हालेको मकै फर्काएर आगो भर्भराउँदै भनी।

"त्यो त तिमी हामीसँग भोट माग्दा तावेदारहरूले बोल्ने भाषा पो हो त। हामी मतदाताकहाँबाट माछो उछिट्टिएर गएपछि कहिले भ्यागुतोको धार्नी पुग्दैन। कहिले धमिलो पानीमा माछा मार्ने काम हुन्छ। कहिले आधारातमा निर्णय गर्ने काम हुन्छ। यी सब कुरा हामीहरूको हितविरोधी कार्य हुन्" सतीशले भन्यो।

"उहिलेदेखि नै मुख्य सचिव सिंहदरबारको बगैंचाबाट फलफूल चोरेर घर लैजाने र मन्त्री प्रधानमन्त्रीहरू सरकारले गर्ने निर्णयबाट प्रभावित हुने आफ्ना मान्छेलाई बाहेक गरेर बचाउने काममा लागेको भएर नै नानीदेखि लागेको बानी कसैको पनि गएको छैन, सबैको उस्तै छ" रामलखनले भन्यो।

"हो अहिले पनि कसैका छोरी कुक्कुरका छाउरा क्वाइँ क्वाइँ कराएजस्तै कराइरहेछन्। कसैका तावेदार खाँवा कोपर्दै छन्। कसैका छोरा भुतभुताएर हिँडेका छन्। कसैलाई पद चाहिएको छ। कसैलाई सम्पत्ति बचाउनुपरेको छ। मामाको घोडी मेरो हिँहिँ गर्न छाडेर देशरूपी समुद्रमा पौडी खलेर आफ्नो अस्तित्व दाउमा लगाउने काम बिनसित्तिमा को गर्थ्यो" गौरवले भन्यो।

"यो चालाले त लडाइँ हारेका सिपाही नै बलियाजस्ता देखिए नि त" हरियाले मकलमा भरिएको खरानी फु गरेर फुकेर उडाउँदै भनी।

"बुझ्यौ हरिया तिमीले एकछिन अघि मकै पोल्न छाडेपछि मकलको आगोमाथि खरानी परेका थिए झपक्क भएर होइन त! अहिले तिमीले फुर्र फुक्दा सबै खरानी हल्कासँग उडेर गए। तर खरानीमुनि त आगो रातामयै देखियो नि! यस्तै छ अहिले हाम्रो देशको स्थिति। अर्थात् यही भुङ्ग्रोमाथि बसेका छौँ हामी अहिले" गौरवले भन्यो।

"त्यो कसरी" मकै बेचेको पैसा गनेर पोल्टामा थन्काउँदै उसले फेरि भनी।

"तिमीले अहिले मकै पोलिसकेपछि भएको फोहोर कतै निश्चित ठाउँमा नफालेर यहीँ यसै छाडिदिन्छ्यौ। हामीहरू पनि खाएको मकैको घोगा यहीँ यत्रतत्र फालेर जाँदैछौँ। सबैले फोहोर गर्नमात्र जानेको छ। त्यसैगरी राजनीति गर्नेहरूको पनि बुद्धि यस्तै छ। त्यसैले नि" सतीशले भन्यो।

"राजनीतिमा मात चढेपछि यस्तै हुनेगर्छ हरिया। उत्ताउलाजति नमासिइकन वास्तवमा हामीले केन्द्रको समाचार सुन्नु बेकार छ। यिनीहरूको हथकन्डा देखेर बेकारमा मनमा अनेकौँ झञ्झावात् मात्र आउँछ। रगत मात्र उम्लन खोज्छ। बहुलाएर जिन्दावाद! मुर्दावाद! भन्दै उनीहरूले जस्तो सडक जाम गरूँ भने भएन" गौरवले भन्यो।

"सडक जाम त अब अवैध गर्भधारण गर्दा पनि गर्न पाइने भएछ नि– लोग्ने कायम गराई पाऊँ भनी। मैले त अस्ति भर्खर नुवाकोटको समाचार पढेर यो कुरा थाहा पाएको" रामलखनले भन्यो।

रातको करीब दश बज्न थालिसकेकोले सबै जना खितित्त हाँसेर छितरिए।

३३ शास्त्रीमार्ग मैतिदेवी काठमाडौँ

दायित्व बोल्छ !

- दायित्वमा रचना पठाउँदा ईमेल मार्फत् प्रीति फन्टमा टाइप गरी पठाइदिनुहुन,
- दायित्वमा प्रेषित रचनाहरू सूचना नगरी अन्यत्र दिएमा त्यस्ता लेखकको नाम कालोसूचीमा राखिने व्यहोरा अवगत गर्नुहुन,
- दायित्वका लागि फोटो नपठाएका स्रष्टाहरूले एक प्रति अटोसाइजको फोटो समेत पठाउनु हुन,
- कृति परिचय गराउन चाहने महानुभावहरूले परिचयात्मक लेख र एक प्रति किताब वा दुई/दुई प्रति कृति उपलब्ध गराउनु हुन,
- दायित्वलाई सुपाठ्य एवं सर्वप्रिय बनाउनका लागि विविध विधाहरूका लेख रचनाहरू पठाई सहयोग गर्नुहुन,
- दायित्वमा अत्यधिक मात्रामा लामा र बहुसङ्ख्यक समीक्षाहरू आउने गरेकाले हामीले स्थान दिन सकिरहेका छैनौँ। यसतर्फ समीक्षकहरूको ध्यानाकर्षण हुन,
- लेख रचनामा प्रकाशित विषयवस्तु तथा तथ्याङ्कहरूको सम्पूर्ण उत्तरदायित्व सम्पादक एवं प्रकाशकमा नरही स्वयं लेखकमा रहने व्यहोरा समेत अवगत गर्नुहुन अनुरोध छ।

निबन्ध

निद्राको मन्त्रोच्चारण–तमसो मा ज्योतिर्गमय

■ जीवनाथ धमला

बिहानको सूर्योदयले पृथ्वीवासीलाई निद्राबाट ब्युँझाउँछ। सूर्योदय ज्योति हो, प्रकाश हो, अँध्यारोविरुद्धको। सूर्योदय जागृति-सूचक हो निद्राविरुद्धको, सूर्योदय दृष्टि हो शून्यताविरुद्धको। पृथ्वीवासी सम्पूर्ण प्राणीमात्रका लागि सूर्योदयको अन्त्यहीन वरदान प्राप्त छ। सूर्य, तारामण्डल, पृथ्वी र जीवजगत् सबै प्रकृति हुन्। जाग्रत मनुष्यले प्रकृतिलाई परिभाषित गर्दै आएको छ, रहस्यहरू खोतल्दै आएको छ आदिकालदेखि नै। ऊ गहिराइमा डुब्दै गएको छ, गहिराइ अनन्त छ। ऊ उचाइतिर अग्लिँदै गएको छ, उचाइ पनि अन्तहीन छ, अर्थात् ज्ञानप्राप्तिको सीमा छैन। एउटा मीठो तृष्णा, ज्ञानप्राप्तिको तृष्णा मेटिएन कहिल्यै, तृष्णा पनि अन्त्यहीन रह्यो मनुष्यका लागि। ज्ञानप्राप्तिको अतृप्ततताबोध गर्दै जाग्रत मनुष्यले आह्वान गर्न थाल्यो– 'असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय।' अर्थात्, मनुष्य असत्यबाट सत्यको मार्गमा यात्रा गराऊ, अज्ञानरूपी अन्धकारबाट ज्ञानरूपी उज्यालोतर्फ लैजाऊ र मरणशीलताबाट अमरत्वतर्फ लाग्न प्रेरित गर भन्दै प्रार्थना गर्न थाल्यो। प्राचीन चिन्तक, दार्शनिकरुको यस आह्वानसूक्तको परिपूर्णता अर्थात् प्राप्ति कहिले भइसक्ला! उनीहरू असत्य, अज्ञानता र मरणशीलतारूपी निद्राबाटै मुक्ति चाहन्थे र त्यसकै मार्गमा हिँड्नका निम्ति बाँकी मनुष्यजातिलाई सार्वकालिक आह्वान गरे। पूर्वीय ज्ञानका अधिष्ठाता ती ऋषिमुनिहरू धन्य हुन्, जसले प्रथमतः संसारलाई उज्यालोको खोजी गर्न प्रेरित गरे, जो अन्धकारविरुद्धका चैतन्यद्रष्टा बने, जो निद्रामुक्त रहे र संसारलाई निद्रामुक्तिको शाश्वत मार्ग देखाइदिए। संस्कृत वाङ्मयका प्राचीन अभिलेखहरू, वेद, उपनिषद्, पुराण, गीता आदि सबै निद्रितलाई जाग्रत गराउने उद्देश्यका साथ लेखिए। ती ज्ञानका सूर्योदय हुन्, जसले मानव हृदयलाई ब्युँझाए, ब्युँझाउन प्रेरित गरे।

आधुनिक मानव इतिहासका ज्ञाता मानवमध्ये निद्राविरोधी प्रथम महामानव थिए, सिद्धार्थ गौतम। बाँकी संसार निदाइरहेको थियो, उनले पहिले स्वयंलाई जगाए, अनि अरूलाई जगाउँदै हिँडे। अरूलाई निद्रामुक्त गराउने क्रममा उनले मानव संस्कार, ज्ञान आचरण, बुद्धि, विवेक सिकाए। त्यसले बुद्धधर्मको रूप लियो। यस्तै आदि शङ्कराचार्यले पनि अरूलाई ब्युँझन प्रेरित गरे। कन्फ्युसियस, ईशा, महम्मद, महावीर आदि महामानवहरूले पनि निद्रामुक्तिकै मार्गहरू पहिल्याए। उनीहरूका विचार, लक्ष्य, यात्रा र गन्तव्य एउटै मात्र थियो– असतो मा सद्गमय...।

निद्राको शारीरिक वा जैविक आवश्यकताको बोध र अर्थ त सबैलाई थाहा छ तर यसको अन्तरनिहित प्रतीकात्मक अर्थ भने मानिसको चैतन्यसँग गाँसिएको छ। प्रतीकात्मक अर्थमा निद्राले अज्ञानता, आलस्य, उत्साहहीनता, जडता, निष्कृयता, निराशा आदि नकारात्मक स्थितिको बोध गराउँछ। ज्ञान, विवेक, चेतना, जागरण, उत्साह आदि नभएको अज्ञानतारूपी निराकारमा भौँतारिइरहेको अवस्थालाई निद्रावस्था भनिन्छ। जसरी शारीरिक हिसाबले निद्रावस्थाको मानिसले चैतन्यावस्थाको सजग अनुभव र अनुभूति गर्दैन, उसरी नै अज्ञानताग्रस्त मानिसले ज्ञानावस्थाको कुनै कुरा पनि अनुभूत गर्दैन। २००७ साल

पहिलेको नेपाली समाजलाई यस्तै निद्रित भैँ देखेर कवि धरणीधर कोइरालाले कविता लेखेका थिए,

'जाग जाग अब जाग न जाग,
लाग उन्नति विषे अब लाग,
घोर नीद अब ता परित्याग,
भो भयो अति सुत्यौ अब जाग ।'

२००७ सालको जनक्रान्ति भन्दा धेरै अगाडि लेखिएको यो कविताले नेपाली जनतालाई जहानियातन्त्र विरुद्धमा जुर्मुराउन ठूलो भावनात्मक ऊर्जा प्रदान गरेको थियो। त्यसो त जहानिया एकतन्त्रीय हुकुमी राणा शासनको विरुद्धमा जनजागृतिका लागि आह्वान गर्दै लेखनाथ, देवकोटा, रिमाल, सिद्धिचरण आदि समकालीन स्रष्टाहरूले पनि कैयौँ सिर्जना गरेका थिए । प्रतीकात्मक हिसाबले निद्रा वा अन्धकारका विरुद्धमा जहाँ पनि स्रष्टा-साधक/ चिन्तक-दार्शनिकहरूले संसारभरि नै कलम चलाउँदै आएका छन् । जाग्रत स्रष्टा/साहित्यकारसँग अत्याचारी, विवेकहीन शासकहरू जहाँ पनि भयभीत रहन्छन् । नेपालमा अधिनायकतन्त्रको समाप्ति र लोकतन्त्रको स्थापनाका लागि देशवासीलाई निद्राबाट ब्युँझन आह्वान गर्दै आत्मबलिदान दिने युगयुगका वीर शहीदहरू धन्य छन् । भूपिले भनेका छन्– 'हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए...।'

विश्वइतिहासमा अधिनायकवादका विरुद्ध लोकतन्त्रका लागि नेतृत्व गर्ने राजनेताहरू पहिले आफू जागे, निद्रित जनतालाई जगाए, अनि तिनीहरूले जनक्रान्तिहरूको नेतृत्व गरे, तबमात्र ती सफल भए जहाँ पनि जहिले पनि। आमजनतामा चेतनाको दियो बालेर राष्ट्रिय उद्देश्य प्राप्तिका लागि जनतालाई डोऱ्याउन सक्ने राजनेताहरू सदा स्मरणीय छन् ।

जाग्रतहरूको कुरा गर्न गाह्रो पर्दैन तर निद्रितलाई भने निदाउनुमा नै आनन्द लागिरहेको हुन्छ। आफूलाई 'राम्रो म' भन्ने प्रायः सबैको प्रवृत्ति नै हो। निद्रारूपी निशाबाट ब्युँझाउनकै खातिर बुवाआमा अनि गुरुको प्रेरणा र आशीर्वादले मैले स्कूले शिक्षा पूरा गरेँथेँ। एसएलसी पास भएका दिन भुँइमा खुट्टा थिएनन् । स्कूलको धुलौटे पाटीमा औँलाले डिको तानेर शुरू गरेको पढाइलाई त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह पूरा गरेर सिद्धाउनु मेरा लागि चानचुने उपलब्धि थिएन। कान्ति छात्रावासको पूर्वतिरको कोठाबाट टाढा देखिने शहरमा रातका बत्तीहरू गन्दै कति रातहरू बिताएँथेँ। औपचारिक पढाइ सिध्याउनुको खुशीमा निद्रा लाग्ने कुरै थिएन। आत्मसन्तुष्टिको तीव्र संवेगले भोक, निद्रा हराएको थियो । तर बिस्तारै थाहा पाएँ, मैले त पाठ्यक्रममा आधारित सीमित अध्ययनको खुड्किलो मात्र टेकेको रहेँछु। मभित्र वास्तविक ज्ञानको बत्ती बल्न थालेकै रहेनछ। मैले स्कूल, क्याम्पसहरूमा त पुस्तक मात्र पढेँछु। जीवन त पढेकै रहेनछु।

जब म व्यावहारिक जीवनमा अग्रसर भएर आफैलाई पढ्न थालेँ, आफैलाई पढ्न भने कुनै सुनिश्चित पाठ्यक्रम नहुने रहेछ। आफैले आफ्नो पाठ्यक्रम बनाएर पढ्नु विश्वविद्यालयमा पढ्नुभन्दा जटिल पो रहेछ। आफ्नै जीवनरूपी पाठशालामा आफै विद्यार्थी बनेर पढ्नुपर्ने, आफै शिक्षक पनि बनेर आफैलाई पाठ बुझाउनुपर्ने पो रहेछ। आफैले आफ्नै परीक्षा लिनुपर्ने रहेछ। जीवनरूपी पाठशाला त विश्वविद्यालय भन्दा धेरै माथिको पो रहेछ। पुस्तकको पाठले भन्दा मानिसलाई जीवनको पाठले निद्राबाट ब्युँझाउने रहेछ। पछि आएर थाहासम्म पाएँ, म त निद्रामै पो रहेँछु।

जीवनजस्तो जटिल विधा वा विषय अर्को कुनै विधा वा विषय नहुने रहेछ। यसमा खण्ड-उपखण्ड, शीर्षक-उपशीर्षक, बुँदा-उपबुँदा, परिच्छेद, अनुच्छेद, धारा-उपधारा, नियम-उपनियम आदि अनगन्ति पक्ष र आयामहरू एकापसमा नागबेली भैँ जेलिएका हुँदारहेछन् जीवनको पाठ्यक्रममा। कहाँ सजिलै पढेर सक्नु यस्तो किरिङमिरिङ बक्ररेखाहरूद्वारा

निर्मित जीवनलाई ! अनि पो भनेका रहेछन् त कुनै दार्शनिकले– पहिले बुझ्न कठिन, बुझ्यो अनि कठिन, झन् झन् बुझ्यो झन् कठिन। निद्रामुक्तिको आरम्भ आफूले आफूलाई चिन्न सक्नुबाट हुन्छ भन्ने लागे पनि आफ्नो आङको भैँसी नदेख्ने बानी कहाँ सजिलै जाँदो रहेछ र !

पढेपछि जान्ने सुन्ने होइन्छ, राम्ररी पढ्नुपर्छ है भन्थे गुरुहरू। पढेकै त हो, पढेका पुस्तकहरूको सङ्ख्या पनि ठ्याक्कै सम्झन नसकिएला। पढेरै नम्बर ल्याउँदै पास भइएको पनि हो, स्कूल क्याम्पसका कक्षाहरू। वेलाबखत पढाउँदा विद्यार्थीलाई अर्तिउपदेश पनि दिइएकै हो। गरिएछ उस्तै, पास हुनमात्र पढाइएछ, जस्तो जानेको थियो त्यस्तै। जीवन र जगत् पहिल्याउन त आफैले रोजेर असल पुस्तकहरू पढ्नुपर्ने रहेछ। असल पुस्तकहरू अँध्यारो चिर्ने प्रकाशका गुच्छा हुन्। जीवनजस्तै जगत् पनि एउटा पाठशाला हो, त्यसभित्र प्रवेश गर्न पनि असल पुस्तकहरू पढ्नै पर्छ। आफ्नो जीवनको ऐनाले आफूलाई त चिनाउँछ, संसारलाई चियाउन त असल पुस्तकको यात्रा गर्नै पर्छ। अज्ञानतारूपी निद्रामुक्तिको यो एक सरल उपाय हो आदि आदि कुरा सुनी जानेको पनि हो तर लागेको बानी छोड्न सकेको भने होइन। अनि फेरि पनि मस्त निद्रामै।

शारीरिक रूपमा निदाउनु एउटा सामान्य क्रिया हो। थरिथरिका शारीरिक निन्द्राको बखान सबैले गर्दै आएका छन्। अल्पनिद्रा, मस्तनिद्रा, अर्धनिद्रा आदि नामले निद्रालाई पुकारिन्छ। प्रायः सबैलाई अप्रिय लाग्ने निद्रा चिरनिद्रा पनि प्रकृतिको एउटा स्वाभाविक प्रकृया हो। रामायणमा वर्णित कुम्भकर्णको निद्रा पनि शारीरिक निद्रा नै हो। शारीरिक निद्राको अभ्यास प्राकृत स्वभाव र आवश्यकता हो। आमाका काखमा, पिठ्यूँमा, कोक्रोमा वा डोकोमा निदाउँदै भँडारको ओछ्यानमा, खाटमा, गोठमा निदाउँदै हुर्केको म आजकल निदाउने ठाउँ सजिलो र नरम हुनुपर्छ भन्न पो बानी पारिसकेँछु। सजिलोमा निदाउन बानी परेको म निद्राविरोधी हुने कुरै भएन। एक रात राम्ररी ननिदाए तीन दिनसम्म जाँगर हराउने मेरो बानी छँदैछ। राम्रो शारीरिक निद्राले शारीरिक सन्तुष्टि र स्वस्थताको अनुभूति गराउँछ। शारीरिक निद्रामा अभ्यस्त रहँदारहँदै म त चैतन्य निद्रामा पनि पो अभ्यस्त भइसकेँछु। चैतन्य निद्रामा निदाएको मानिसले शारीरिक आवश्यकता पूर्तिका लागि चाहिने कर्महरूमा आफूलाई सकृय राख्न सामान्य बौद्धिक अभ्याससम्म गर्छ। सहजरूपमा त्यो प्राप्त नभए छलकपट पनि गर्ला। ऊ मनुष्य जीवनको तात्विक बोधगम्यताबाट अनुभूत गरिने चैतन्य किरणहरूलाई स्पर्श गर्न भने सक्दैन। म स्वयं शारीरिक तृष्णालाई पछ्याउँदै हिँडिरहेछु।

राति निदायो, बिहान ब्युँझ्यो, नियमित बानी नै हो प्रायः सबैको। तर ब्युँझेर पनि निद्रित नै रहने प्रवृत्तिले भने अधिकांश मानिसलाई आजीवन ढाकिरहने रहेछ, कालो बादलले आकाशलाई ढाकिरहेजस्तो। म स्वयं पनि त्यस्तै प्रवृत्तिको वशमा रहेँछु भन्ने कुरा धेरै पछिमात्र बुझ्न थालेको हुँ।

जो नजिकमा छ, उसैले बढी चिन्दछ। आफूजति नजिक आफ्नो लागि कोही हुँदैन। आफूले जति आफूलाई कसैले चिन्दा पनि चिन्दैन। आफूले आफूलाई चिन्न पनि चर्मचक्षुको चेतनाले नभ्याउने रहेछ। आफूबाटै आफ्नो पहिचान हुन सक्दैन भने उसले संसारको पहिचान कसरी गर्ला ! म आफ्नो परिचय खोज्दै शहरबजारका गल्लिहरू चहारिरहेँछु। आफूलाई अरूका आँखाबाट खोज्ने धृष्टता निद्रितले नै गर्ने हो। इमानदार स्रष्टासाधक मनीषीहरू सबै आ-आफ्नो 'स्व' को खोजीमै यात्रारत छन् । निद्रितले अरूलाई त के आफैलाई पनि चिन्न नसक्ने रहेछ। म निद्रितहरूकै जुलुसमा मिसिएर अरूबाट आफ्नो परिचय खोजिरहेँछु। ब्युँझेको बहाना गर्दै निद्राबाटै म मन्त्रोच्चारण भने गर्दो रहेँछु– तमसो मा ज्योतिर्गमय....।

***

आकाशको क्षेत्रफल

■ त्रिभुवनचन्द्र वाग्ले

उसले फित्ता लिएर
नापेको थियो
चार आना जग्गा
औसत आयु
र, आकाशको परिधि
तलबको अमिनी शास्त्रबाट !

हाँसो नापेको थियो
खुशी नापेको थियो
तिम्रा हातका औँला समातेर
एक, दुई, तीन
नापेको थियो
भाग्यरेखाको लम्बाइ !

छातीमा राखेर हत्केला
ढक्कढक्क इन्चीमा
नापेको थियो उसले
आयुको अक्षांश
किरिमिरी थिए रेखाहरू
बाँझाबारीका कान्लाजस्तै
थारा र न्याम्रा !

दौडाएर रिसल्ला
टुडीखेलको आयतनमा
नापेको थियो उसले
भरिएको सन्दुस,
बन्द थियो सन्दुस
मन्दिरको ढुकुटीजस्तै

भोकको साँचो मिलेनथ्यो
भोटेताल्चामा !

आँगनमा तातेताते हिँडेर
सुस्केराको लामो स्वासले
उसले नापेको थियो
आफ्नो अस्तित्व
आँगनको विश्वास
धुमिल हुँदै थिए अस्तित्व
खण्डित हुँदै थिए विश्वास
पाएन उसले
स्नेहको अक्सिजन !
आकाशको क्षेत्रफल !!

***

दायित्व वाङ्मय प्रतिष्ठानद्वारा प्रकाशित पछिल्ला कृतिहरू

११४



निरञ्जन पन्त

११५



रमेशमोहन भट्टराई

११६



रमेशमोहन भट्टराई

कथा

आमाको चित्र

■ तेजप्रकाश श्रेष्ठ

एक्लो जीवन ! दुरुह र दुर्बोध्य ! बुढेसकालमा आफ्नी सहधर्मिणीविना जीवन जीउनु दुरुह नै हुँदोरहेछ। 'बाह्र छोरा तेह्र नाति बूढाको धोक्रो काँधै माथि' भनेझैं नभए पनि ऊ एक्लिएको अनुभव गर्छ। हो! छोरा नातीसँग उसको कुनै गुनासो छैन। उनीहरूले सक्दो हेरविचार गरिरहेकै छन्। दोष लाउने कुनै ठाउँ छैन। तैपनि ऊ बुढेसकालमा सहधर्मिणी गुमाउँदाको एक्लोपन भोगिरहेको छ।

ऊ आधा भएको छ। आधा जीवन जिउन खोज्दा पट्यार लाग्छ। अनि ऊ आफ्नी प्यारी अर्धाङ्गिनीलाई सम्झन्छ। आफ्नी अर्धाङ्गिनीमै आमाको झझल्को खोज्छ। कठिन परिस्थितिमा मानिस कि त आमाको ममता खोज्छ कि जीवन सँगिनीको माया ! तर ऊ अहिले ती दुवैको अभाव भोगिरहेछ। त्यसैले त ऊ कहिले आमालाई सम्झन्छ त कहिले जीवनसँगिनीलाई।

अनि ऊ झझल्को र सम्झौटो खोतल्न थाल्छ। सम्झनामै नआएको आमाको अनुहार ठम्याउने जमर्को गर्छ। कहिलेकाहीँ कहिल्यै नदेखेको अनुहार पनि खोज्न मन लाग्दोरहेछ। अहिले ऊ यसैमा तल्लीन छ। कहिल्यै नदेखेको र कहिल्यै झझल्को पनि नपाएको अनुहार अनायास आँखामा सल्बलाउन थाल्छ, कल्पनातीत क्षण !

कल्पनामा कोही पागल बन्नपुग्छ कोही स्रष्टा ! एउटा पागलको कल्पनाले आफै विक्षिप्त बन्नपुग्छ भने एउटा स्रष्टाको कल्पनाले साकार रूप लिन पुग्छ।

कल्पनाले साकार रूप तब लिन्छ, जब स्रष्टा संवेदनशील बन्छ। संवेदनशीलतामै स्रष्टाको कलम सल्बलाउन थाल्छ वा कुची चल्मलाउन थाल्छ। कलम सल्बलाए कवि वा साहित्यकार बन्छ। कुची चल्मलाए कलाकार ! सौभाग्यले ऊ दुवै बन्न पुगेको छ। तैपनि कुचीको माध्यमबाट अपरिचित अनुहार चिनाउन कलाकारका लागि सजिलो काम होइन तर साकार बनाउन सक्नु आफ्नो खुबी हो।

ऊ यस्तै प्रयत्नमा छ। ऊ लगभग आफू जन्मँदाकै अवस्थामा गुमाएकी आमालाई अहिले खोज्दै छ। ऊसँग न आमाको कुनै चित्र छ, न त झझल्को ! कल्पनामात्र बाँकी छ ! बाल्यकालमा आफन्तबाट सुनेको आमाको धमिलो र अष्पष्ट आकृतिको झझल्को मात्र छ। आज जीवनको उत्तरार्धमा जब आफ्नी अर्धाङ्गिनीले समेत उसलाई चटक्कै छोडेर गइसकी अनन्ततिर। फलतः ऊ छोराछोरी, नातिनातिनीको माझमा पनि आफूलाई एक्लो ठानिरहेछ। यस अवस्थामा अनुहारै हेर्न नपाएकी आमाको झझल्को खोजिरहेछ र यो दुस्साहसमा ऊ नराम्ररी रुमल्लिरहेछ।

ऊ सम्झन्छ, हजुरआमालाई ! आमा नभए पनि उसको बाल्यकाल हजुरआमाको न्यानो काखमा बितेको हो। रमरम सम्झना छ उसलाई। हजुरआमा कहिलेकाहीँ भन्ने गर्नुहुन्थ्यो–

'यो केटोको अनुहार ठ्याम्मै यसकी आमासँग मिल्छ। अभागी रहेछ! आमाको न्यानो काख पाउन सकेन ! यसलाई माया गर्नुपर्छ सबैले ! राम्रो हेरविचार पुऱ्याउनुपर्छ !'

हजुरआमाको कडा निर्देशनमा उसले सबैबाट न्यानो माया पाएको हो। उसले कहिल्यै पनि आमाको अभाव अनुभव गर्नुपरेन। त्यसैले त ऊ वेला वेलामा फुर्किने गर्थ्यो र एकाध बदमासी पनि गर्न पछि पर्दैनथ्यो।

उसको बाल्यकाल हजुरआमा र हजुरबाको काखमा बित्यो। केही चञ्चल, केही भावुक ! केही बदमासी र केही सम्यम ! उसको बाल्यकाल बित्यो अरूको बितेझैं। तर कहिले काहीँ उसलाई च्वास्स घोच्ने गर्छ– 'आमा टोकुवा' शब्दले। उसले धेरैपल्ट सुनेको छ यी शब्द– आफ्ना दौंतरीबाट र कहिलेकाहीँ छिमेकीहरूबाट पनि। अनि नबुझेर 'आमा टोकुवा' भनेको के होला भनी घोत्लिने गर्थ्यो। तर बाल्यकालमा ऊ त्यस्ता शब्दको पछाडि कहिल्यै परेन। आमाको माया पाइरहेकै थियो हजुरआमाबाट।

युवावस्था पढाइ र केही उत्तरदायित्व वहन गर्दागर्दै बित्यो। सबै समय परिवारको पालन पोषणमा खर्चियो। आमाको सम्झना गर्ने अवकाश नै पाएन, अझ आवश्यकता नै ठानेन। सम्झना आएकै भए पनि घोत्लिने अवसर पनि पाउन सकेन। तर अहिले ऊ फुर्सदिलो छ, र त आमालाई सम्झिरहेछ। ऊ आमाको अनुहार आफूमा आत्मसात् गर्न कोशिस गरिरहेछ।

कहिलेकहीँ ऊ आफ्नै अनुहारमा आमाको खोजी गर्छ। होला त नि ! मेरी आमा काटीकुटी मैजस्ती थिइन्। आँखा पनि मेराजस्तै ! नाक पनि मेरोजस्तै ! हो, कहिलेकाहीँ आफन्तहरू पनि भन्ने गर्थे– 'यो केटो ठ्याक्कै आमाकै कदकाठीको छ। नाक, आँखा र चिउँडो काटिकुटी मिल्छ।' यस्तो प्रसङ्ग निस्कँदा मात्र ऊ आमालाई सम्झने गर्थ्यो।

हो न हो ! ऊ आफूलाई आमाकै प्रतिरूप ठान्ने गर्थ्यो। प्रतिरूप नै नभए किन त अरूले आमाजस्तै छ, भन्थे। ऊ आफूमा आमाको प्रतिछाया भेट्टाउन खोज्थ्यो र मुसुक्क हाँस्थ्यो।

प्रसङ्ग निस्कँदा एकपटक उसले सानी आमासँग सोधेको हो। एकपटक मात्र किन, कयौं पटक सोधेथ्यो, ऊ सम्झन्छ– 'सानी आमा ! मेरी आमा कस्ती हुनुहुन्थ्यो ! भन्नोस् न।'

'तेरी आमा.... ! अँ ! सम्झँ, अलि अलि तँजस्ती ! अलिअलि मजस्ती। तेरो र मेरो अनुहार मिलायो भने ठ्याम्मै तेरी आमाको अनुहार आउँछ। लौ !' सानी आमा भन्नुहुन्थ्यो। उहाँले भन्नुभएका यी शब्दहरू ऊ वेलावेलामा सम्झने गर्थ्यो। तर उसले आफ्नो र सानी आमाको अनुहार मिलाउन सकिरहेको थिएन। मिलाउने कोशिस त गर्थ्यो तर सक्दैनथ्यो। अहिले उसकी सानी आमा पनि हुनुहुन्न। उहाँ बित्नुभएको पनि धेरै वर्ष भइसक्यो। उहाँको पनि सम्झना मात्रै त बाँकी छ। तर हैन, उहाँको सम्झनाको रूपमा एउटा फोटो भने छ ऊसँग। ऊ सानी आमाको फोटो ओल्टाइपल्टाई हेर्छ। ऊ सानी आमाको फेटोमा आमाको अनुहार खोज्न थाल्छ, अनि आफ्नो अनुहार ऐनामा हेर्छ। कस्तो होला सानी आमा र मेरो अनुहार मिलाउँदा ! साँच्चै कस्तो होला ! ऊ कल्पना गर्छ।

एक दिन ऊ सानी आमा र आफ्नो फोटो अगाडि राखेर घोत्लियो। धेरै बेरसम्म घोत्लिरह्यो। ऊ मनमनै आमाको आकृति कोर्न

थाल्यो । अलि लाम्चो लाम्चो अनुहार, अलिकति उठेको नाक, नाकमा फुली, सागरजस्तो गहिरो र धपक्क बलेका जस्ता आँखाहरू, पुक्क उठेका गाला ! फराकिलो निधार ! निधारमा रातो टीका ! सिउँदोमा रातो सिन्दुर ! कानमा सुनको ढुङ्ग्री र लपक्कै मुन्द्रीहरू ! बुट्टेदार चौबन्दी चोली र छिटको फरिया ! गलामा हरियो पोतेको झुप्पा र सुनको तिलहरी ! आहा ! कति राम्री आमा ! ऊ मख्ख पऱ्यो र आँखा चिम्लेर ध्यानमग्न भयो ।

अनायास ऊ क्यानभासमा खेल्न थाल्यो । रङ्ग र कुची क्यानभासमा सल्बलाउन थाले । कयौँ दिन र रात सल्बलाइरहे, सल्बलाइरहे । क्यानभासमा अलिअलि सानी आमाको झझल्को र अलिअलि आफ्नो अनुहार मिसिएको भिन्न स्वरूप देखापऱ्यो । उसलाई हँसिलो अनुहारकी ममतामयी आमा उभिन आइपुगे झैँ लाग्यो । हिसी परेको हँसिलो अनुहारमा उसले आमाकै झझल्को देख्यो । अन्ततः उसले आफ्नी आमालाई क्यानभासमै भेट्टायो ।

'आमा, मेरी आमा ?" ऊ उत्तेजित हुन पुग्यो । मख्ख पऱ्यो । उसको हर्षको सीमा रहेन । ऊ आत्मविभोर हुन पुग्यो र कहिल्यै नदेखेकी आमाको साकार चित्र सामु नतमस्तक हुनपुग्यो ।

अन्ततः उसले आफूलाई विजयी ठान्यो । सात दशकको उमेरमा फेरि ऊ आफूलाई बालक ठान्नपुग्यो । ऊ आमाको काखमा लुट्पटिन लालायित भयो । ऊ 'आमा टोकुवा'को आरोपबाट आफूलाई मुक्त भएझैँ ठान्यो । त्यसैले त ऊ आफन्तमा आफैले सिर्जना गरेको आमाको रङ्गीन चित्र देखाउँदै आह्लादित भइरह्यो, भइरह्यो ।

शोणितपुर, चुनिखेल

लघुकथा

सम्बन्ध

■ अरूण खत्री 'नदी'

मायादेवी सत्तरी वर्ष पुगिसेकेकी थिइन् । बुढेसकाल, अरूको सहयोग पाउनुपर्ने वेलामा श्रीमान् रोगी भएर थला परेपछि उनी दिक्क थिइन् । 'श्रीमान्लाई यै रोगले लान्छ क्यारे !' मनमा चिन्ता पऱ्यो ।

'श्रीमान् स्वर्गे भएपछि काजक्रिया गर्नका लागि मसँग खर्च पनि छैन । के गर्ने होला ?' यस्तै कुरा सोचेर बसेकी थिइन्, त्यस्तैमा छिमेकी रमादेवी टुप्लुक्क आइपुगिन् ।

'तपाईंको अनुहार त साह्रै अँध्यारो पो देख्छु त, के चिन्ता पऱ्यो आमा ?' रमाले सोधिन् ।

'श्रीमान् बिरामी हुनुहुन्छ । क्यै भैहाल्यो भने उम्कने खर्च पनि छैन । फेरि बूढा बितेपछि जीवन निर्वाह गर्ने उपाय पनि छैन । त्यसैले चिन्तित भएकी हुँ छोरी !' मायादेवीले भनिन् ।

'बूढाको काजक्रिया गर्न नपर्ने उपाय बताइदिऊँ आमा ?' रमाले ठट्टेउलो पारामा भनिन् ।

'के उपाय छ छोरी त्यस्तो ?' मायादेवीले आश्चर्य मान्दै सोधिन् ।

'सम्बन्ध विच्छेद गर्ने नि । न रहे बाँस बन बजे बाँसुरी ।' रमाले भनिन् ।

'ठट्टा मात्रै गर्छे मोरी ! याँ आफूलाई कति पीर परेको छ ।'

त्यसपछि दुवै जना मरी मरी हाँसे ।

सामाखुसी

नियात्रा

यात्रा अलि सहज भयो खप्तडको

■ शशी थापा पण्डित

'लौ न यो गाउँको नामै दारु रहेछ, दारुमात्र पाइन्छ कि के हो यहाँ ?' खप्तड यात्राको लागि उक्लँदै गर्दा दाङका लोकराज पराजुलीले बझाङको दारु गाउँको छेवैमा पुग्दै गर्दा गाउँको एक भवनमा टाँसिएको साइनबोर्डतिर देखाउँदै भन्दैछन् । म पनि थप्दै छु गाउँको नामै दारु रहेछ । दारु त टन्नै बनाउँछन् कि के हो यहाँ ?

यात्री धेरै भएकाले व्यवस्थापकले केही यात्रीलाई तल बझाङको छान्ना– २ मा रहेको छान्ना गाउँको ईश्वर माविमा र केही अलि माथि रहेको छान्ना– ३ मा रहेको दारु गाउँमा होमस्टेको रूपमा राखिएको रहेछ । हामी साहित्यकारहरूलाई पनि थाहा नपाइकन आधा तल गाउँमा र आधा माथि गाउँमा बाँडिएछौँ । बेलुकीपख भएपछि मात्र पो यो कुरा अवगत गराए पदमराज जोशीले ।

हामी छान्नामा भएको ईश्वर माविमा आयोजना गरिएको कार्यक्रममा पुऱ्याइएका थियौँ । युवराज नयाँघरे, प्रोल्लास सिन्धुलीय, मोतीराज बम, अश्विनी कोइराला, त्रिभुवनचन्द्र वाग्ले, लोकराज पराजुली बाहेक करिब सयभन्दा बढी यहाँ रहेका थियौँ ।

माथि लेक पनि लाग्ने उकालो उक्लँदा गाह्रो पनि हुने भएकोले झोला बोकेर जान अलि गाह्रै हुनेजस्तो लागेर माथिसम्म झोला बोकिदिने मानिसको चाँजोपाँजो मिलाउनुभयो नयाँघरे दाजुले र यात्रा अलि सहज भयो हाम्रो ।

प्रायः भारतीय यात्रीहरूको झोला बोकिदिने व्यवस्था र माथि उक्लन नसक्नेका लागि घोडाको पनि व्यवस्था आयोजकबाट गरिएको यस कार्यक्रममा हामी भने आफ्नै दुई खुट्टालाई घोडा बनाएर उक्लिरह्यौँ सुस्तरी सुस्तरी ।

बिहान ५.३० तिर छान्नाको ईश्वर माविलाई छोडेर रोकाया पसलको चिया पिएर छान्ना गाउँ र माझी गाउँलाई सिमाना बनाएर बगेको घाट खोला तरेर हामी माझी गाउँतिर उक्लिँदै छौँ ।

पानी घट्टबाट भर्खरै पिँध्दै गरेको लिटोको पिठोको प्राकृतिक सुगन्ध आएर मीठो वास्ना सुघाउँदै ठोकियो नाकैमा । पानी घट्टमा एउटी महिला उभिएर हामीलाई हेर्दै थिइन् ।

'ती महिला याद गर्नुभो' अश्विनीजीले सोधे हामीलाई । 'अँ देखेँ', महिलाले पनि घट्ट चलाउने गर्दा रहेछन् यता' मैले भने । तर उनको आशय अर्कै रहेछ । यी दुईको हेराहेरबाट उनले थाहा पाएका रे महिलाको भेद खोल्दै थिए । यी महिला हामीलाई झोला बोक्न सघाइरहेको भाइकी श्रीमती रहिछन् । यी भाइले हो भनेर जवाफ दिए । बच्चालाई खुवाउने लिटोको पीठोको बास्ना आइरहेको थियो घट्टबाट । दलितको नाममा छोइछिटोको व्यवस्था कानुनमा हराए पनि अझै समाजमा हराउन सकेको भने छैन । यहाँ यसरी भुटेको पीठो एउटै घट्टमा पिन्न दिन्छन् ? के रहेछ छोइछिटो यो गाउँमा भन्ने बुझ्न यी भाइलाई सोधेँ । त्यस्तो छैन एउटै घट्टमा पिँध्न पाइन्छ भन्ने जवाफ दिए । यो घट्टदेखि केही पर माझी गाउँबाट खसिरहेको अर्को झरनाको मुनि पनि घट्ट देखिँदै थियो ।

हामी धारो र चौतारोतिर नगाली माझी गाउँ जाने बाटोतर्फ उक्लिँदै छौँ। माझी गाउँमा फाट्फुट मानिसहरू आगँनतिर बाटोमा बारीतिर गोठतिर देखापर्दै छन्। तर गाउँमात्र माझी रहेछ मानिस भने धेरैजसो रोकायाहरूको बसोबास रहेछ।

हामी उक्लिरह्यौँ, यस गाउँलाई छिचोलेर खेतका काल्लाका बाटो भएर। बाटो-बाटोमा पानी हिँडिरहेको छ। यी सहयोगी भाइले भन्दैछन्– 'यस्ता पानी रसाइरहेको र बगिरहेको ठाउँ-ठाउँमा भेटिन्छ, जुत्ता भिज्ला जोगिएर हिँड्नुहोस् ।' खेतहरूमा गहुँहरू पाकिरहेका छन्। कतै काट्दै गरेको पनि देखिँदै छ। डालोजस्तो चारपाटो भएका ठूला आकारका डोकामा गहुँ हालेर ओसार्दै थिए कतैकतै महिलाहरू।

खेतको बाटोमा काँडे झारहरू पनि रहेछ, बचेर हिँड्नुपर्ने। बाटोमा नै भेटिइन् रोकाया बूढी आमा– हरर जीउमा घिउ वास्ना चलाउँदै। प्रायः बूढी महिलाहरू जिउ पनि नदुखोस्, चिसोबाट छाला जोगियोस् भनेर यसरी घिउ दल्ने गरेको मैले काठमाडौँमा पनि देखेकी छु आमाहरूलाई।

ठाउँठाउँमा भेटिएको कुलो, खोलो तर्दै उक्लँदै छौँ मनै लोभ्याउने गरेर कलकल बगेका छन्– सङ्ला पानीका खोला र कुलाहरू। यिनै पानीको उपयोग गरेर बनाइएका छन् ठाउँठाउँमा पानीघट्टहरू। यहाँ पनि सुन्दर चौर नजिकै पानी घट्टका छेउमा बसेर दुई महिला हामीलाई नै हेर्दै छन्।

हामी पूरै ढुङ्गाको पर्खालले घेरिएको, रूखैरूखले झ्याम्म जङ्गलजस्तो देखिएको ठूलो कम्पाउन्ड छेउको बाटो हुँदै जाँदै छौँ। ढोकाको आकार भएको खाली ठाउँमा भित्र पस्न नसकिने गरेर काँडाले धेरिएको रहेछ। यहाँभित्रको मन्दिरमा जात्रापर्वमा गाउँ नै उल्टेर मानिसहरूको उपस्थिति हुन्छ रे ! त्यस समयमा मात्र यहाँको ढोकाको रूपमा रहेको काँडा हटाइन्छ रे ! हामीसँगै आएका सुदूर पश्चिमकै एक यात्री बताउँदै छन् हामीलाई– यहाँको वास्तविक कुरा।

बाटो कतै खुल्ला घाँसे चौर कतै कुलोको छेउछाउमा पानी अमला, बोझो, उन्यूको झार, ठूलाठूला ढुङ्गा, नाङ्गाजस्ता देखिने भिराला पहाडमा कतै कतै रूखहरू देखिँदै छन्। अब भने हामी बस्ती नजिक आइपुग्यौँ। गाउँ पुग्दापुग्दै छेवैमा रहेछ मेलतडी मावि। 'लम्तडा छान्ना बझाङमा २०६६' लेखिएको वोर्ड बोकेर उभिएको रहेछ, यो विद्यालय। कक्षामा पढाइ हुँदै रहेछ।

दाङका लोकराज पराजुली मान्छेको भीड भेटायो कि समसामायिक अवस्थालाई सुहाउने गजल गाउन थालिहाल्छन्। मानिसहरू पनि दङ्ग परेर सुन्न थाल्छन्। यिनी यहाँ दश कक्षा भित्र छिरे। हामी भने विद्यालयबाट निस्कियौँ। पछि उनले बीस मिनेट जति व्यावहारिक शिक्षा दिएको जानकारी गराए यहाँका विद्यार्थीलाई। हिजो पनि विद्यार्थीहरूसँग भलाकुसारी गर्न भ्याएछन्। जब उनी बच्चाहरूसँगको सम्पर्कबाट निस्कन्छन्; अनि निकै न्याम्रो मन बोकेर भन्न थाल्छन्– यिनीहरूका बाबुहरू पनि काला पहाड छिरेका रहेछन्। उसका बाबु उतै बितेछन्।

खप्तड छान्ना गाउँपालिका– ३ को कार्यालय नजिक पुग्दै छौँ। श्री खप्तड विद्या निकेतन इङ्गिलिस बोर्डिङ स्कूल पनि रहेछ यहाँ नजिकै। बाटोको दाँया छेउमा भेटियो चियापसल। दूध चियाको तिर्सनाले छट्पटिएका हामी गाउँको गाईभैँसीका दूधबाट बनेको मीठो चिया खान छिरिहाल्यौँ। तर यहाँ त गाईभैँसीको दूधको ठाउँमा भारतीय एभरेडी दूधको धुलो पो झिके दूधचिया बनाउन साहुजीले। धन्न नेपालीको मुख, धन्न नेपाली गाउँ, धन्न भारती निर्यात।

चिया भने हाम्रा मित्र अश्विनीको हातले पकाएर खुवाए बझाङको छान्नाको दारु गाउँमा। उनी सिकाउँदै छन्, हामीलाई दूध छुट्टै उमालेर

फिक्का चिया पकाएर गिलासमा हालेपछि। त्यसमा उमालेर राखेको दूध मिसाएर चिया पिएमा ग्यास्ट्रिक हुँदैन रे ! उनले काठमाडौँमा चियाको विविध प्रकारका स्वादका पारखीहरूका लागि 'टि होम' नै खोलेका रहेछन्। उनी भन्दै छन्– 'चार महिना चिया सम्बन्धी ट्रेनिङ विदेशमा लिएर आएको व्यक्ति पो हुँ त'।

चियासँगै ठट्टा गर्दै छौँ। दारु गाउँमा दारु पो खानुपर्ने त कहाँ चिया खाएको ? हाम्रो यो कुरा सुनेपछि पसलका खड्का साहु भन्दैछन्– यो गाउँमा दारु बेच्न त के, खाएको मानिस भेटियो भने तीन दोब्बर सजाय हुन्छ। नामभन्दा फरक गाउँको वास्तविकता बनाउन र नामले गर्दा मानिस भ्रममा नपरून् भनेर यसको दोषबाट बच्न यहाँका मानिस लागिपरेका रहेछन्।

हिजो हामीसँग बिछोडिएर हराएका साथीहरूको पुनः मिलन बल्ल दारु गाउँमा भयो। यही गाउँमा हाम्रा लागि स्वागतको कार्यक्रम र बिहानको खानाको व्यवस्था गरिएको रहेछ। यहाँ खड्काहरू र रावलहरूको बसोबास बढिरहेछ। श्री १००८ ब्रह्मविद् परमहंस सच्चिदानन्द सरस्वती (खप्तड स्वामी)का परमभक्त स्व. श्री जिते खड्काका परिवारबाट आजको विहानीको खानाको व्यवस्था गरिएको रहेछ।

हामीमात्र थिएनौ त्यहाँ। भारतको गायत्री त्रिवेणी प्रयाग पीठबाट आएका पीठाधीश्वर जगद्गुरु शङ्कराचार्य त्रिकाल ज्ञाता सरस्वतीजी महाराज। त्यस्तै आद्य शङ्कर कैलाशपीठ गोदावरी धाम नेपालको जगदाचार्य श्री श्री १००८ श्री विभूषित अमृतानुभव पीठाधीश्वर जगदाचार्य ब्रह्मर्षि स्वामी गौरी शङ्कराचार्यजी महाराज, जो नेपालको सुदूर पश्चिममा जन्मिएर पनि हाल दिल्लीमा साधानारत हुनुहुन्छ। वहाँ पनि यस कार्यक्रमको आकर्षक व्यक्तित्व हुनुहुन्छ। त्यस्तै अन्य श्री १००८ पद धारण गरेका धार्मिक व्यक्तिहरू लगायत उनीहरूका चेलाहरू र पतञ्जलिका योगगुरुहरू र जडिबुटीका ज्ञाताहरू साथै पत्रकारहरू, भारतीय साहित्यकारहरू र स्थानीयहरूको पनि यो यात्रामा बाक्लै उपस्थिति रहेको थियो। पद्मराज जोशीको भनाइ अनुसार भोलिका दिनमा सुदूर पश्चिमको पर्यटन विकासको प्रवर्द्धनका लागि थोरै भए पनि टेवा यस यात्राले गर्नेछ । साथै खप्तडको यो यात्रा साहित्य, धर्मसंस्कृति र योगको त्रिवेणीको रूपमा आयोजना हुँदै थियो।

खाना खाएपछि यो यात्रामा संलग्न गराइएको साहित्य, धर्मसंस्कृति र योगसहित त्रिवेणीका हातबाट नेपालको झण्डा हस्तान्तरण गरेपछि अब भने कतै नरोकिइकन खप्तड यात्राको उकालो शुरू भयो। धेरैजसो यात्रीले यहाँका स्थानीयले बारीमा राखेको दाउराको झिँजालाई लौरोको रूपमा प्रयोग गरेको देखियो। मलाई पनि ठाकुर बेल्बासेजीले एउटा काँडाको हाँगा काटेर लौरो तयार पारिदिए। अझ यो लोरोलाई स्थानीय मूलदेवी खड्काले आफ्नो हँसियाले खुर्केर समाउन सजिलो बनाइदिइन्। उनको माया मिसिएको भएर होला, उकालो उक्लँदा साह्रै सजिलो भयो यो टेको।

गाउँदेखि केही माथि पानी घट्ट रहेछ बाटोको बायाँतिर। त्यसको मुनितिर ठूलै खोलो पनि बग्दै थियो। सानी दुईवटी नानीहरू घट्टको पीठोले सेतै भएर आमासँग निस्कँदै थिए। त्यहाँदेखि पारि दाँयातिर वनको छेउमा बाक्लै गाउँ देखिँदै थियो। त्यो ठाउँमा बझाङका राजाको गृष्मकालीन दरबारको अवशेष देखिँदै थियो। तिनै खड्का महिलाले देखाइदिइन् र भनिन्– त्यहाँसम्म हामी हिँडिरहेको मोटरबाटो नै पुग्छ रे ! तर यात्रा त्यतातिर नभई हाम्रो अगाडि देखिएको ठाडो उकालोतिरको थियो। हामीभन्दा अलि पछाडि गीता कार्की र रेणुका थापा सोलु आउँदै छन्।

बाटोको दायाँतिर खेतमा गहुँ पाकिरहेको देखिँदै छ। एउटा खेतमा महिला फलामको हतियार प्रयोग नगरी सायद परम्परागत पद्धतिको हतियार होला, दुई सिन्काको भरमा गहुँको बाला चुँडेर डालोमा राख्दै थिइन्। बल प्रयोग गरेर सारै गाह्रोसँग गहुँको बाला टिपेको देख्दा विश्वमा खेतीका लागि आधुनिक हतियारको प्रयोगको विकास कहाँ पुगिसक्यो तर हाम्रा देशका गाउँघरका बाध्यता देखेर नरमाइलो लाग्यो। सोचेँ, कहिले भित्रेला हाम्रा गाउँघरका खेतीमा आधुनिकीकरण ! अनि आफ्नो लागिमात्र गरिने खेतीमा कहिले भित्रेलान् व्यावसायिक खेतीका प्रयोगहरू। हो मा हो मिलाउँदै छन् त्रिभुवनचन्द्र वाग्ले, मेरा कुरामा सही थप्दै।

गाउँका ठाउँठाउँमा राखिएका छन् स्वागत द्वारहरू सजाएर। हामीहरूको आतिथ्यको लागि कति मिहेनत गरेछन् सुदूर पश्चिमका यी बझाङका विभिन्न गाउँका मानिसहरूले। यो देखेर र उनीहरूको मिहेनत सम्झेर मनै भरिएर आयो।

अब भने हामी हिँडिरहेको तेस्रो उकालो सकिएर ठाडो उकालो प्रारम्भ हुँदै छ। धारामा कलकल पानी बग्दै रहेछ। मन किन थामिन्थ्यो र धारामा नै सोझै मुख लगेर चिसो पानी अघाउने गरेर पिएँ। देखिँदै गरेको उकालो उक्लन प्राण भरिएझैँ भयो गाउँको पानीले। अब भने गाउँहरूका बस्तीहरू क्रमशः सकिने हालतमा पुग्दै छन्। वनहरू निस्फिक्री देखा पर्न थाले।

अगाडि तेस्रो परेको ठाडो उकालोमा ढुङ्गा भने बिछ्याइएको रहेछ। यो बाटो खप्तडको लागि नै बनाइएको चल्तीको बाटो होला सायद ! मनले भनिरहेछ आफैलाई। वन घनाजङ्गलले घेरिएको रहेछ यहाँ। यतिखेर हिँड्दै गर्दा पोहोरसाल चैत्रमा टौदहबाट चम्पादेवी र चन्द्रागिरि पर्वतको स्रष्टा र पदयात्राको हाइकिङका लागि हात्तीवन छेउबाट उकालो लागेको वेला पूर्व-दक्षिणतिर देखिएका पहाडहरू हुन् कि झैँ अनुभव पनि भइरहेछ यस समय मलाई।

यात्रीहरू भेटिने अनि छुट्टिने, अघि र पछि हुने क्रम जारी छ। वनको बाटोमा कुन वेला घाम लाग्छ र कुन वेला घाम लाग्दालाग्दै पानी पर्ने ठेगान नहुने रहेछ। त्यसैले हाम्रो सामान बोकिदिने भाइलाई हामीभन्दा धेरै अगाडि नजाऊ भनेका छौँ। हामी हिँड्दै छौँ। अश्विनी कोइराला हामीभन्दा अगाडि भरिया सँगसँगै जाँदै थिए। इन्टरभ्यू लिँदै रहेछन् मोबाइलमा रेकर्ड गरेर ती भाइका सुस्ताउँदै बाटोमा। हामीले पनि केही कुरा उभिएरै सुन्यौँ। भखरै बाइस टेकेका भरिया भाइकी श्रीमती बीस लाग्दै रहिछिन्। बीस वर्षको उमेरसम्ममा पाँचवटा बच्चा पाइसकेकी दुईवटा बच्चाहरू मरिसकेका तीनवटा भने जीवित रहेछन्। तिनैका लागि अघि माझी गाउँमा लिटोको पीठो पिँध्दै गरेकी रहिछिन् उनले घट्टमा। यति सानै उमेरको यो दुर्दशा देखेर मनै अमिलो भएर दुख्यो। लाग्यो उमेरभन्दा पहिल्यै किन बूढोजस्तो देखिँदा रहेछन् गाउँमा महिलाहरू। सुनेकी थिएँ यहाँ देखेँ पनि।

यी भाइ यो उमेरसम्ममा दुई पटक भारत पसेर कमाएर पनि आइसकेका रहेछन्। यी बाइस बर्षे ठिटोले सानीआमा लिएर छुट्टै बसेको बाबुलाई पनि वेलावेलामा चुरोट चियाका लागि खर्च दिने गरेको कुरा पनि सुनाए। उमेरभन्दा पनि बाध्यता, दुःख र गरिबीले यस केटालाई निकै पाको बनाएको रहेछ। तिनका मुखबाट सुनेका कुराले यही सोच्न बाध्य बनायो हामीलाई।

वन बाक्लो छ। ठूला-ठूला रूखहरू ढलेर वनमा त्यतिकै सडेका रहेछन्। यो वन आरक्षण क्षेत्र अनि बस्तीभन्दा धेरै टाढा भएको हुनाले यहाँका रूखपात कसैले छुन नपाएकोले रहेका होलान्। अब भने वन सकेर केही खाली तेर्सो पातलो बस्ती भएको ठाउँमा आइपुग्यौँ हामी। छिनछिनमा घाम र पानी लुकामारी खेल्दै छन्

आकाशमा। हामीभन्दा अगाडि आएका मानिस एउटा घरजस्तो ठाउँमा बसेका रहेछन्। त्यहाँ नपुग्दै तल बल्ल एउटा धारो देखियो। त्यहाँ पानी खाने यात्रीको भीडजस्तै लागेको छ। चिसो र मीठो रहेछ पानी मैले'नि पिएँ।

घोडामा चढेर आएका केही भारतीय धर्मगुरुहरू पनि यहाँ रोकिए अरू पनि। त्यस घरमा होटल रहेछ। त्यहाँको पसलमा चिया पियौँ र युवराज दाइले दालमोठ किनेर खुवाउनुभयो। शङ्कराचार्य र केही धर्मगुरुहरू आज यतै बस्ने रे भन्ने सुनियो। घोडा त्यहाँ मानिस ओरालेर अरू बाबाजीहरूलाई लिन फेरि तल झऱ्यो। हामीसँग आएकी बाबा बस्नेत र सन्ध्या पहाडीलाई लिन गएको भन्दै थिए घोडा तर बाबा त बाबा साधुबाबा नै खोजेर बाबा बस्नेतलाई लिएर आउन मानेनछ घोडा। पछि यही कुरामा निकै हँसिमजाक गरियो यात्रामा।

हामी पनि आफूले बोकेको केही खाना झिकेर जौ र आलुहरू उम्रिएको बारीको पाटाको छेउमा बसेर खायौँ। पारि बायाँतिरका डाँडामा वनको बीचमा खोरिया फाँडेर खेतबारी बनाइएको रहेछ। देखिए केही घर र तहतह परेका बारीका पाटाहरू। थोरै माथि पुगेपछि सैनिक क्याम्प रहेछ र पो अलि खुल्लाजस्तो भएको रहेछ यो ठाउँ।

खप्तडको बारेमा केही जानकारी दिने बोर्डहरू टाँसिएको रहेछ यहाँ। जयदेव भट्टराई, युवराज नयाँघरे, मोतीराज बम, त्रिभुवनचन्द्र वाग्ले, अश्विनी कोइराला, ठाकुर बेलबासे लगायतले फोटो खिच्यौं आर्मी क्याम्पको छेउमा।

फेरि उही तालमा छौँ हामी घना जङ्गलको बीचमा छन् पाइला। घनघस्याको उकालो जस्तै उकालो रहेछ भन्दैछन् त्रिभुवनजी। हामी हिँड्दै गरेको डाँडादेखि बायाँतिर खोँच देखियो। त्यहीँ पुग्ने हो हामी। पहिले आएका स्थानीय व्यक्ति हामीलाई बताउँदै छन् यी कुरा। काठमाडौँमा १०/११ घण्टा उकालो ओरालोमा हाइकिङ जाने बानी परेकोले गर्दा होला, अहिलेसम्म हिँड्न अत्यास लागिसकेको भने छैन।

पानी पनि वेलावेला छिटाउँदै छ र रोकिँदै पनि छ। सहयोगी हाम्रो तालमा भारी बोकेर हिँड्न गाह्रो हुन्छ भनेकाले पानी आउन लाग्यो भनेचाहिँ पर्खनु नि भनेर उसैको तालमा छोडिसक्यौँ।

हिउँले खाएर भर्खरै तङ्ग्रिदै गरेका नाङ्गा रूखहरू कुनै टुप्पो भएका कुनै टुप्पो भाँचिएका जस्ता स्वरूपमा देखापर्न थाले। यी रूखहरूका हाँगा लच्किएर माथि फर्कनुको साटो तल झुकेका जस्ता देखिँदैछन्। अब भने लेकाली वनको स्वरूप पस्कँदै रहेछन् रूखहरू। गोब्रेसल्लाका रूख पनि झ्याउहरू रूखभरी बोकेर देखापर्दै छन्। ठाउँठाउँमा बडेमान्का रूखहरू लम्पसार परेर ढलिरहेका छन्। यी ढलेका रूखहरू बेच्ने हो भने देशले अरबौँ कमाउन सक्थ्यो होला है! मैले भनेँ। तर ढलेको रूख दिँदा नढलेका रूखहरूको चोरी पैठारी बढ्न सक्छ! त्यसैले नदिएको होला, मोतीराज बम र नयाँघरे बताउँदैछन्।

पानी छिटाउँदै हराउँदै गरेर हामीसँग लुकामारी खेल्न छोडेका छैनन्। पोहोर पनि दशहरामेलाको लागि आएका रहेछन् यी प्रहरीका असई र जवान। अहिले पनि खटिएका रहेछन् यही मेलामा। हामी सँगै छन् र बताउँदै छन्– यस वनमा देखिँदै गरेका जडिबुटीका बारेमा। अब यहाँबाट लेक लाग्छ कुनै झार नछुनुहोला र नसुँघ्नु होला भनेर पनि जानकारी गराए। लेक लाग्छ कि डराउँदै पनि छु म।

माथि पुगेपछि छड्के बाटोमा आइपुग्यौँ। केही यात्री बसेर चिजबल खाँदै रहेछन्। पहाडको भित्तो प्वाल छ। मुख छिराएर दर्शन गर्नुपर्छ है भनेर हामीलाई देखाउँदै छन्। एयरकुलर भनेर प्वाल नजिकै टाँसेको पनि रहेछ। सानो प्वाल भएको गुफाजस्तो ठाउँमा डराइडराई मुखभित्र

छिराएको त अद्भुतै लाग्यो। पसिनाले उफउफ भएका हामीलाई चिसो आइसभित्र छिरेजस्तै शीतल भयो। सुकेको मुख भिजेजस्तै भयो। भित्र केही आवाज आइरहेको जस्तो भने सुनिँदै थियो। खाएर निस्किएका प्लाष्टिक त्यसै जङ्गलमा नफालौँ भनेर आफूआफैले बोक्यौँ।

फेरि उकालो आयो। अब विस्तारै पानी र हल्का असिना पनि पर्न थाल्यो। तर केहीबेरमा रोकिइहाल्यो। घना वन विविध जातका रूखहरू, शान्त मन, प्रकृतिसँग एकाकार हुँदै प्रकृतिका सुन्दर पक्षका गफ चुट्दै उक्लिदै छौँ। सेतो पाडो हाम्रो अगाडि देखा पऱ्यो। अलि माथि पुगेपछि भैँसी पनि देखियो। भैँसीको रौँ पनि अलिअलि सेतो रहेछ। ओहो लेकमा त भैँसी सेतो पो हुँदो रहेछ कि के हो ? म कराएँ। पूरै कालो भैँसीमात्र देखेको मैले। एकै छिनमा भैँसीमालिक लठ्ठिलिएर आइपुगे धपाउन। यताका गाईभैँसीलाई घाँटीमा घण्टी झुन्डाइदिएको हुँदो रहेछ। वनमा कता छ भनेर थाहा पाउने अस्त्र हुनुपर्छ यो।

ओहो ! पानी आइ पो हाल्यो। अब त धररर असिना पनि बोकेछ सँगै। रूखको ओत लागेर बस्दाबस्दै केही भिजिइहालियो। पानी थोरै रहेपछि डौडिन थाल्यौं। अब भने उकालो सकिएको रहेछ। बाटो तेर्सोतर्सो रहेछ। पानी आएकोले त्यतै छेउ लागेर भारी बिसाएर हामीलाई कुर्दै बसेका रहेछन् भाइ। हामीले झोलाबाट रेनकोटहरू झिकेर लगायौँ तर पानी भने रोकिइसकेको थिएन।

सय दुई सय मिटर हिँडेपछि खप्तडको विशाल पाटनभित्र पो छिऱ्यौँ हामी। केहीछिन त हेरेको हेऱ्यै भयौँ अवाक भएर। धर्तीको स्वर्गको रूपमा रहेको खप्तडको यस पाटनको सुन्दरतालाई। वरिपरि हेरिसकेपछि बल्ल फोटो सुट हुन थाल्यो यहाँको। तर हामीलाई स्वागत गर्न चिसो बतास पनि सँगै लिएर बसेको रहेछ पाटन। लेकको जाडो अनुभव गर्दै थियो शरीर।

चट्ट मिलेको वर्गाकार र अण्डाकार जस्तो रूपहरूमा पाटनहरू फैलाएर, त्यहाँदेखि माथि टुप्पोसम्मै देखिएका वनहरूमा देवदारका त्रिकोण युक्त रूखहरू उमारेर वनहरूलाई पनि त्रिकोणजस्तै आकारप्रकारमा ढालेर साह्रै सुन्दर र लोभलाग्दो स्वरूपमा देखापर्दै थियो खप्तड त्यस साँझ।

हाम्रो रातको बसाइ त्यहाँ थिएन। गन्तव्यमा पुग्न अझै बाँकी रहेछ। त्यसैले बाँयातिर सोझिएको बाटोतिर लम्कनु नै थियो हामीलाई र त्यतैतिर लम्कियौँ। पाटनका छेउछाउमा धापजस्तो थोरै पानी जमेको पनि देखिँदै थियो।

अहिले बझाङ जिल्लाको छान्ना गाउँ हुँदै घना वन उक्लिएर भेटिएको पाटनलाई बाईबाई भन्दै फेरि वनभित्रको बाटोमा हिँड्दै छौँ। अहिले उकालो होइन, तर्सैतेर्सो छ बाटो। देवदारका अग्ला अग्ला रूखहरू दायाँबायाँ उभिएर स्वागत गर्दैछन् हामीलाई।

वन सकिएछ, फेरि पाटनहरू देखापरे। पारि बायाँतिरको पाटनमा आर्मीक्याम्पहरू देखापरे। अब कता जाने हो अलमल्ल पऱ्यौँ। आर्मीक्याम्पमा पुगेका यात्रीहरू ओर्लदै थिए तलतिर। हामीलाई पनि आर्मीक्याम्पतिर नगईकन सोझै तलतिर ओर्लिएर दायाँतिर जानु भनेर मानिसहरू चिच्याउँदै थिए पारिबाट। हामी आएको बाटोदेखि तल झरेर वायाँतिर मोडिएको बाटो लाग्यौँ।

पानी झर्लाझर्ला जस्तो कालो बादल मडारिँदै थियो आकाशमा। रोकिनुहुँदैन अब युवराज दाइले भन्नुभयो र छिटोछिटो पाइला बढाउन थाल्यौँ। पानी पऱ्यो कि असिना झरिहाल्दो रहेछ यहाँ। धनगढीका पदमराज जोशीजीले भन्नुभएको थियो पहिले– खप्तडको यात्रामा निम्तो पठाउँदै गर्दा यहाँको वातावरण। साँच्चै भोग्दै र देख्दै छौ हामी अहिले यहाँको वातावरण

नेपाल साहित्य तथा संस्कृति प्रतिष्ठान गोदावरी कैलाली र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं. ७ नेपालको संयुक्त आयोजनामा हुन लागेको खप्तड अन्तर्राष्ट्रिय सांस्कृतिक पदयात्रा तथा काव्य सम्मेलन २०७५को कार्यक्रममा सहभागी हुनको लागि काठमाडौंबाट हामी केही साहित्यकारहरू पनि यहाँ निम्त्याइएका थियौं ।

अँधेरो होलाहोला जस्तो हुन थालिसकेको छ मौसम । बाटोमा ढुङ्गाहरू छापेको रहेछ । त्यही बाटोलाई नछोडी अगाडि बढिरहेछौं हामी । बाटोको बायाँतिर भिरालोमा गुलाफी रंगको फूल फुलिरहेका छन् । सानो कुलेसो जस्तोमा पानी बग्दै छ । त्यसलाई तरेर थोरै उक्लिएपछि तीनवटा टहरा देखा परे । त्यहीँ रहेछ हाम्रो लागि खप्तड बसुन्जेलको बास ।

त्यहाँदेखि थोरै तल त्रिवेणी धामको तीर्थमा रहेका मन्दिरहरू, जहाँ सहस्रलिङ्गबाट झरेको गङ्गा नदी, जसलाई सोलिङ खोला भनिन्छ । त्यो खोला, अर्को डाँफेकोटबाट आएको यमुना नदीको रूपमा बहने डाँफेकोट खोला र सरस्वती नदी मिलेर त्रिवेणीको पवित्र तीर्थस्थल बनेको रहेछ । त्यहाँदेखि पूर्वतिर सीधै माथि अछामको डाँडाको टुप्पोमा रहेछ सहस्रलिङ्ग, जुन लिङ्ग भगवान् शिवका पाँचवटा शिलामध्ये एउटा ठूलो विशिष्ट 'शङ्करशिला' हो भन्ने मान्यता रहिआएको छ । त्यहाँदेखि पश्चिमतिर केही माथि वनभित्र रहेछ श्रद्धेय परमपूज्य श्री १००८ स्वामी सच्चिदानन्द सरस्वती खप्तडबाबाको आश्रम । भीडभाड बढ्दै थियो ।

हामी सबैभन्दा माथि रहेको टहरोमा गएर बस्यौं । कालो म्याट दुवै साइड पारेर ओछ्याइएको रहेछ । त्यहाँ गएर के जिउलाई बिसाएका मात्र थियौं, बाहिर मुसलधारे पानी र असिना करिब दुई घण्टा जति पऱ्यो । धन्न आइपुगिएछ भनेर भगवान्लाई धन्यवाद दियौं । तर हाम्रा केही साथीहरू भने आइपुगेका रहेनछन् । पछि निश्चुक्क भिजेर असिनाको चुटाइले गर्दा भोलिपल्टसम्म पनि हात ठिऱ्याउँदै र दुख्दै छ भन्दै थिइन् गीता कार्की । ठाकुर बेलबासेले आफू भिजेर पनि भारतीय कविलाई बचाएर ल्याएको चर्चा आउने दिनसम्म चलिरह्यो । उनमा भएको सहयोगी भावनाको उदाहरण थियो त्यो । तर यसरी भिजेकोले उनलाई केही बिसन्चो भने पारेको थियो ।

धेरै सुनेको र भर्खरै भेट्दै गरेको खप्तडलाई अझ बृहत् रूपमा देख्नु र प्रीत बसाउनु त बाँकी नै थियो भोलिका दिन । त्यसैले खप्तडसँगको प्रेमको आश बोकेर खप्तडको चिसोमा तातो प्रीतिको आस सँगालेर शुभरात्री खप्तड भन्दै उसैको काखमा निदाएर उसैको सपना देख्न थालें ।

बालाजु

के तपाईंलाई थाहा छ ?

२०७३ को वर्ष पुस्तक आइसकेको छ र हामी २०७४ वर्ष पुस्तकमा जुटिसकेका छौं । २०७४ वैशाखदेखि ऐ. चैत्रमसान्तसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दै छौं । हामीलाई टिप्पणीका लागि पुस्तक वा परिचयका लागि जानकारी उपलब्ध गराउनुहोस् ।

साहित्य संवर्द्धन केन्द्र
शब्दार्थ प्रकाशन
चाबेल गणेशस्थान, काठमाडौं
४४९७३५१/९८४१४९६१०३

समालोचना

शुभेच्छुको 'एक्लो यात्रा' लाई नियाल्दा

■ अम्बिका अर्याल

१. उठान

रमेशकुमार लुइँटेल नै साहित्यिक क्षेत्रका आधुनिक हस्ती रमेश शुभेच्छु हुन् । उनले हालसम्म दर्जनौँ काव्यात्मक कृतिहरू प्रकाशित गरिसकेका छन् । गजल, कविता, बालकाव्य, मुक्तक, समालोचना आदि क्षेत्रमा कलम चलाएका शुभेच्छुको एउटा कवितासङ्ग्रह हो– एक्लो यात्रा (२०७१) । विषयगत एवम् छन्दगत विविधताले भरिपूर्ण उनका यस कवितासङ्ग्रहका कवितामा समाजमा देखिएका विकृति र विसङ्गतिको विरोध गरिएको छ। विशेषगरी राष्ट्रियता गुम्दै गएको वर्तमान परिप्रेक्ष्यमा देशका हितका लागि सोच्नुपर्ने अवस्था तथा सम्पत्तिका पछि लागेर मातृभूमिलाई बिर्सन नहुनेजस्ता सन्देश उनका कवितामा सशक्त रूपमा मुखरित भएका छन् । उनको 'एक्लो यात्रा' कवितासङ्ग्रहभित्रका सैँतीस कविता पढिसकेपछि त्यसले पारेको प्रभावलाई यहाँ प्रस्तुत गरिएको छ ।

२. 'एक्लो यात्रा' कवितासङ्ग्रहका विविध पक्ष

शुभेच्छुको एक्लो यात्रा कवितासङ्ग्रहका कवितामा प्रस्तुत विषयगत एवम् भावगत विविधता, अलङ्कारगत विविधता तथा छन्दगत विविधतालाई यसमा प्रस्तुत गरिएको छ ।

२.१ विषय एवम् भावगत विविधता

कविता विधाप्रतिको सचेतनाका सम्बन्धमा अवगत हुँदाहुँदै पनि आफू त्यसमा सफल हुन नसकेको अनुभूतिलाई यसै पुस्तकको आत्मनिवेदनमा प्रस्तुत गर्ने कविको त्रासलाई प्रस्तुत कृतिले मेटिदिएको छ। यसमा कवितामा हुनुपर्ने सशक्त तत्त्व लयविधान, भाव वा विचार, विषय आदि सङ्गतिपूर्ण र सबल देखिन्छन् । उनका कवितामा विषयगत विविधता र मौलिकता रहेको सन्दर्भलाई शीर्षकले नै समेटेका छन् । उनका यस सङ्ग्रहमा जन्मभूमि, यिनीहरू, मणिपुर, मेरो स्वाभिमान, सुखदुःख, भक्ति, सिमाली, थुम्काको छाती, स्वदेश साज, मुन्तला, गुरु, गमलाको पीपल दुई, भानुको चुनौती, सगरमाथा, उथलपुथल, स्वावलम्बन, स्वयम्भू मरुभू, लक्ष्य, सिर्जना, संविधान, आस्था, कमिला, विश्वास अविश्वास, मेरो राजा, आमा...चार, शरणार्थी, यसपालिको दशैँ, धर्म अधर्म, इतिहास, ठूलो घर, सिलिगुडी, नयाँ नेपालको जय, दृष्टि, उखु, शुभेच्छा, मान्छेको खोजी र एक्लो यात्राजस्ता शीर्षकहरू संरचित छन् ।

'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' भन्ने मूल मर्मलाई उनका जन्मभूमि, स्वदेश साज, सगरमाथाजस्ता कविताले समेटेका छन् । विशेषगरी बालापनको नोस्टाल्जियालाई जन्मभूमि शीर्षकको कवितामा मार्मिक ढङ्गले प्रस्तुत गर्दै जन्मभूमिप्रतिको हरेक सन्तानको आस्था तथा प्रेमलाई यसमा दर्शाइएको छ। बालपनमा मावलका घरमा बितेका क्षण, रमाइलो याद, बालसुलभ खेलको सम्झना, बालसखीको याद, बदमासीयुक्त चञ्चल प्रवृत्तिको स्मरणलाई यसमा स्वाभाविक रूपमा प्रस्तुत गरिएको हुनाले

यो नोस्टाल्जिक कविता बन्न पुगेको छ। यिनीहरू शीर्षकको कवितामा वर्तमान समाजमा मानवमा देखापरेका विकृति, विसङ्गति र विनाअर्थको दौडधुप तथा सङ्घर्षमा फसेको जीवनको चित्रण पाइन्छ। यसमा कसैको अनुकरण गरेर आफू उद्देश्यमा पुग्न नसकिने यथार्थबोधलाई प्रस्तुत गरिएको छ।

शुभेच्छुको मणिपुर पुर्खाको अविस्मरणीय योगदानप्रतिको सम्मानमा रचित कविता हो। यसमा धर्मप्रतिको आस्थाभाव पनि प्रतिविम्बित भएको छ। मेरो स्वाभिमान कवितामा कविको आफ्नै आत्मस्वाभिमानको गाथा प्रतिविम्बित भएको देखिन्छ। स्वाभिमानका अगाडि अरू केही झुक्न सक्दैनन् भन्ने भाव यसमा सलबलाएको छ। कसैको लोभ र धम्कीमा नपरी आफ्नो अटल विश्वासलाई लिएर मार्ग पथमा अगाडि बढ्ने प्रवृत्तिलाई यसमा उजागर गरिएको छ। उनको सुखदुःख शीर्षकको कवितामा दार्शनिक चेत पाइन्छ। विशेष गरी धन र दौलतका पछि पर्नेहरू सधैँ दुःखमा फस्ने हुनाले मानसिक सुख नै वास्तविक सुख हो भन्ने भावलाई यसले प्रस्तुत गरेको छ। उनको भक्ति कवितामा सोझोको मुखमा घोचो भन्ने लोकोक्तिको पुष्टि भएको छ। सिधासाधा भन्दैमा पशुको हत्या त छँदैछ मानवमाथि पनि अमानवीय व्यवहार गर्ने प्रवृत्तिको विरोध यसमा पाइन्छ। देवीदेवताका पूजाका लागि जसरी पशुहरू बलि चढिरहेका छन् त्यसरी नै शक्तिका पूजाका लागि निर्धाहरूलाई मार्ने प्रवृत्तिप्रति उनले व्यङ्ग्य गरेका छन्। उनका कवितामा प्रकृतिको मानवीकरण पाइन्छ। सिमाली शीर्षकको कवितामा उनले बिरुवाका माध्यमबाट मानवका आचरणलाई प्रस्तुत गरेका छन्। यसमा समयअनुकूल सिमालीलाई मान्छेले आफ्नो हितका लागि कहिले घोचो, कहिले दाउरो, कहिले थाङ्ग्रो, कहिले लाठोका रूपमा प्रयोग गरेझैँ सोझा र निमुखालाई अनेक रूपमा प्रयोग गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ। उनले सिमालीको काटेर हाँगो मात्र जमिनमा गाढे पनि पुनः जीवन लिने विशेष प्रवृत्तिलाई आफ्नो जीवन दर्शनसँग जोड्न पनि यहाँ भ्याएका छन्।

थुम्काको छाती शीर्षकको कवितामा पनि प्रकृतिकै मानवीकरण गरिएको छ। थुम्काले कति चोट सहेको छ भन्ने सन्दर्भ अरूले नजानेको तर ऊमाथि भएको अन्यायका विरुद्धमा उसले उठाएको आवाजलाई यसमा प्रस्तुत गरिएको छ। साना काँधमा कुल्चेर आफू अग्लो भएको दम्भ गर्ने हिउँका थुप्राप्रतिको आक्रोश भावमार्फत वर्तमान समयमा देखिएका ठूलाठालुको प्रवृत्तिलाई यसमा व्यङ्ग्य गरिएको छ। उनको स्वदेश साज देशभक्ति भावले भरिपूर्ण कविता हो। आफ्नो मातृभूमिलाई छाडेर विदेशमा लोभिएका नागरिकलाई ससम्मान आफ्नो देशमा जीवन बिताउन आग्रह गरिएको कविता हो यो। यसमा देश बनाउनु छ भने हामी नागरिकले त्यसको जिम्मा लिएर निस्वार्थ यहीँ पसिना बगाउन सक्नुपर्छ भन्ने भाव प्रस्तुत गरिएको छ।

शुभेच्छुको मुन्तला शीर्षकको कवितामा अभिधा अर्थमा आफूलाई निरीह फलका रूपमा लिएर मानिसका स्वार्थ पूरा गर्न नसक्ने फलका रूपमा मुन्तलाका पीडालाई प्रस्तुत गरिएको छ। लक्षणा र व्यञ्जनाको तहमा भने यो प्रकृतिको मानवीकरण गरिएको यस्तो कविता हो, जसले आफ्नो स्वार्थसिद्धिमा केन्द्रित मानवीय प्रवृत्तिलाई द्योतन गर्दछ। कुनै पनि व्यक्ति स्वार्थविना कसैको नजिक नपर्ने सन्दर्भलाई यसले लक्षित गर्दै त्यस्तो प्रवृत्तिका व्यक्तिले आफ्नो नजिक नपरे हुने तथ्य

प्रस्तुत गरेको छ। यस्तै फलफूलका माध्यमबाट मानवमा आफ्नो पहिचान र अस्तित्वको चिन्ता बढ्दै गएको सन्दर्भलाई पनि यसले प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ।

'गुरुदेवो भवः' भन्ने मान्यतालाई शुभेच्छुको गुरु कविताले मार्मिक ढङ्गमा प्रस्तुत गरेको छ। यसमा आफू रित्तिएर अरूलाई भर्ने, ज्ञानका सम्राट्, मानका अग्ला चुली, त्यागी, आफै बलेर दुनियाँलाई उज्यालो दिने, उच्च गरिमायुक्त व्यक्तिका रूपमा गुरुको महिमा गाइएको छ। गमलाको पीपल दुई शीर्षकको कवितामा निश्चित बन्धनमा बाँधेर स्वतन्त्रता खोस्दा वनस्पतिमा पर्ने चोटका माध्यमबाट स्वतन्त्रताको खोजीलाई प्रस्तुत गरिएको छ। गमला र पीपल दुई विम्बबाट मानवीय स्वतन्त्रता चेतलाई सशक्त ढङ्गले उठाइएको छ।

उनको भानुको चुनौती शीर्षकको कवितामा आफू भानुभक्त बनेर भानुका पीडालाई शब्दमा व्यक्त गरिएको छ। आजका पुस्ताले विगतका प्रतिभाले जस्तो भाषा, साहित्य र कलाको जगेर्ना गर्न नसकेको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ। अवसर र स्रोत साधन नहुँदा नहुँदै पनि अग्रज पुस्ताले गरेको योगदानका तुलनामा अवसर र स्रोत साधन भएर पनि कमजोर बनिरहेको वर्तमान पुस्ताको निरीह पक्षलाई यस कविताले उठाएको छ। सगरमाथा शीर्षकको कवितामा देशभक्ति र उच्चताको गायन गरिएको छ। सगरमाथा बन्ने रहर पूरा नभएको गुनासोलाई पनि यसमा पोखिएको छ। उथलपुथल शीर्षकको कवितामा वर्गीय, जातीयविभेदको अन्त्य र समानताका लागि प्राकृतिक उथलपुथलको खाँचो औँल्याइएको छ। प्रतीकात्मक रूपमा समाजमा भएका रुढिवादी सोच र विभेदको अन्त्यको चाहनालाई पनि यस कविताले लक्षित गरेको छ। स्वावलम्बन शीर्षकको कवितामा मानिसका स्वावलम्बी प्रवृत्ति हराउँदै गएको र अरूको गुणगान गाएर जीवन बिताउन नहुने सन्देशलाई प्रस्तुत गरिएको छ। स्वयम्भू मरुभू शीर्षकको कविता आफ्नै देशमा परिश्रम गरेर देशका लागि केही गर भन्ने भावले ओतप्रोत भएको कविता हो। यसमा मातृभूमिप्रतिको प्रेम र बिदेसिएका युवावर्गको पलायनप्रतिको चिन्ता प्रस्तुत भएको छ।

लक्ष्य शीर्षकको कवितामा लक्ष्यविनाको मानिस अधमरो हुने तथ्यलाई प्रस्तुत गरिएको छ। यसमा लक्ष्य बोकेर अगाडि बढ्न सके जस्तोसुकै चुनौतीलाई पनि चिर्न सकिने सन्देश प्रवाह गरिएको छ। लेखकको काव्यसाधनाप्रतिको आस्थालाई सिर्जना शीर्षकको कवितामा सम्प्रेषित गरिएको छ। यसमा सर्जकले सिर्जना गरिसकेपछि राख्ने स्वाभाविक चाहलाई प्रस्ट रूपमा अभिव्यक्त गरिएको छ। देशमा संविधान आउने आशामा हजारौँ नागरिकका आँखा थाकिसकेको सन्दर्भमार्फत् कानुनी व्यवस्थाको मागसहित संविधानको अपेक्षा गरिएको सन्दर्भलाई संविधान कवितामार्फत् प्रस्तुत गरिएको छ। आस्था शीर्षकको कवितामा हिमाली चुचुरा र वरपीपललाई प्रतीकात्मक रूपमा लिएर आफ्ना श्रम र पसिना बगाउने, दुःख र चोटलाई सहेर अरूलाई ऊर्जा दिने, बाटो देखाउने, स्वाभिमान बचाउनेप्रतिको श्रद्धालाई प्रस्तुत गरिएको छ। कमिला शीर्षकको कवितामा सानो जीव कमिलाका जतिको मेलमिलाप र बाँडचुँड गर्ने प्रवृत्ति एवम् सञ्चय गर्ने प्रवृत्ति नभएका विकृत मानसिकता बोकेका भ्रष्टचारी मानिसप्रतिको व्यङ्ग्य सशक्त बनेको छ। कमिलाबाट धेरै कुरा सिक्नुपर्ने भाव यसमा अभिव्यञ्जित भएको छ। उखु शीर्षकको कविता पनि प्रकृतिको मानवीकरण गरिएको कविता हो। यसमा आफू पेलिएर,

थिचिएर, चपाइएर भए पनि अरूलाई मिठास दिने उखुमा भएको भित्री शक्ति तथा क्षमताको पहिचान गर्न सक्नुपर्ने भावलाई प्रस्तुत गरिएको छ। मेरो राजा शीर्षकको कविताले शब्दका पछि नलागेर वर्तमान समयमा त्यसको अभिप्राय र मूल्यको खोजीमा केन्द्रित हुन प्रेरित गरेको छ। यसमा राजा भन्ने शब्दमाथि विभिन्न प्रश्नहरू उठेर यसको अर्थ नै मरेको वर्तमान सन्दर्भमा सच्चा प्रेमीलाई त्यो उपनाम नसुहाउने भाव प्रेषित गरिएको छ। प्रकारान्तरले राजतन्त्रको विरोध गरिएको कविताले प्रेमका अर्थमा पनि त्यतिकै सहज अभिव्यक्ति दिएको छ।

शुभेच्छुले जसरी गुरूप्रतिको महिमा र आस्थालाई प्रस्तुत गरेका थिए, त्यसरी नै आमाप्रतिको श्रद्धालाई आमा...चार शीर्षकको कवितामा प्रस्तुत गरेको पाइन्छ। यसमा जननीको पूजा तथा श्रद्धालाई जोख्ने तराजु नै नभएको सन्दर्भ प्रस्तुत गरेका छन्। आमालाई कुनै शब्द, अर्थ र सन्दर्भले परिभाषित गर्न नसक्ने तथा आमाको सन्तानप्रतिको समर्पण तथा निस्वार्थ प्रेमलाई संसारको कुनै पनि वस्तुले जित्न नसक्ने सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ। शरणार्थी शीर्षकको कवितामा देशभित्र बसेर पनि अरू नागरिकले झैँ सेवाभोग गर्न नपाएका निरीह जीवन बिताउन बाध्य शरणार्थीका समस्यालाई प्रस्तुत गरिएको छ। यो एउटै कविताले देशीय र अन्तरदेशीय शरणार्थी समस्यालाई समेटेको छ। यसमा मानव भएर मानवीय अस्तित्व, अधिकार र सेवाबाट वञ्चित जीवन बिताउँदाका पीडालाई शरणार्थीका नजरबाट पोखिएको छ।

यसपालिको दशैँ शीर्षकको कवितामा दशैँ मनाउने नाममा भएको विकृति र विसङ्गतिको विरोध गर्दै घाँटी हेरी हाड निल्ने परम्पराको विकासको अपेक्षा गरिएको छ। यसमा देखावटी संस्कृतिले भाइचारा र सद्भाव बढाउने भन्दा गरीबलाई झन् गरीब बनाउने सन्दर्भप्रति सचेत हुन आग्रह गरिएको छ। चाडपर्वमा देखिने वर्गीय अन्तरलाई पनि जीवन्त रूपमा प्रस्तुत गरिएको छ। धर्मअधर्म शीर्षकको कवितामा काटमार, भोगजस्ता देखावटी धर्मका गतिविधिको विरोध गरी मनभित्र आस्था हुनुपर्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ। नयाँ नेपालको जय शीर्षकको कवितामा देशमा भएको विकृति, विसङ्गति, भ्रष्टाचार, लुट, शोषण, दमन, अनावश्यक खर्चजस्ता विषयको विरोध गरिएको छ। मान्छेको खोजी शीर्षकको कवितामा मानवता हराएको वर्तमान परिप्रेक्ष्यमा मान्छे नै नभेटिएको सन्दर्भलाई प्रस्तुत गरिएको छ। उनको एक्लो यात्रा शीर्षकको कवितामा अरूले जेजस्तो उपमा दिए पनि मानिस एक्लै जन्मिएको छ र एक्लै यात्रा गर्नुपर्ने उसको बाध्यता छ भन्ने सन्दर्भलाई कलात्मक रूपमा चित्रण गरिएको छ। लक्ष्य बोकेर एक्लै हिँड्ने र जुध्ने प्रवृत्ति आफूमा भएको तथा जतिसुकै दुःखमा पनि सङ्घर्ष गर्न पछि नपरेको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ।

२.२ अलङ्कारगत विविधता

शुभेच्छुका कवितामा अलङ्कारको प्रयोग सबल बनेको छ। उनका कवितामा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग भएको छ। यसमा अनुप्रास, उपमा, दृष्टान्त, यमक, अभेदारोप आदि अलङ्कारको प्रयोग पाइन्छ। स्वर र व्यञ्जनको समुदाय उही आनुपूर्वी लिएर दोहोरिएको भए यमक अनुप्रास (शब्दालङ्कार अन्तर्गतको अनुप्रासको एक भेद) हुन्छ (शर्म्मा, २०५८: २१३)। यिनीहरू शीर्षकको कविताको पद्यांशलाई यसका उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ।

'सला-म-लाम लासका प्रमाण हुन् यिनीहरू
प्रताप तापका गुरु प्रमाण हुन् यिनीहरू ।'
(यिनीहरू, पृ. १२)

यस पद्यांशमा लाम तथा ताप शब्दको आवृत्तिले यसलाई यमक अनुप्रासयुक्त बनाएको छ। यस्तै उनका कवितामा रूपक अलङ्कारको प्रयोग भएको छ। यसका उदाहरणस्वरूप यहाँ मेरो राजा शीर्षकको कविताको पद्यांशलाई प्रस्तुत गरिएको छ।

'बरु चन्द्रा तिमी मेरी
म चैँ चन्द्रचकोर हुँ ।' (मेरो राजा, पृ.४७)

उपमेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा रूपक अलङ्कार हुन्छ (शर्म्मा, पृ. २२३)। यसमा तिमी अर्थात् प्रेमिकालाई चन्द्रा र म अर्थात् प्रेमीलाई चन्द्रचकोरका रूपमा अभेद आरोप गरिएको छ।

शुभेच्छुका कवितामा शब्द तथा अर्थालङ्कारका विविध पक्षहरू समेटिएका भए पनि यो सङ्क्षिप्त लेख भएकाले केही मात्र समेटिएको हो।

२.३ छन्दगत विविधता

आधुनिक युवापुस्तामा छन्दप्रतिको आकर्षण घट्दै गइरहेको परिप्रेक्ष्यमा शुभेच्छुको यस कविता सङ्ग्रहले आशालाग्दा किरण छरेको छ। यसले एकपल्ट युवावर्गलाई छन्दोबद्ध कवितातर्फ अभिप्रेरित गरी झकझकाउन सबल भूमिका निर्वाह गरेको छ। यसमा भएका सैँतीस कविताहरू सबै छन्दबद्ध छन्। तीमध्ये शार्दूलविक्रीडित छन्दका ७, पञ्चचामर छन्दका २, अनुष्टुप छन्दमा रचित १७, मन्दाक्रान्ता छन्दयुक्त ४, भुजङ्गप्रयात छन्दका ३, वसन्ततिलका छन्दमा रचिएको १, मालिनी तथा उपजाति छन्दका एक एक गरी आठवटा छन्दका कविताहरू सङ्ग्रहित छन्। यसमा सबैभन्दा बढी अनुष्टुप् छन्दका देखिन्छन्।

३. निष्कर्ष

आधुनिक समयका सशक्त प्रतिभाका रूपमा देखिएका शुभेच्छुका कवितामा विविध विषयलाई विविध छन्दमा प्रस्तुत गरिएको छ। यसमा वर्तमान समाजमा भएको विकृति र विसङ्गतिको व्यङ्ग्य एवम् देशप्रेमको भावलाई प्रस्तुत गरिएको पाइन्छ। उनका धेरैजसो कवितामा देशकै चिन्ता देखिन्छ। आफ्नो देश आफै बनाऔँ भन्ने नारालाई सार्थक रूप दिने उनका कविताले जननी र जन्मभूमिप्रतिको श्रद्धा कहिल्यै नघटोस् भन्ने अपेक्षा गरेको छ। राज्यमा देखिएको अशान्ति, भष्टाचार, एक्लोपन, अमानवीयता, द्वन्द्वजस्ता पक्षलाई निर्मूल पार्ने सोच कविताले बोकेको छ। एक्लै पनि यसका लागि सङ्घर्षपूर्ण यात्रा गर्ने लक्ष्यलाई शुभेच्छुको एक्लो यात्रा कवितासङ्ग्रहका कवितामार्फत प्रस्तुत गरिएको छ। यसरी उनका कवितामा विषयगत विविधता, भाव तथा विचारगत विविधता, छन्द एवम् अलङ्कारगत विविधता पाइन्छ। यस कवितासङ्ग्रहका कविताले शुभेच्छुलाई छन्दगत कविका रूपमा मात्र नभएर विशिष्ट काव्यसाधकका रूपमा चिनाएको छ।

सन्दर्भसूची

शर्मा, सोमनाथ (२०५८), साहित्य प्रदीप, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शुभेच्छु, रमेश (२०७१), एक्लो यात्रा, काठमाडौँ : कलर्स इन्टरनेसनल पब्लिकेसन प्रा. लि।

त्रिपाठी र अन्य (२०६०), नेपाली कविता भाग ४ (सम्पा.), चौँथो संस्करण, ललितपुर : साझा प्रकाशन।

***

नेपाल आमा

■ ज्ञान दोङ

पृथ्वीकै स्वच्छ पवित्र
स्थानमा म अवस्थित छु
प्राकृतिक सुन्दरतामा म
ज्ञान दोङ
संसारकै सुसज्जित रानी छु।

तराई मेरो खेल्ने आँगन हो,
पलेटी कसेर म बसेकी छु
निर्मल मेची र महाकालीले
मेरो करेसोबारी घेरेकी छु।

हरियाली पहाड मेरो शरीर हो
पहिरनमा म सजिएकी छु
डाँडापाखा मेरा पोल्टाहरूमा
अमूल्य खजानाहरू लुकाएकी छु।

हिमाल मेरो शिर हो,
जहिल्यै म मुस्कुराई शान्तिको भाव छर्दछु।
संसारभरिका रमितेहरूलाई
हरपल हाँसेर म स्वागत गर्दछु।

सन्तानले विदेश नरोजिदिए
उर्वरा ऊर्जावान् हुन्थें म
मिलिजुली विकास गरिदिए
स्वर्गको राजधानी बन्थे म।

खाएर जङ्गलको कन्दमुल
पुर्खाहरू तिम्रा बस्दथे सोखले
मर्दैनौ तिमीहरू मेरो काखमा हेर
इथियोपिया जस्तो कोही भोकले।

बिर्सिदेऊ विदेश ए सन्तान हो !
गाँउघरमै जाँगर चलाऊ
आमाकै काखमा बसेर अब
पुर्ख्यौली चुलो जलाऊ।

***

गजल

■ लीलाराज दाहाल

स्वार्थको झोला बोकेका छन् उनले
झोलामा खोला बोकेका छन् उनले।

केटाकेटीलाई उसै भुलाउन होला
हेर कोकाकोला बोकेका छन् उनले।

तस्करी गर्छन् हिरा जवाहरातको
तोलाका तोला बोकेका छन् उनले।

मित्रजनलाई भेटे सताउनका लागि
बारुलाको गोला बोकेका छन् उनले।

सानालाई भेटे त ताकेरै हान्छन्
हातमा सोला बोकेका छन् उनले।

भित्र राक्षसीपन छ वाहिर भने
मान्छेको चोला बोकेका छन् उनले।

बागमती ११, कर्मैया, सर्लाही।

कथा

सीमान्त जीवन

■ कुमार काफ्ले

एक दिन छोरी स्कूलबाट रूँदैरूँदै घर फर्किइन् । घरका सबैले के भयो ? किन रोएकी भनेर सोधपुछ गरे, तर उनले हिँक्क हिँक्क मात्रै गरिरहिन् । रोएको किन हो त्यो बताइनन् । मन कुँडियो । साँझ खाना पनि खान मन गरिनन् । कर गरेरै खुवाइयो । पक्कै पनि उसलाई चित्त दुख्ने गरी कसैले केही भनेको हुनुपर्छ, नत्र त उनी त्यति कमजोर हृदयकी होइनन् । कसैसँग झगडा नगर्ने र कहिलेकाहीँ गरिहाले पनि घरमा नसुनाउने उनको स्वभाव हो । यो हामी सबैले अनुभूति गरेकै विषय थियो । उनी रुँदा लाग्छ टेकेको भूमि भासिए झैँ, अनि आउँछ अतीत पहाड ठडिए झैँ ।

छोरीको सुँक्कसुँक्कसँगै विगत ताजा भएर आयो फेरि यति वेला । बिहे भएको छ साल बितिसक्दा पनि हामीले सन्तानसुख नपाएकाले घरपरिवारका सबैमा चिन्ता बढेको थियो । त्यसपछि परीक्षण र उपचारमा लामो समय र पैसा खर्चियौँ तर उपलब्धि हातलाग्यो शून्य । अब जिन्दगी यसै गरी चल्ला नचल्ला भन्ने धरमरमा थियौँ हामी । आफ्नो कमजोरी थाहा पाएपछि रक्षाले मसँग अर्को बिहे गर्न जिद्दी गर्न थालेकी थिइन् । म भने कहिले उनको यस्ता कुराको प्रतिकार गर्थें त कहिले हाँसेर टारिदिन्थें । घरपरिवारमा भने उपचार हुँदैछ, केही वर्षमा हुन्छ रे भनेर टार्दै थियौँ । उनी समझदार नारी थिइन् र मेरो लाइब्रेरीमा भएका धेरै पुस्तकहरू पढिसकेकी थिइन् । तिनमा 'नासो' कथा र 'मसान' नाटक छुट्ने कुरै आएन । ती पुस्तक उनी बारम्बार पढिरहन्थिन् र धरधरी रुन्थिन् । मलाई उनले अर्को बिहे गर्नू भनेर प्रकटमा भने तापनि मनमा के खेलिरहेको छ भन्ने बुझ्न मलाई कुनै गाह्रो थिएन ।

मोटोपनको शिकार हुन थालेपछि चिकित्सकको सल्लाह अनुसार हामी जोईपोइ नै बिहानी हिँडाइमा निस्कन थालेका थियौँ । एकदिन अलि छिटो उठिएछ र झिसमिसे उज्यालो नहुँदै रक्षा र म गल्ली नाप्दै थियौँ । जैसीदेवल मन्दिरनेर पुगेपछि एउटा बच्चा रोएको चीत्कार सुनियो । हाम्रा गोडा एक्कासि रोकिए । निकैबेर त्यो असह्य रोदन सुनेपछि हामी त्यतै गयौँ । थाङ्नाथरामा पोको पारी गुटुमुटु बनाएर राखिएको एक शिशु बेवारिसे अवस्थामा देखियो । यताउता चारैतिर हेर्‍यौँ । अहँ कोही देखिएन । मैले रक्षातिर हेर्रें । उनी पनि मैतिर हेर्दै रहिछन् । मैले इशारा गर्रें । उनले ठ्याक्कै बुझिन् र हामी सरासर त्यो बच्चा लिएर अस्पताल पुग्यौँ । बच्चा टिपेर लगेको सायद यिनकी आमाले चिहाएर हेरिरहेकी थिइन् होला । हामीले लैजाँदै गर्दा हर्ष र विस्मात् कसरी गुजुल्टिएर आए होलान् ! त्यो छातीमा रहेको ममता र विवशता कसरी झुत्ताझुत्ती खेले होलान् ! अहिले पनि सम्झेर वेलावेला आहात हुन्छु म ।

पटकपटक अस्पताल आउजाउ गर्दा त्यस अस्पतालका केही डाक्टरले हामीलाई नजिकबाट

चिन्थे। हाम्रो साथमा नवजात शिशु देख्नेबित्तिकै उनीहरूले सायद कुरा बुझेछन् क्यारे ! बढ्ता सोधपुछ नगरीकन सघन उपचार कक्षमा लगे। केही दिन त्यही अस्पतालमै हेरचाह र रेखदेख गरेपछि हामी खुसीले पुलकित हुँदै घर फर्केका थियौँ। हाम्रो सानो परिवार हर्षातिरेकले गद्गद् भएको थियो। उसको आगमनले खुसी नहुने सायदै कोही थियो होला !

दिनदिनै छोरी हेरिरहुँ जस्ती हुँदै गइन्। म ऊसँग खेलेर गर बोलेर कहिल्यै अघाउन्नथें। रक्षा पनि त्यसै गर्थिन्। हामी दुईमा कहिलेकाहीँ त कसले बढ्ता समय छोरीसँग बिताउने र कोसँग रमाउने, हाँस्ने भनेर एक किसिमको अघोषित प्रतिस्पर्धा नै हुने गर्थ्यो। कहिलेकाहीँ त ईर्ष्याजस्तो पनि। कतै कसैले केही मीठो चोखो दिँदा पनि मैले खल्तीमा र उनले सल वा पछ्यौरामा हालेर ल्याइदिन्थ्यौँ। हामीले आफ्नो रगतलाई भन्दा पनि सकेको बढ्तै गर्ने कोशिस गरेका थियौँ। सायद आफ्नो नभएर पो हो कि ! अँ त, आफ्नो र अर्काको भनेर तुलना गर्नु नै बेकार थियो हाम्रो लागि। तुलना गर्न त दुईथोक चाहियो नि ! हामीसँग एउटी छोरी थिइन् स त्यही पनि उनलाई जसले जन्म दिइन् उनले कर्म दिन सकिनन् अनि हामीले जन्म दिन सकेनौँ स कर्म दिने प्रयास गरिरहेका छौँ। तर आज भएको घटनाले हाम्रो प्रयासमा केही कमी रहेछ कि जस्तो पिरलो लागिरहेको छ। उनलाई सही मार्गमा हिँडाउन सिकाउने, डोऱ्याउने क्रममा अलिकति ठूलो स्वर गरे पनि छिमेकीका तीखा वचन, जुन छाती छेडेर भित्र जान्छन्। वेलाबखत सुन्नपर्छ मन नलागे पनि। कर्म गर्नुपर्छ, कामभन्दा ठूलो संसारमा केही छैन भन्ने बुझाउन केही काम लगायो कि आइहाल्छ कुरो– 'आफ्नो रगत भए पो माया गर्थे, नोकर्नी बनाएर राखेका छन्।'

कहिलेकाहीँ फुर्सदमा सोच्ने गर्छु म, हाम्रो आफ्नै सन्तान भइदिएको भए यसको हालत के हुँदो हो ! त्यो मन्दिरमा बच्चा रोएको आवाज सुने पनि नसुने झैँ गरिँदो हो। अनि कठ्याङ्ग्रिदो जाडाले सके ज्यानै लिँदो हो। हामीले दौडाउँदै अस्पताल पुऱ्याउँदा त सघन उपचार कक्षमा राख्नुपरेको थियो। अथवा केही बेरपछि आमाको ममताले सीमा नाघेर दौडँदै आएर काखमा राखेर दूध चुसाउदी हुन् कि के गर्दी हुन् ! फेरि कोही घरमै बालबच्चा भएको मान्छेले भेट्टाएर लिएर गएको भए दुःखसुख हुर्काएर नोकरकै व्यवहार गर्दो हो कि ! तर हामीले पनि त के नै त्यस्तो गतिलो काम गऱ्यौँ र ! हामीलाई सन्तान चाहिएको थियो, त्यो पायौँ। रक्षाको काखमा ऊ लुटुपुटु गर्दा ममता उर्लियो होला ! अनि मैले पनि उसको जन्मदर्ता गर्दा र स्कूलमा भर्ना गर्दा पिताको नाममा आफ्नो नाम लेखाउन पाएँ। हाम्रो पनि त स्वार्थ थियो नि ! सन्तानसुखबाट विमुख भएर तड्पिरहेका हाम्रो जीवनमा खुशीको बहार छाएको थियो उसको आगमनले। त्यस दिन हामी सबेरै बाहिर ननिस्किएको भए वा अलिक ढिलो मात्रै निस्केको भए त्यो दुर्लभ संयोग कहाँ जुर्थ्यो होला र ! अनि साँच्चै हामीले उसलाई त्यहाँ नभेटेको भए यति वेला हाम्रो जिन्दगीमा कस्तो मोड आउँथ्यो होला ! म सोचाइको राजमार्गमा निकै पर पुगिसकेको रहेँछु। फर्कन धेरै बेर लाग्यो।

ooo

समय बित्दै गयो। यसबीचमा हामीलाई बाबाआमाले छोडेर गइसक्नुभएको थियो।

संसारको रीत यस्तै हो भनेर चित्त बुझाइयो । छोरी बीस लाग्दा हामी बूढाबूढी पचास कटिसकेका थियौँ । उनमा उमेरसँगै निकै परिपक्वता र फरक सोचको विकास भइरहेको थियो । त्यो कुरा हामीले उनको बोलिचाली, हाउभाउ, कलेजका सर म्यामहरूको भनाइ र अरू ससाना कुराहरूबाट थाहा पाइसकेका थियौँ । एउटै परिवार, माया ममता, आत्मीयता र भावनात्मक रूपमा निकट भए पनि आफ्नो यो घरसँग कुनै साइनो नपर्ने कुरा उनले त्यही दिन थाहा पाइसकेकी थिइन् जुन दिन उनी रुँदैरुँदै स्कूलबाट घर फर्केकी थिइन् । त्यसै दिनबाट हो हामीले उनमा परिवर्तनको महसुस गर्न थालेका । त्यसअघि त उनी अरू बच्चाहरू झैँ ससानो कुरामा लाडे पल्टिने, सताउने र झगडा गर्ने गर्थिन् । तर त्यसपछि उनले आफूलाई यसरी बदलिन् कि हामी सबै छक्क परेका थियौँ । एउटा रुमाल पनि नधुने, सधैँ फोहोर गरिरहने उनले त्यो दिनदेखि आफ्नो मात्रै होइन, सारा परिवारको लुगा धुने, घर सफा राख्ने र फुर्सद हुनासाथ पढ्ने लेख्ने गर्न थालिन् । हामीले काम गर्नुपर्दैन भन्दा पनि गरिहाल्ने उनी अबचाहिँ साँच्चिकै छिमेकीहरूले भने झैँ नोकर्नी सरह काममा दल्लिन्थिन् तर त्यहाँ कुनै गुनासो र शिकायत थिएन । बरू काम सकिएपछि घण्टौँसम्म एकान्तमा बस्न रुचाउँथिन् । राति पनि अबेरसम्म लेखिरहन्थिन् । उनका उमेरका साथीहरू फिल्म हेर्न जाने, रमाइलो गर्ने गर्दथे । कहिलेकाहीँ त लिन घरसम्मै आउँथे तर उनी कहीँ पनि जाँदिनथिन् । उनको जाने ठाउँ भनेकै जैसीदेवल मन्दिर थियो । त्यहाँ गएर उनी भरियाहरू, सडक बालबालिका र माग्नेहरूसँग कुरा गर्थिन् । यो कुरा नि के थाहा हुन्थ्यो र ! उनको व्यवहार परिवर्तन हुन थालेपछि कहिले म त कहिले रक्षा उनको दैनिकी नियाल्न थालेका थियौँ । यही क्रममा हामीले उनको जाने, समय व्यतीत गर्ने ठाउँ र तरिका पत्ता लगाएका थियौँ । थाहा पाए पनि हामीले उनलाई गाली गर्ने वा त्यसो नगर भनेर कहिल्यै भनेनौँ । उनको खुसी नै हाम्रो खुसी थियो । एक दिन उनी कलेज गएपछि उनको कोठामा गएर उनले लेखेको डायरी पढ्ने मौका मिल्यो । त्यहाँ उनले आफ्नो भविष्यको विस्तृत योजना बनाएकी रहिछिन् । उनको त्यो निर्मल चाहना र महत्वकाङ्क्षी सपना देखेर हामी एकपटक किंकर्तव्यविमूढ भयौँ ।

जसरी प्रत्येक बाआमाले आफ्ना सन्तानलाई देशको सम्मानित पद र पेशामा पुगेको देख्न चाहन्छन् त्यसै गरी हामीले पनि उनलाई धेरै पढाएर डाक्टर बनाउने सपना देखेका थियौँ । तर उनको रुचि यस्तै सडकमा जिन्दगी गुजार्न विवश बालबालिका र महिलाहरूप्रति पो ढल्किएको थियो । तैपनि हामीले उनलाई बदल्ने प्रयास गरिरह्यौं । एक साँझ खाना खाएर सुत्ने वेलामा उनलाई छोरी एकछिन तिमीसँग कुरा गर्नुछ भनेर सम्झाउन थाल्यौँ । उनले स्पष्टताका साथ भनिन् "मलाई हजुरहरूले जुन माया ममता दिएर हुर्काउनु भयो, त्यो म कहिल्यै भुल्न सक्दिनँ । हुन त मैले हजुरहरूको वचन नाघ्नु पाप हो । तैपनि हजुरहरूले मलाई मेरो रुचि भएको क्षेत्रमा काम गर्न दिनुहुन्छ भन्ने विश्वास छ ।'

"अनि तिम्रो रुचिचाहिँ के मा छ त छोरी ?" थाहा नपाए जसरी सोधिटोपल्यौँ ।

"म पो भाग्यमानी थिएँ र हजुरहरूको साथ र माया पाएँ । हेर्नुहोस् त अझै सयौँ बालबालिकाहरू सडकमै मागेर, चोरेर, डेन्ड्राइट

सुँघेर बाँचिरहेका छन् । हुन त मेरो एकल प्रयासमा यो विकराल समस्या हल नहोला ! तर मलाई हजुर हरूको आशीर्वाद प्राप्त छ। मेरो जिन्दगी यस्तै कठिन समस्याहरूसँग पैंठजोरी खेलेरै बिताउने विचार छ।"

हाम्रा आँखा रसिला भए। तर छोरीले यत्रो समस्यासँग कसरी सामना गर्लिन् भन्ने कुराले सतायो। उनले अझ थपिन्–

"बाबा ममी, मलाई माफ गर्नोस् ! मैले हजुरहरूको मन दुखाउने प्रयास गरेको होइन। मेरो लागि त बाबाआमा भने' नि भगवान् भने'नि हजुरहरू नै हो। तर बाहिरफेर हिँड्दा सडकपेटीमा, मन्दिरहरूमा हात फैलाइरहेका बूढाबूढी देख्दा लाग्छ मेरा बाउआमा तिनै हुन्। पैदल यात्रु र कारको झ्यालढोकामा जीवनको भीख मागिरहेका केटाकेटी, चोरेर भाग्दै गरेका, डेन्ड्राइट सुँघ्दै गरेका र प्लाष्टिक टिप्दै गरेका केटाकेटी देख्दा त्यो मै हुँ जस्तै लाग्छ। उनीहरूको अनुहारमा म, म खोज्छु। थाहा छ तपाईंहरूलाई ? कहिलेकाहीँ उनीहरू धनीमानीहरूले फ्याँकेको खानेकुरा बाँडफाँडको निहुँमा त कहिले डेन्ड्राइट सुँघ्ने पालोको विषयमा झगडा गर्छन्। रगतपच्छे हुन्छन्। यस्ता ससाना जस्ता लाग्ने विषय तर उनीहरूका लागि जीवन मरणको सवाल हुँदोरहेछ। त्यसैले मैले गहिरोसँग सोचविचार गरेरै यो निर्णय लिएकी हुँ। नाइँ नभनिदिनुहोला है !'

हामी दुवै अवाक् भयौँ। छोरीले निर्णय गरिसकेकी रहिछिन्। अब उनको सपना पूरा गर्नु हाम्रो पनि कर्तव्य हुन आयो। छोरी कोठामा गएपछि हामी बूढाबूढीले सल्लाह गर्‍यौँ। उनको इच्छा त्यस्तै छ भने ठीकै छ भनेर उनकै एमबिबिएस पढाइको लागि भनेर जम्मा गरेको पैसा उनले भनेअनुसार खर्च गर्ने निधो गर्‍यौँ। उनी कहिले कुन तिथिमितिमा जन्मेकी हुन् राम जाने ! तर हामीले उनलाई भेटेको दिन कहिल्यै बिर्सेका थिएनौँ। हो त्यही दिनलाई हामी उनको जन्मदिवस मानेर केक काट्थ्यौँ। यो वर्षको पनि त्यो दिन नजिँकिदै थियो। यसपालिको बर्थडे फरक ढङ्गले मनाउन मन लाग्यो हामी जोईपोइलाई नै। चार आनामा बनेको चारतले घर बेच्यौँ। यो कुरा छोरीलाई थाहा दिएका थिएनौँ। त्यो पैसामा थपथाप गरेर हामीले भक्तपुरको गाउँमा तीन रोपनी जग्गा किन्यौँ। त्यहाँ ससाना कोठा भएको गाउँकै स्कूलजस्तो तला नछापी लामो घर बनायौँ। केही धारा, वाथरुम र शौचालय बनायौँ। सबथोक तयार भएपछि हामीले गाडी बोलायौँ र सामान लोड गर्‍यौँ। त्यसपछि छोरीलाई बोलाएर उनका सामान पनि राख्यौँ। उनी अचम्मित भइन् र पनि हामीले भेद खोलेनौँ। गाडी आफ्नै रफ्तारमा अघि बढिरहेको थियो। हामी पनि आफ्नै मनको आन्तरिक उडानमा मस्त थियौँ। एउटा फरक खालको सीमान्त जीवन जिउने बाटोमा थियौँ हामी।

गन्तव्यमा पुगेपछि ओर्लियौँ र सामान मिलाइसकेपछि उनको जन्मदिनको उपहारस्वरूप त्यो सब भौतिक संरचना उनलाई जिम्मा लगायौँ। त्यसपछि उनले फेरि बिरलै बगाउने आँसु बगाइन्। र, त्यही रुन्चे स्वरमा हजुरहरूले मेरो डायरी पढ्नुभएछ नि भन्दै अँगालो हालिन्। त्यो पल हाम्रा पनि आँखामा आँसु अडिन मानेनन्, रोक्दारोक्दै झरि त हाले।

❖❖❖

दर्शन

जैनदर्शनको आचार विवेचना

■ ज्ञानदेव हटुवाल

लेखसार

जैनदर्शनमा आचारलाई प्रमुख प्राथमिकताका रूपमा हेरिएको पाइन्छ। आचारविधिको अवलम्नविना कुनै पनि साधु ठीकसँग आध्यात्मिक मार्गमा हिँड्न सक्दैन।

मुख्यरूपमा जैनदर्शन विषय विस्तारका हिसाबले आचरणमा आधारित दर्शन मानिएका कारणले गर्दा अनुयायीहरू सो अनुरूप आफ्नो जीवनशैलीलाई समर्पणभावले अविछिन्न रूपमा अगाडि बढाउँदै लैजानुपर्ने हुन्छ।

सम्यक् दर्शन सम्यक् ज्ञान र सम्यक् चरित्रको पालना गरेर साधकले विद्यमान अवस्थाबाट मोक्ष प्राप्त गर्न सक्दछ। त्यसै कारणले गर्दा जैनदर्शनमा यस विधिलाई उच्च भावका साथ लागु गरिँदै आएको देखिन्छ।

मुख्य शब्दावली
सम्यक्, मोक्ष, मतिभ्रम, आवरण, श्रुतज्ञान

पृष्ठभूमि

जैन धर्म र यसको दर्शन उपनिषद् कालभन्दा पछिको कालमा विकसित भएको चिन्तन एवं दार्शनिक प्रणाली हो। जिन भनेको हरेक प्रकारका निकृष्टतम स्वभाव र चरित्रहरूलाई जितेको व्यक्ति भन्ने हो। त्यस्ता पुरुषलाई आदर्श मान्नेहरू नै जैनहरू हुन्। जैनदर्शनको मुख्य आधार भनेको स्याद्वादको चिन्तन हो। जसको मान्यता अनुसार कुनै विषयवस्तुलाई यस्तै हो भनेर ठोकुवा गर्नु हुँदैन। हरेक कुराको विकल्प अवश्य हुन्छ।

समाजमा जातीय विभेद थियो, जसमा शूद्रादि भएका मानिसहरूलाई कुनै प्रकारको बौद्धिक चिन्तनको अधिकार थिएन, वैयक्तिक सम्पत्तिको रक्षाका लागि अनेकौँ प्रकारका कठोर विधिहरूको निर्माण भएको थियो। यसका लागि एउटा सार्वभौम राजतन्त्रको आवश्यकता थियो। यसैको समर्थनमा जैन धर्मदर्शनको उत्पत्तिको आधार बन्नपुग्यो।[1]

जैनदर्शन र धर्मका प्रतिपादकहरूको र वैदिक धर्मदर्शनका प्रतिपादकहरूको स्थितिका बारेमा भारतीय दार्शनिक सर्वपल्ली राधाकृष्णन्ले भनेका छन् – "यस युगका अर्थात् महाकाव्य युग (जुन समयमा महाभारत र वाल्मीकि रामायण एवं पुराणहरूको रचना भयो) का तीनवटा भिन्नाभिन्नै विचार (दर्शन) का स्तरहरूलाई छुट्याउन आवश्यक छ। किनभने कालक्रम अनुसार र त्यसको तार्किक दृष्टिबाट पनि यसरी क्रमबद्धता रहेको थियो। जसमा (१) विद्रोही पद्धतिहरू जसका चार्वाक मत, जैनमत र बौद्धमत रहेका छन्। यसको समय ई.पू. ६०० हो। त्यसपछि आस्तिक दर्शनको पुनर्निर्माण कालका रूपमा भगवद्गीता जसलाई आधुनिक उपनिषद् मानिन्छ त्यसको रचनाकाल ई.पू. ५०० को समय हो भने अन्य छवटा दर्शन शास्त्रहरूको रचनाकाल जसमा (सांख्य, न्याय, वैशेषिक, मीमांसा, योग र वेदान्त)

1 दामोदर धर्मानन्द कौशाम्वी, प्राचीन भारत संस्कृति र सभ्यता, दिल्लीः राजकमल प्रकाशन, सन् १९९८, पृ. १३१।

पर्दछन् । तिनको रचना काल ई.पू. ३०० देखि पछाडिको समय हो ।[2]

आचार विवेचना

जैनदर्शनमा आचार विवेचनाको महत्त्वपूर्ण स्थान रहेको छ । यसअन्तर्गत सम्यक् दर्शन, सम्यक् ज्ञान, अहिंसा, सम्यक् चरित्र पर्दछन् ।

सम्यक् दर्शन

सम्यक् दर्शन सफलताको सबैभन्दा ठूलो आधार हो । जसलाई सम्यक् दर्शन प्राप्त छैन, उसले ठीक देख्न, जान्न र हिँड्न सक्दैन । योविना धर्मको प्रवृत्ति ठीक मानिँदैन ।[3] सम्यक् दर्शन उपर्युक्त तीन रत्नहरू भनेका यस्ता रत्नहरू हुन्, जसको पालनाले समाजको सर्वतोभावेन शान्ति, सुरक्षा र प्रगति हुन्छ भन्ने विषयमा नै जोड दिएको छ । जस्तो वाचकाचार्य उमास्वाति भन्दछन्– "सम्यक्दर्शनज्ञान चारित्राणी मोक्ष मार्ग तत्त्व सूत्र १।१" आफ्नो दार्शनिक ग्रन्थको प्रमुख उद्देश्य बारे स्पष्ट पार्दै भनिएको छ कि अत्यन्त ठीक किसिमले अवलोकन गर्नु या विचार गर्नु त्यसै कुरालाई अत्यन्त ठीक किसिमले ज्ञान गर्नु या बुझ्नु र त्यसरी अवलोकनद्वारा ज्ञान गरिएको विषय अनुसार व्यवहारमा लागु गर्नु नै यी तीन रत्नका मुख्य विशेषताहरू हुन् । वाचकाचार्य उमास्वातीको यसै त्रिरत्नका कुरालाई खुलस्त गर्दै अर्का आचार्य योगदेवले भनेका छन्– जुन रूपमा जीवन र जगत्सम्बन्धी पदार्थको व्यवस्था यस संसारमा गरिएको छ, सोही अनुसार नै अर्हत् (जैनाचार्यहरू) ले तत्त्वको विवेचना पनि गर्नुभएको छ । ती पूर्वाचार्यका भनाइहरूमा श्रद्धापूर्वक विश्वास गर्नु र त्यसका विरुद्ध उठेका अन्य कुनै पनि सिद्धान्तमा आस्था या अभिनिवेश नगर्नु नै सम्यक् दर्शन हो ।[4]

जैनदर्शनका पूर्वाचार्यहरूलाई जिन भनिन्छ । तिनै जिनहरूले प्रस्तुत गरेका विश्व र जीवनसम्बन्धी सिद्धान्तहरूमा पूर्ण विश्वास गर्नुलाई नै सम्यक् श्रद्धा भनिन्छ । सम्यक् श्रद्धा नभएको व्यक्ति कहिल्यै पनि सदुपासक बन्न सक्दैन । सम्यक् दर्शन सम्यक् ज्ञान र सम्यक् चरित्र एक दोस्राका परिपूरक विषय हुन् । दर्शनमा जीवन एवं जगत्को परम सत्यहरूको निरूपण हुन्छ ।[5] उपासकमा सम्यक् दर्शन मात्र भएर पनि हुँदैन । सम्यक् ज्ञान भएमात्र पनि हुँदैन र सम्यक् चरित्र मात्र पनि भएर हुँदैन । यिनीहरूले "दण्डचक्रादिन्याय"जस्तो गरी काम गर्दछन् ।

दण्डचक्रादिन्याय भनेको जसरी कुम्भकारले घट निर्माण गर्ने सन्दर्भमा चक्र, दण्ड, सूत्र र माटो सबै अलग अलग भए पनि तिनीहरूलाई समुचित रूपमा परिचालन गरेर मात्र घटको निर्माण गर्न सक्छ । ठीक त्यसरी नै सम्यक् दर्शन, सम्यक् ज्ञान र सम्यक् चरित्र अलग अलग भए पनि तिनीहरूको सदुपयोग गरेर मोक्ष प्राप्त गर्न सक्छ । मोक्ष प्राप्ति गर्नुभनेको विद्यमान अवस्थाबाट पार पाउनु हो । यी रत्नहरूको परस्पर सम्मिलन र तदनुरूप व्यवहारबाट मात्र साधकले आफ्नो अवस्थाबाट पार पाउन सक्दछ ।

---

2 सर्वपल्ली राधाकृष्णन्, भारतीय दर्शन, नयाँ दिल्लीः राजपाल प्रकाशन, ई.सं. २००४ पृ. २२३ ।

3 आचार्य महाप्रज्ञ, धर्मके सूत्र, नयाँ दिल्ली : आदर्श साहित्य संघ, सन् २०१४, पृ.४३ ।

4 विकृतं च योगदवेन– येन रुपेन जीवाद्यर्थी व्यवस्थितस्तेन रुपेण
अहिंसाप्रतिपादिते तत्वार्थे विपरीताभिनिवेशरहित-त्वाद्यपरपर्यायं
श्रद्धानं सम्यक दर्शनम् । तथा च तत्त्व सूत्र तत्त्वार्थे श्रद्धानं सम्यकदर्शनमिति ।
उमाशंकर माधवाचार्य, सर्वदर्शन सङ्ग्रह, वाराणसीः पूर्व पीठिका चौखम्बा विद्याभवन सन् १९७८, पृ.१३६ ।

5 महेश चन्द्रलाल श्रीवास्तव, जैन धर्म एवं दर्शन, इलाहावादः विद्यापीठ, सन् १९९१, पृ. १४१ ।

सम्यक् ज्ञान

जीव र अजीव सकल पदार्थको स्वभाव र आचारण आदि जुन रूपमा व्यवस्थित रहेको हुन्छ तिनीहरूलाई सोही रूपमा बुझ्नु नै सम्यक् ज्ञान हो । यसमा मोह अर्थात् मतिभ्रम हुनुहुँदैन । संयमरहित भएर पनि कुनै पदार्थको सम्यक् ज्ञान हुँदैन । सम्यक् ज्ञान भएन भने सम्यक् आचार पनि हुँदैन ।[6] सम्यक् ज्ञानको अर्को विशेषता भनेको पहिलो आपाततः सङ्क्षिप्त ज्ञान हो भने दोस्रो त्यसै वस्तुको विस्तारपूर्वकको ज्ञान हो । यसरी सङ्क्षिप्त ज्ञान र विस्तृत ज्ञान मिलेर मात्र सम्यक् ज्ञान हुन सक्छ ।[7]

यो सम्यक् ज्ञान पाँच किसिमको हुन्छ। (क) मतिज्ञान (ख) श्रुतज्ञान (ग) आवधिक ज्ञान (घ) मनपर्याय ज्ञान (ङ) केवल ज्ञान - यी ज्ञान विषयमा केही चर्चा माथि पनि भएको छ। यहाँ छुट्टै प्रसङ्गमा त्यसको खुलासा गरिनेछ।

(**क**) **मतिज्ञान** कुनै पनि मतिज्ञानका लागि ३ प्रकारका ज्ञानावरणरहित हुनुपर्छ । यी ज्ञानावरण भनेका (क) मनोगत (ख) इन्द्रियगत (ग) विषयगत हुन्छन् । यी आवरणहरूबाट रहित भएको खण्डमा मात्र मतिज्ञान हुनसक्छ। मनोगत आवरण भनेको एक प्रकारको हठ, उदासीनता र अभिमान जस्ता मानसिक गतिविधिहरू मनोगत आवरण हुन् । यस प्रकारको मनोगत आवरणले सम्यक् ज्ञानका लागि बाधा उत्पन्न गर्छ। त्यस्तै गरी दोस्रो इन्द्रियत आवरण हो । यदि चक्षुरिन्द्रियमा कुनै प्रकारको गडबडी या बाधा भयो भने वस्तुको दर्शन हुँदैन । त्यसैले यो इन्द्रियगत आवरण भयो । तेस्रो विषयगत आवरण हो । यसमा इन्द्रिय पनि ठीक छ, मानसिक अवस्था पनि ठीक छ तर दर्शनीय वस्तु या त अति सूक्ष्म छ या बिल्कुल अँध्यारो छ भने पनि दर्शनीय वस्तुको ज्ञान हुन सक्दैन । यसरी मानसिक अवस्था पनि ठीक हुनु, इन्द्रियगत अवस्था पनि ठीक हुनु र विषयगत अवस्था पनि एकदम ठीक भयो भने मात्र द्रष्टालाई कुनै पनि वस्तुको सम्यक् ज्ञान अन्तर्गतको मतिज्ञान हुन सक्छ । मतिज्ञान आफैमा सम्यक् ज्ञानको एउटा प्रमुख अङ्ग हो ।

(**ख**) **श्रुतज्ञान** ज्ञानका आवरणहरूको क्षय अर्थात् उपशम भएपछि र मतिज्ञानद्वारा स्पष्ट रूपमा उद्भासित भएको ज्ञानलाई नै श्रुतज्ञान भनिन्छ । यसैलाई नैयायिकहरूले निर्विकल्प ज्ञान भन्दछन् । अर्थात् एक प्रकारले सुनिश्चित ज्ञानलाई नै श्रुतज्ञान भनिएको हो । यसैको अर्को स्वरूप अनुभूति पनि हो । विभिन्न इन्द्रियजन्य ज्ञानद्वारा एक प्रकारको अनुभूतिगत सुनिश्चितता नै श्रुतज्ञान हो । जुन इन्द्रियज्ञान भन्दा माथि र अलग हुन्छ ।

(**ग**) **अवधि ज्ञान** कुनै पनि विषयवस्तुको द्रव्यत्व गुण, अवस्थित कालावधि अर्थात् कुन समयको हो ? आदिको समग्र ज्ञानलाई अवधि ज्ञान भनिन्छ। यसैको व्युत्पत्तिगत अर्थका अनुसार – "अत्रसमन्तात् द्रव्यादिभिः परिमितत्वेन थीयते – ध्रियते विषये जनेन । अथवा अवधीयते – द्रव्यक्षेत्रकालभावैः परिछिद्यते विषयेकनेन इति अवधिज्ञानम्" अर्थात् "अब यहाँनिर कुनै पनि विषयवस्तद्रको द्रव्यत्वगद्रणदेखि लिएर त्यसको अवस्थिति र कालावधिसम्मको सविकल्प ज्ञानलाई अवधि ज्ञान भन्न सकिन्छ । आचार्य अभ्यङ्करले – अवधि ज्ञानलाई विषयवस्तुमा रहेको समग्र ज्ञानलाई नै अवधि ज्ञान भनिन्छ ।[8] भनेर सूत्रात्मक परिभाषा गरेका छन् ।

6 आचार्य महाश्रवण, क्या कहता है जैन वाङ्मय, लाडनूं : जैन विश्व भारती प्रकाशन, वि.सं.२०१४, पृ.९५ ।

7 येन स्वभावेन जीवादयः पदार्था व्यवस्थितिस्तेन स्वभावेन मोह
संशय रहितत्वेनावगमः सम्यक् ज्ञानम् यथोक्तम्
यथावस्थिततत्वानां संक्षेपाद्विस्तरेणवा
योकवबोधस्तमत्राह': सम्यकज्ञानं मनीषिणः
इति सर्वदर्शन संग्रह ऐजन, पृ. १३७ ।

8 अधस्तात् बहुतर विषय ग्रहणत् अवधि : इतिअभ्यङ्करः ऐजन, पृ.१३९ ।

(घ) **मनःपर्याय ज्ञान** ईर्ष्या, आक्रोश र आवेगहरू जस्ता मानसिक गतिविधिहरू कुनै प्रकारको ज्ञानका लागि विघ्न बाधाहरू हुन् । यिनको आवरणलाई पन्छाएर मानिसको हावभाव र चेष्टा आदिद्वारा उसका मानसिक गतिविधिको समग्र ज्ञान नै मनपर्याय ज्ञान हो । अरू मानिसका मनका कुराहरू बुझ्न आवेग, आक्रोश र ईर्ष्याद्वारा काम चल्न सक्दैन । यसलाई हटाएपछि मात्र मनपर्याय ज्ञान हुन्छ। मनोगत आवरणहरू हटेपछि मात्र अर्काका मनका कुराहरू बुझ्न सकिन्छ।

(ङ) **केवल ज्ञान** केवल ज्ञानलाई तत्त्व ज्ञान पनि भनिन्छ। यहाँनिर वस्तुतत्त्व र ज्ञानको अन्तिम साध्यात्मक विषयलाई प्रस्तुत गर्न खोजिएको हो। साधकहरूले ठूलो साधनबाट जे जस्तो प्रकारको मानसिक अवस्थाबाट ज्ञान र अनुभूति गर्दछन्, त्यो नै केवल ज्ञान हो । यसमा सबै प्रकारका ज्ञानावरणहरूबाट मुक्तिको अपेक्षा गरिएको हुन्छ। यसैलाई जैन दार्शनिकहरूले तत्त्व ज्ञान र त्यसबाट मुक्तिको ढोका खुल्ने बताउँछन्। हुन पनि कुनै पनि विषयको समग्र ज्ञानले मानिसको जीवन र व्यवहार सुगम बन्न पुग्दछ र अज्ञान जस्तो बन्धन अरू कुनै हुन सक्दैन। त्यस प्रकारको बन्धनबाट मुक्त हुन पनि यस प्रकारको सम्यक् ज्ञानको आवश्यकता पर्छ।

सम्यक् चरित्र

चरित्र भनेको एक प्रकारको स्थायी आचरण हो। सिद्धान्त र आचरणमा एकरूपता हुनुपर्दछ।[9] अथवा यसलाई आदत भन्दा पनि हुन्छ। मानिसमा जस्ता प्रकारका आदत र बानीबेहोराहरू हुन्छन्, तिनीहरूले मानिसको सम्पूर्ण गन्तव्य एवं दिशा निर्धारण गर्दछन् । जस्तोसुकै चरित्र भएको मानिसले पनि यदि साधना र अभ्यास गर्दछ भने त्यसले सम्यक् चरित्रको निर्माण गर्न सक्दछ । यस सम्बन्धमा भनिएको छ– आफूले गरेका असल कर्महरूमा गौरवको अनुभूति र खराब कर्महरूमा पश्चात्तापको भावनालाई सांसारिक कर्महरूको उच्छेद भनिन्छ । आफ्ना कमसल विचार र कर्महरूलाई सुधार गर्ने तीव्र चाहना, श्रद्धा सम्पन्नता, ज्ञानवत्ता अर्थात् प्रथम रत्न सम्यक् दर्शन र द्वितीय रत्न सम्यक् ज्ञानले युक्त भएको साधक व्यक्ति नै सम्यक् चरित्रका लागि उम्मेदवार हुन सक्छ ।[10] यस प्रकारको सम्यक् चरित्रको महत्त्व कति ठूलो हुन्छ भन्ने सम्बन्धमा आचार्यभद्र वाहुले भनेका छन्– धेरै किसिमका सद्उपदेशहरू सुनेर अथवा धेरै धेरै शास्त्रहरू पढेर के काम भयो, यदि उसको चरित्र नै ठीक छैन भने ? यदि अन्धाका अगाडि लाखौँ दीपक जलाएर के काम लाग्छ ? उसले त देख्नै सक्दैन । त्यस्तै गरी चरित्र नभएको ज्ञानको कुनै काम छैन। लक्षण र नियमका ज्ञानविनाको दर्शन अर्थात् हेराइ पनि ठीक छैन र आत्मसंयम विनाको कुनै पनि तपस्या साधनाको पनि केही काम छैन। यी सबै कुरा व्यर्थ एवं फजूल किसिमका हुन्छन् ।[11] यस किसिमको सम्यक् नियम वा व्रतहरूको अवलम्वन गर्नुपर्दछ त भन्ने सम्बन्धमा विशेष चर्चा गरिएको छ । पहिलो कुरा त साधकले ५ किसिमका व्रतहरूलाई पूर्ण मनोयोगका साथ परिपालना गर्नुपर्दछ । अनपेक्षित आचरण र व्यवहारहरूको परित्याग र अपेक्षित विषयहरूप्रतिको पूर्ण श्रद्धासम्पन्न हुनु जरुरी छ । त्यसरी तत्पर भएको साधकले भने निम्नअनुसारका पाँच प्रकारका महान् व्रतहरूको अवलम्वन गर्नुपर्दछ। यसैबाट मात्र उसले सम्यक्

9 युवाचार्य महाप्रज्ञ, भिक्षु विचार दर्शन, राजस्थान : समण संस्कृति सङ्काय, सन् १९९१, (दशौँ संस्करण) पृ.३६।

10 संसरिण कर्माच्छिताबुद्यतस्य श्रद्दंधानस्य ज्ञानवतः पापगमन कारण क्रिया निवृत्तिः सम्यक् चरित्रम्- ऐजन, पृ. १४०।

11 सुबह्वपि श्रुतमधीतं किं करिष्यति चरणविप्रयुक्तस्य
अन्धस्य यथा प्रदीपा दीप शतसहस्रकोटिरपि
ज्ञानंचरित्रहीनं लिङ्गग्रहणं च दर्शनविहीनम्
संयमहीनं च तपः यश्चरति निर्थकं तस्य ।
मणिभद्रसूरि, षड्दर्शन समुच्चय-लघुवृत्ति भाष्य, वाराणसीः कृष्णदास एकेडेमी, ई.सं. १९९६, पृ.१६२।

चरित्रको निर्माण गर्न सक्छ ।[12] ती पञ्चव्रतहरू भनेका (१) अहिंसाव्रत (२) सुनृतपालन (३) अस्तेय कर्म (४) ब्रह्मचर्यपालन (५) अपरिग्रह व्यवहारहरू हुन् । यी ५ महाव्रतहरूका पनि ५-५ वटा छुट्टाछुट्टै घटकहरू हुन्छन् । यस किसिमका व्रतहरूको विस्तारपूर्वक चर्चा जैन दर्शनको ग्रन्थ "भावना पञ्चप्रपञ्चनम्" मा गरिएको छ ।

अहिंसा

कुनै पनि जीवको तीन योग (मन, वचन र काम) र तीन कारण (गर्नु, गराउनु र अनुमोदन गर्नु) बाट हिंसा नगर्नु नै अहिंसा हो ।[13] अहिंसाव्रत – सचेत र सावधान भएका अवस्थाको त कुरै छोडौँ, कदाचित् असावधानी या मानसिक रूपमा अशान्त भएको अवस्थामा समेत ४ प्रकारका जीवनहरू भन्नाले मानिस, पशुपन्छी, कीटपतङ्ग र लतावृक्ष आदि कुनै पनि वस्तुलाई त्यसको प्राणबाट अलग नगर्नु नै अहिंसाव्रत हुन्छ ।[14] यस अहिंसाव्रतका पनि ४ वटा मुख्य विषय छन् । १. **वाग्गुप्ति अहिंसाव्रत** - इन्द्रियहरूको स्वाभाविक आकर्षण विषयहरूप्रति अवश्य हुन्छ । त्यस प्रकारका इन्द्रियहरूको चञ्चल प्रवृत्तिलाई नियन्त्रण गर्नु वाग्गुप्ति अहिंसाव्रत हुन्छ । २. **इर्यासमिति अहिंसाव्रत**मा सानाभन्दा साना जीवजन्तुहरू एवं कीटपतङ्गहरू पनि आफूद्वारा नमारियून् भनेर अत्यन्त सावधानीपूर्वक जमीनमा टेकेर हिँड्नुलाई इर्यासमिति अहिंसाव्रत भनिन्छ । ३. **आदान समिति अहिंसाव्रत**मा कुनै पनि बस्ने ठाउँमा रहेका वस्तुहरूलाई अत्यन्त सावधानीपूर्वक जाँचपडताल गरेर मात्र बस्ने । हरेक वस्तुलाई जथाभावि ननाघ्ने कुरालाई नै आदान समिति अहिंसाव्रत भनिन्छ । ४. **आलोकित पान भोजन अहिंसाव्रत** जे कुरा पनि खाँदा र पिउँदा राम्ररी हेरेर मात्र खाने पिउने कुरालाई आलोकितपान भोजन अहिंसाव्रत भनिन्छ । यसका साथै यसलाई प्रभावकारी बनाउन अहिंसा यात्रा पनि गरिन्छ । यसको उद्देश्य अहिंसक चेतनाको जागरण तथा नैतिक मूल्यको विकास पनि हो ।[15] यो सम्यक् चरित्रको महत्त्वपूर्ण अङ्ग हो ।

निष्कर्ष

मुख्यरूपमा बौद्धदर्शन र जैनदर्शन विषयको विस्तारका हिसाबले आचारणमा आधारित दर्शनभन्दा पनि हुन्छ, किनभने यस हिमाली उपमहाद्विपका दर्शनहरूमध्ये यी दुईवटा दार्शनिक सिद्धान्तहरू मात्र यस्ता विशिष्ट दार्शनिक हुन्, जसले सिद्धान्त र व्यवहारलाई एकरूपता प्रदान गरेका छन् । उपर्युक्त प्रकारका तत्त्वसम्बन्धी सिद्धान्त र ज्ञान तथा प्रमाणसम्बन्धी सिद्धान्तहरूलाई स्वीकार गर्नेहरू आचार एवं व्यवहार पनि सोही किसिमको हुनु आवश्यक हुन्छ भन्ने कुरामा विशेष जोड दिएको देखिन्छ । यी दुवै दर्शनलाई आचारप्रधान दार्शनिक धाराहरू भन्दा पनि फरक पर्ने देखिँदैन । त्यसमा पनि बौद्धदर्शनको वाङ्मयको विस्तार यसै आचार विवेचनाका सिद्धान्तमा विस्तार भएको देखिन्छ । बौद्धदर्शनको आचार विवेचनाको पहिलो सिद्धान्तअन्तर्गत १. त्रिरत्न पर्दछ । यस त्रिरत्नको पहिलो रत्न शीलरत्न हो, जसमा क) अहिंसा, ख) अस्तेय, ग) ब्रह्मचर्य, घ) सत्यसम्भाषण, ङ) मादकपदार्थ सेवनबाट विरति पर्दछन् । ख) यसको दोस्रो रत्न समाधि र ग) तेस्रो रत्न प्रज्ञा हो । यसपछि २)

12 सर्वथावद्य योगानां त्यागश्चरित्रमुच्यते
कीर्तितं तदहिंसाव्रत भेदेन पञ्चधा
अहिंसा सुनृतास्तेय ब्रह्मचर्या परिग्रह
माधवाचार्य, पा.टि.नं.४, पृ. १४१ ।

13 विजय कुमार, जैन एवं बौद्ध शिक्षा–दर्शन एक तुलनात्मक अध्ययन, वाराणसी : पाश्वनाथ विद्यापीठ, सन् २००३, पृ.२९ ।

14 नयत् प्रमाद योगेन जीवित व्यपरोपणम्
चराणां स्थवराणां च तदहिंसाव्रतम् मेतम्
ऐजन ।

15 युवाचार्य महाप्रज्ञ, महात्मा महाप्रज्ञ, नयाँ दिल्ली : आदर्श साहित्य संघ, सन् २००९, पृ.१६५ ।

अष्टाङ्ग मार्ग ३) मध्यम प्रतिपदा, ४) त्रिविधयान अन्तर्गत क) श्रावध्यान, ख) प्रत्येक बुद्धयान, ग) बोधिसत्वयानको परिचय प्रस्तुत गर्नुका साथै ५. षड्पारमिताअन्तर्गत क) दान पारमिता ख) शील पारमिता ग) क्षान्ति पारमिता घ) वीर्य पारमिता ङ) ध्यान पारमिता र च) प्रज्ञा पारमिताका विषयमा विचारहरू प्रस्तुत गर्ने काम भएको छ। ६. त्रिविधकाय अन्तर्गत क) निर्वाण काय ख) संभोग काय र ग) धर्म कायको वर्णन भएको छ। त्यसपछि बौद्धआचार विधिको महत्त्वपूर्ण पक्ष दशभूमिको महत्त्वको विषयमा बौद्धाचार्यहरूका अनुसार ७. दशभूमिअन्तर्गत (क) मुदिता (ख) विमला (ग) प्रभाकरी (घ) आर्चिष्मती (ङ) सुदुर्जया (च) अभिमुक्ति (छ) दुरङ्गमा (ज) अचला (झ) साधमति (ञ) धर्ममेधका विषयमा यथोचित रूपमा सबैको परिचय प्रस्तुत गरिएको छ। (८) बौद्ध ध्यानयोग समथका लागि समथ अन्तर्गत (अ) पृथ्वी कसीण (कृत्स्न) (आ) आपो कसीण (इ) तेजो कसीण (ई) वायु कसीण (उ) नील कसीण (ऊ) पीत कसीण (ऋ) लोहित कसीण (ए) अवदात कसीण (ऐ) आलोक कसीण (ओ) परिच्छन्नाकाश कसीण (औ) उर्ध्वमातकको ध्यान (अं) विनिलकको ध्यान (अः) पिवुब्वकको ध्यान (क) विच्छिद्रकको ध्यान (ख) विक्खायितकको ध्यान (ग) विखिक्तिकको ध्यान (घ) हत विक्खितक ध्यान (ङ) लोहितक ध्यान (च) पुलुक्क ध्यान (छ) अट्ठिक (ज) बुद्धानुस्मृति (झ) धर्मानुस्मृति (ञ) संघानुस्मृति (ट) शीलानुस्मृति (ठ) त्यागानुस्मृति (ड) देवतानुस्मृति (ढ) मरणानुस्मृति (ण) कायगतानुस्मृति (त) आनापानानुस्मृति (थ) उपशमानुस्मृति (द) मैत्रीभाव ब्रह्म विहार (ध) करुणा भाव ब्रह्मविहार (न) मुदिता भाव ब्रह्मविहार (प) उपेक्षा भाव ब्रह्मविहार (फ) आकाशानन्त्यायतन (ब) विज्ञानानत्यायतन (भ) अकिञ्चनन्त्यायतन (म) नैव संज्ञानासंज्ञायतन (य) आहार प्रतिकूल संज्ञा (र) चतुर्धातु व्यवस्थापन पर्दछन्। यसपछि (९) बौद्ध ध्यानयोगको विषयमा प्रवेश गर्दा अपनाउनुपर्ने सावधानीहरू मध्ये (क) नराम्रो कुराबाट टाढा रहनुपर्ने (ख) सकारात्मक कुरा सोच्ने (ग) स्वआत्मालाई शुद्धराख्ने हुनुपर्छ भनिएको छ भने जैनदर्शनको आचार विवेचनाअन्तर्गत (१) रत्नत्रयको धारण र प्रतिपादन यसअन्तर्गत (क) सम्यक् दर्शन (ख) सम्यक् ज्ञान र (ग) सम्यक् चरित्रका रूपमा जीवनमा पालना गर्नुपर्ने बताएको छ। अर्को सबैभन्दा महत्त्वपूर्ण आचारविधिका रूपमा अहिंसालाई नै सबभन्दा बढी महत्त्व दिएर आचारविधिको प्रतिपादन भएको देखिन्छ।

सन्दर्भ सामग्री सूची

आचार्य महाप्रज्ञ, धर्मके सूत्र, नयाँ दिल्ली : आदर्श साहित्य संघ, सन् २०१४ ।

आचार्य महाश्रवण, क्या कहता है जैन वाङ्मय, लाडनूं : जैन विश्व भारती प्रकाशन, वि.सं.२०१४ ।

कौशाम्वी, दामोदर धर्मानन्द, प्राचीन भारत संस्कृति र सभ्यता, दिल्लीः राजकमल प्रकाशन, सन् १९९८ ।

मणिभद्रसूरि, षड्दर्शन समुच्चय-लघुवृत्ति भाष्य, वाराणसीः कृष्णदास एकेडेमी, ई.सं. १९९६ ।

माधवाचार्य, उमाशंकर, सर्वदर्शन सङ्ग्रह, वाराणसीः पूर्व पीठिका चौखम्बा विद्याभवन सन् १९७८ ।

युवाचार्य महाप्रज्ञ, भिक्षु विचार दर्शन, राजस्थान : समण संस्कृति सङ्काय, सन् १९९१,(दशौं संस्करण) ।

युवाचार्य महाप्रज्ञ, महात्मा महाप्रज्ञ, नयाँ दिल्ली :आदर्श साहित्य संघ, सन् २००९ ।

विजयकुमार, जैन एवं बौद्ध शिक्षा–दर्शन एक तुलनात्मक अध्ययन, वाराणसी : पाश्वनाथ विद्यापीठ, सन् २००३ ।

श्रीवास्तव, महेश चन्द्रलाल, जैन धर्म एवं दर्शन, इलाहावाद : विद्यापीठ, सन् १९९१ ।

सर्वपल्ली, राधाकृष्णन्, भारतीय दर्शन, नयाँ दिल्लीः राजपाल प्रकाशन, ई.सं. २००४ ।

❖❖❖

निबन्ध

चिन्नु-चिनाउनु

■ आत्माराम खरेल

सधैं 'मामुली' लागिरहेको प्रसङ्गले पनि कहिलेकाहीँ तरङ्गित बनाइदिन्छ। 'त्यति जाबो'को रूपमा लिइँदै आएको कुरोले पनि कुनै वेला 'उत्पात' मचाइदिन्छ। कुरो एउटा छिमेकी-संवादको हो। आ-आफ्नो वासस्थानको मूल ढोकाबाट निस्कने र आपसी इशारामा अभिवादन आदान-प्रदान कार्य सँगसँगै भए।

छिमेकी– 'टाढै हो कि ?'

म– 'यहीँ... प्रतिष्ठानसम्म !'

छिमेकी– 'मान्छे चिन्नोस् है !'

शिर हल्लाइको इशारामा 'हवस् !' भन्दै अघि लम्कि नै रहेँ।

उनले यो सुझाव अलिक पहिलेदेखि दिँदै आएका थिए। आजचाहिँ मनमनै आफैलाई प्रतिप्रश्न गरिरहेँ– 'अरूलाई चिन्नुभन्दा पहिले आफैलाई चिन्नु ल !' किन भन्दैनौ हँ ? म आफैलाई पनि घरिघरि सोध्ने गर्छु– 'किन मानिस पहिले आफैलाई चिन्न नखोजी अरूलाई नै चिन्न खोजिरहन्छ हँ ?'

आफूलाई चिनाइरहेँ। अरूलाई चिन्न चाहिरहेँ। तर अरूलाई चिन्ने अधिकांश मौका प्रायः परपरै भएर रहे।

'किन परपरै भएर रहे हँ ?'

'खै के भनुँ ? चिन्नु र चिनाउनुमा कूटनीति पनि हुन्छ ! नातो जोड्ने र जोडाउनेमा स्वार्थ पनि हुन्छ। भएको सीमित नातोमै पनि 'जीवन' छ-छैन ? त्यसमा 'मनको नातो' छ-छैन ? यसबारे कत्ति पनि ख्याल गर्दा रहेनछौँ। र त, चिन्नु र चिनाउनुको औचित्य केवल चिल्ला पातबाट तर्की जाने शीतका थोपा झैँ हुँदारहेछन्।

'फलाना ठाउँको युवा हाकिम र म त स्कूलमेट हौँ।'

'ढिसानो ठाउँको कर्मचारी र म त एउटै ओछ्यानमा सुतेका, लगौँटियार हौँ।'

'बैंक रोडको फलानो सिइओ र म त एउटै थालमा खाने गरेका यार हौँ।'

जान-अन्जानमै पनि हामी अर्काको आडमा आफ्नो परिचय बनाइरहेका हुन्छौँ। कहिलेकाहीँ त द्वैधचरित्र समेत अपनाइरहेका हुन्छौँ। यही अन्तरालमा आफ्नो विरोधाभाष चरित्र चिन्ने र बुझ्ने क्षमता भने आफ्नै कपडासँगै पखालिरहेका हुन्छौँ। हुन सक्छ यो एउटा बुँदा– मेरो चारित्रिक प्रमाण-पत्रको। हुन सक्छ अर्को बुँदा– स्वयम्देखि अपरिचित प्रमाण-पत्रको।

आफ्नो परिचय र अर्थ जति खोज्दै हिँड्छु, आफ्नो परिचयहीनता र अर्थहीनताबाट उति लखेटिन्छु। कहिलेकाहीँ त आफ्नै मनबाट पनि धकेलिन्छु। सोच्छु- म कसलाई पो चिन्छु र ! आफैलाई चिन्ने कोशिस गरेको पनि त त्यति भा'छैन। जब मानिसले 'म को हुँ ?' भनी आफैलाई प्रश्न गर्छ, तब उसले आफूलाई चिन्ने प्रारम्भ गर्छ।

मेरो 'परिचय' के हो ?, जानिरहेको छैन । मेरो 'अस्तित्व' कहाँनेर छ ? बुझिरहेको छैन। यसबारे केही शुभचिन्तकका आत्मीय सुझावलाई पनि मैले भुलिरहेको छैन । तिनको सुझाव थियो– 'लेखाइमा भौगोलिक सीमा र सामाजिक दायरा अलिक फराक पार्ने कि ?'

किन हँ ?

भुमण्डलीकरणको युग भन्छौँ, त्यसको नाउँमा सहायता कुम्ल्याइरहन्छौँ। लैङ्गिक समानताको नारा दिन्छौँ, त्यसको नाउँमा विदेश भ्रमण गरिरहन्छौँ। लैङ्गिक समानता विषयक व्याख्या गर्दा 'माइक' र 'कागत'मा पनि फरक हुन्छौँ। भनाइ र गराइ पनि उत्तरी र दक्षिणी ध्रुवको अन्तर झैँ बनाउँछौँ । एकातिर अन्तर्राष्ट्रिय संस्कृतिको व्याख्या गरिरहेका हुन्छौँ, अर्कातिर आफूलाई पुरातन संस्कृतिमै भिजाइरहेका हुन्छौँ ।

प्यारो मान्छे, सम्झिइने। दुष्ट मान्छे, बिर्सिइने। एउटा पराइ (ऊ)– न प्यारो न दुष्ट। आखाँ वरिपरि नाचिरहेका हुन्छन्– 'ऊ'सितका गतिविधिहरू। तसर्थ पनि 'ऊ' नबिर्सिइने। कारण रगतको नातोभन्दा मनको नातो बढी टिक्न थालिरहेको छ। अर्कातिर ज्ञानभन्दा 'कुर्सी' शक्तिशाली देखिइरहेको छ। बुद्धिभन्दा बल 'अघि' लागिरहेको छ। कतिपयका लागि धन, पद र प्रतिष्ठा नै आफूलाई चिनाउने सबैभन्दा बलशाली परिचय बनिरहेको छ।

भीडभाडबाट एउटा आवाज सुनिन्छ– 'भोलिका कुरा देखाजायगा।' तर पनि रथको अर्को पाङ्ग्रामा समस्या परिरहेको छ। कारण सबैलाई कृष्ण बन्नुछ, युधिष्ठिर बन्ने को ? सबैलाई राम बन्नुछ, लक्ष्मण बन्ने को ? सबैलाई अध्यक्ष बन्नुछ, सदस्य बन्ने को ? सबैलाई नेता बन्नुछ कार्यकर्ता बन्ने को ? यसको ठीक विपरीत हुँदो हो त यहाँ जतातत्तै दोम्रा बुद्धहरू देखापर्थे होलान्। अपशोच ! यहाँ 'पञ्चशील'को मानसिकतामा उपस्थित हुनुपर्ने आजका बुद्धहरू 'मानसिक युद्धशील'मा होमिइरहेका छन्।

'आत्माराम ! तिम्रा चिनारु त थुप्रै छन् ! कहाँ छन् ती चिनारुहरू ? कि तिमी स्वयम् नै आफ्नो चिनारु हौ ?'

जरुर साथी ! विगत केही वर्षयता सबैभन्दा नजिकको चिनारु स्वयम् हुँदै आएको छु। म तारामण्डलको एक तारा हुँ, या जलसागरको एक थोपा ? म मरुभूमिको एक कण हुँ या त जङ्गली रूखमा हल्लिरहेको एक त्यान्द्रो ? मैले खोजेको तारालाई बादलले लुकाइदिन्छ। बादलसितै मितेरी लाउन खोज्छु, बादल नै अलप भइदिन्छ। तारामण्डल पनि ङिच्च हाँसिदिन्छ र भन्छ– चिन्नु र चिनाउनुका सम्बन्धहरू किनबेच पो हुन थालेछन्। तिम्रा प्रत्येक भोट र तिम्रा प्रत्येक शब्द नगदी मानसिकतामा लेखाजोखा हुन्छन्। मानवअस्मिता, सुख र सन्तोष पनि मानव रगतसरी, मानव अङ्गसरी किनबेच हुन पो थालिरहेछन्। अझ भनौँ यी त बिक्रेता र ग्राहकका जन्मसिद्ध अधिकार झैँ भइरहेछन्।

आत्माराम ! तिमी कति मितव्ययीहीन छौ। जतातत्तै पानीको अभाव छ। ब्रस गरिरहेछौ, धारो खुलै राखेर। मुख धुँदै गनगन गर्छौ, एक अञ्जुली पानी नपुगेर। दुवै हातका इशारामा भन्ने समेत गर्थ्यौ, हामीसित सबथोक छ ! पढेको छु समेत भन्थ्यौ- 'के नेपाल सानो छ ?'। यहाँ बहुमूल्य वस्तुका खानी नै खानी छन्। हिमालै हिमालको यो देश जलस्रोतको धनी छ। हेर त ! तिम्रै आँखा अगाडिको धारामा पानी भन्दा धेरै त हावा नै बहन्छन्। यहाँका अधिकांश रसिदहरू आपूर्तिमा भन्दा अभावमा नै बन्छन्। मञ्चको माइकमै पनि सत्यभन्दा धेरै मिथ्या बहन्छन्। एअरकुलरबाट

समेत स्वच्छभन्दा मिथ्या-हावा बहन्छन्। तिनै मिथ्या-हावा नै पनि मिथ्याङ्कविद्का 'की-नोट्स' भइ कार्यक्रममा उपस्थित जनाउँछन्।

यो शहरमा, तिम्रा सारा सहज र सुगम सपना भत्काएर तिम्रै आँखा अगाडि लम्पसार परिरहेछन्– मट्टितेल, पेट्रोल, ग्यास र रित्ता गाग्रीहरूको लाइन। यी सबै लाइनका पछाडि एउटा गज्जबको लाइन छ– मिथ्याङ्क र वैदेशिक रोजगारको। यो देश बुद्ध जन्मस्थल हो भन्दै शिर झुकाउँछौ– बुद्धि भरियोस् भनेर। यहाँ हिमालय शृङ्खला छ भन्दै आधारातमै रित्ता भाँडाहरू तेर्साउँछ्यौ– पानी भरियोस भनेर। अनि यो देश कृषि प्रधान हो भन्दै खेतिपातीका लागि एकजोर हात अघि सार्छौ– कृषि मल पाउँ भनेर। आत्माराम ! तिमीलाई त जुगौंजुगदेखि सूचित गराइएको छ 'मलकाण्ड थाहा पाइराख' भनेर।

आत्माराम ! तिमी आफूलाई चिन्न खोजिरहेछौं 'वर्तमान महाभारत' हेरेर। बुद्धले उपदेश दिएकै पनि साढे पच्चीस सय वर्ष भइसकेछ। न तिमी बुद्ध हुन सक्यौ न असली बुद्धु नै। थाहा छैन, तिमीले आफूलाई कसरी चिनाइरहेछौ ? सायद तिमी महाभारत र त्रिपिटकबीचको एक 'मिक्स्ड स्यान्डवीच' पो भयौ कि !

रोग, अभाव र गल्तीमा भौंतारिएको मैले पनि आफ्नो व्यक्तित्व मूल्याङ्कनको परिपाटी आरम्भ गरेको छु। पाठक महोदय ! यहाँ थुप्रै सर्पहरू मलाई माया गर्दै, चाट्दै आइरहेका छन्। कुनै न कुनै बहनामा मलाई अर्द्ध-डसान गर्दै आइरहेका छन्। उनीहरू नै 'म अमृत हुँ' भनी आफूलाई चिनाउँदै आइरहेका छन्। यस्तो 'म' भन्ने जन्तु पनि बडो विचित्रको छ। यो त ठूलाकै पछि लाग्छ। कुर्सीकै पछि लाग्छ। धनकै पछि लाग्छ। 'धन'ले बोल्दा ऊ आँखा चिम्ली-चिम्ली पत्याउँछ। केही प्रश्न तेर्सिएमा एक-एक सत्य-तथ्य खुरुखुरु बताउँछ। गरीबले सोध्दा भने मुखमा पट्टी लगाउँछ। सोझाको पसिनामा आफ्नो एक-एक काम फत्याउँछ। अन्ततः 'यूज एण्ड थ्रो' को नीति अक्षरशः अपनाउँछ।

जब आफ्ना बारेमा आफैलाई सोध्न थालेँ तब पोखरी झैँ जमेर बसेका विचार नदी झैँ बग्न थाले। दैनिकी पनि नदी झैँ सुसाउन थाले। फलतः असीम आनन्द अनुभूत हुन थाले। जाडोमा न्यानो। गर्मीमा शीतल। अप्ठेरोमा सहजता। अस्वाभाविक अवस्थामा धैर्यवान्। ममा स्थायी हुन खोजिरहेको हीनताबोधका छिर्काहरू क्रमशः पखालिएर गए। मनमा गुम्सिएर रहेका असहज प्रसङ्गहरू क्रमशः बाफिएर गए। त्यो प्रदूषित बाफ छानिएर बर्सिएको स्वच्छ पानी म नै हुँ। किनकि म त आकाशको एक छिटा पानी हुँ। समुद्रको एक थोपा पानी हुँ। समाज जस्तो छ त्यस्तै आकारमा ढालिने, जुन आकारको भाँडोमा राख्यो, त्यही आकार भइदिने सामाजिक संस्कारको एक 'उत्पादन' हुँ। मानव हुनुको नाताले चेतनाको उपयोग र सामाजिक प्राणी हुनुका नाताले बेथिती संस्कारको चिरफार गर्नुलाई आफ्नो कर्तव्य ठान्ने म एक शब्दाकार हुँ। इमानदार लेखन पथलाई पछ्याइरहने म आफ्नो चिनारु आफै हुँ।

उफ् ! मनले भन्छ– 'आत्माराम ! तिम्रो यो शब्दालाप मपाईं हो वा आत्मसमीक्षा ?'

आत्मकथा भन्नु आत्मिक सुधारको एउटा सूत्र हो। आनन्दको स्रोत जुटाउने र सन्तुष्ट हुने उपाय पनि हो। यसले देखाएका सुधारका पक्षमा होमिँदा मोह र आकाङ्क्षा भाग्छ। जीवन सुन्दर लाग्छ। अनि त यो मनले भन्छ– 'आफ्नो जीवनभन्दा सुन्दर वस्तु अरू के नै छ र !' त्यसो त मलाई आफ्नै भौतिक शरीरको पनि साह्रो माया

लाग्छ। यसलाई ऊर्जामय बनाइरहन सकूँ। मनको भावना छिटै बुझ्न सकूँ। कल्पनाको गतिसँगै लेख्न सकूँ। आफूमा प्राकृतिक स्फूर्ति जगाइरहन पनि सकूँ। अन्ततः आजन्मभर मेरो साथ रहने त मेरो 'म' नै रहेछ। मेरो छायाँभन्दा पनि निकटको मित्र 'म' नै रहेछु। मलाई चिन्ने र चिनाउने पनि यही 'म' नै रहेछ। र त, वेदमा भनिएको 'अहं ब्रह्मास्मि' अर्थात् 'म नै ब्रह्म हुँ' को मर्म बुझ्नु मेरो लागि महत्त्वपूर्ण ज्ञान हुँदै आइरहेछ।

अनुभूत नहुँदासम्मको 'नातो'लाई मनले बिरानो ठान्छ। सकारण एउटाको मिजासहीनताले अर्कोलाई दुःखी बनाइरहन्छ। एउटाको शब्दमा हुने अनर्थले अर्कोलाई मानसिक चोट पुऱ्याइरहन्छ। र पनि, यो मनले भन्छ– कुनै दिन बिरानो भत्किएर यो मनले सुरानो अनुभूत गर्न त पाउला नि ! बेलाबखतमा मेरो म स्वयम्लाई सोधिरहन्छ- 'यस्तो नहुनुपर्ने थियो, किन भयो ?' यसको पनि सम्भावित सबै उत्तर सायद अपूर्ण लाग्छन्। अनि त मेरो चेतनाले मलाई नै शब्दहरू खत्याउँछन्– 'तिमी स्वयम् नै असहिष्णु वा असामाजिक वा दुवै पात्र भइरहेका त छैनौ ?' यसको पनि सही उत्तर भेट्टाउँदिन। भेट्टाउने पनि छैन। कारण यसको उत्तर द्वितीय/तृतीय पुरुषसित हुन्छ। किनकि यति वेलाको परिस्थिति पनि यस्तै छ। आफै गुरु, आफै शिष्य। आफै चिन्नु, आफै चिनाउनु। व्यक्ति एउटै, स्वरूप अनेक। चिन्नु र चिनाउनुमा कत्रो अन्तर ! अनि एउटा फुमन्तर ! जति नै चिनिए पनि, जति नै चिनाइए पनि मानिस त विशाल समुद्रको फगत् एक थोपा पानी न हो। अन्ततः माटामा मिलिजाने एक कण न हो। रहिरहने त उसको सुकीर्ति हो। यही नै उसको चिनारी हो !

atma55ram@gmail.com

धार्मिक केन्द्रको यात्रा

■ टेकनाथ दाहाल

मन्दिरमै गुँड बन्छन् परेवाका
र गुम्बा, चर्च र मस्जिदहरूमा
राती ढोका बन्द हुन्छ पुजारी, भिक्षु र
पास्टरहरूको
फूल पार्छन् परेवाहरू
भ्रूण पार्छन् मानिसहरू
प्रजनन शक्ति गुमाएका छैनन्
मन्दिर, मस्जिद र गुम्बाहरूले ।
धार्मिक अमिलो मन बोल्छ
चाहनालाई कुल्चिएर
र, परम्परालाई बिर्सिएर ।
चाहना एक मुठी हाँसो लिएर
मुस्कुराउँछ मेरो हृदयभरि
र, मस्तिष्कभरि मनलाई जिस्काउँदै
ढुङ्गाको ईश्वर आएर बसेको हृदय
र, चैत्य, गुम्बा र चर्च बोकेर बसेको हृदय
एक मुठी ईश्वरसँग छल गर्छ।
परिभाषित पवित्रता
र, मन्दिरका बासी रगतहरू
पालामा जम्मा भएका काला लेदाहरू
र, श्रद्धाञ्जली खान बसेका लासहरू
छल गर्छन् आफ्नै भगवान्लाई।
घुम्दाघुम्दै बुद्ध बनेको समय
र, नजिकलाई नदेखेर टाढा पुग्ने समय
आफ्नै मृत्युको महोत्सवमा
आफ्नै अन्त्येष्ठीको महोत्सवमा
आँखा चिम्लेर बोलिरहेछ ।

बेल्कोटगढी-८,दहालटार, नुवाकोट

लेख

लोकतान्त्रिक संघीय गणतन्त्र नेपाल र नेपाली साहित्य

■ सुषमा शर्मा बडाल

प्रारम्भ

नेपालमा लोकतन्त्रको नाममा अनेकौं दलहरू सञ्चालित छन् । लोकतन्त्रको दृष्टिले हेर्दा सबै वर्ग विविध सामाजिक समूहहरूप्रति जिम्मेवार भएका छन् । यी दलहरू नागरिक समाज र सामाजिक न्यायका लागि क्रियाशील छन् । २००७ सालपछिको नेपाली काँग्रेस र २०४६-०४७ सालपछिको एमाले, माले र २०६२/०६३ पछिको माओवादी/एमाओवादी नै यसका ज्वलन्त उदाहरण हुन् । यी दलहरूले संघीय गणतन्त्रको स्थापनाका लागि नै वैचारिक राजनैतिक सङ्घर्ष चलाएका छन् । नयाँ आधारले सङ्गठित गर्ने दृढतामा माओवादी र एमाले 'सहमति भई एकै दलको रूपमा कम्युनिष्ट पार्टी बनेका छन् । विगत दिनमा संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान २०७२ मा नेपालको इतिहासमा लेखिएपछि विधिवत् नयाँ युगमा प्रवेश गरेका छन् । लोकतन्त्रमा पनि पुरानै शक्तिको हावी भई भ्रष्टाचार कमिसनको बिगबिगी अझै रहेको छ । यो गणतन्त्र राज्यमा अभिशाप स्वरूप अराजकता देखिएको छ । सिद्धान्तहीन अवसरवादी गठबन्धन सरकारले उदाङ्ग पारेको राज्यमा गणतन्त्र संघीयता, धर्म निरपेक्षता जस्ता नयाँ संविधानका आधारभूत सिद्धान्त र मूल्य मान्यता विरोधीहरू नै अभीष्ट रूप भइरहेका छन् ।

लोकतन्त्र

लोकतन्त्रलाई सधारण शब्दमा बुझ्नुपर्दा जनताको शासन प्रणाली मानिन्छ । लोकको अर्थ जनता तन्त्रको अर्थ शासन हो । लोकतन्त्रको सरकारमा जनताको सर्वोच्चता रहेको हुन्छ । यसलाई विभिन्न दृष्टिकोणमा तुलना गर्दा दार्शनिक राजनीतिकहरूले आ-आफ्नो अर्थमा प्रष्ट्याएका छन् । लोकतन्त्रमा जनताको प्रभुत्व पूर्ण र उच्चतम प्राधिकारकको रूपमा रहेको हुन्छ । नेता चयन गर्ने कानुन बनाउने अधिकार जनतामा हुन्छ । यसको लागि नागरिकले नै प्रतिनिधित्व गर्दछन् । यो जनताको सरकार हो । यस अर्थ लोकतन्त्र जनताको सार्वभौमिकताको सिद्धान्तसँगै जोडिने शक्तिको श्रोत हो ! लोकतन्त्रको सर्वाधिकारको महत्त्वपूर्ण विशेषता नै नागरिकताको सहभागिता हो । नागरिक अधिकार ज्ञान र शिपसँगै क्षमताको प्रयोग भएको हुन्छ । यसको अभावमा लोकतन्त्र सफल हुँदैन । लोकतन्त्रलाई पनि चर्चा परिचर्चा गरी प्रत्यक्ष लोकतन्त्र, प्रतिनिधिमूलक लोकतन्त्र, समाजवादी, लोकतन्त्र हुँदै उदारवादी लोकतन्त्रसम्म आइपुगेका छन् । सरकारको दायित्व के भन्ने सन्दर्भमा संघीय ढाँचा भएको देशमा कानूनद्वारा नै तहगत रूपमा अधिकारको बाँडफाँड गरेको हुन्छ । आफ्नो कर्तव्य पूरा गर्न क्षेत्रभित्रै रहेर केन्द्रीय प्रदेश सरकारले भूमिका निभाएको हुन्छ ।

संघीय प्रणालीमा विभिन्न पक्षबाट सरकार जिम्मेवार हुन्छ । नेपालको ऐतिहासिक संविधान सभाद्वारा पारित गरेको नेपालको संविधानले समावेशी लोकतान्त्रिक सिद्धान्तमा आधारित रहेर संघीय लोकतान्त्रिक गणतन्त्रको शासन प्रणाली

अङ्गिकार गरेको छ। नेपाल संघीय मुलुक भइसकेको परिप्रेक्ष्यमा राष्ट्रिय स्वार्थ तथा स्थानीय आवश्यकताबीच कसरी तालमेल र समन्वय गर्ने वर्गीय लैङ्गिक तथा जातीय असमानतामा रहेका व्यक्तिहरूबीच कसरी सुधार गर्ने, कुन ढाँचा उपयुक्त हुनसक्छ। भौगोलिक विकटता आर्थिक असमानताले जनतालाई जीविकामा परेका प्रभावलाई कसरी सम्याउने ? राष्ट्रिय एकता कसरी कायम गर्ने यस्ता व्यापक प्रश्नहरूले जिम्मेवार निकायहरूलाई निर्णय लिन आत्मगत गर्नुपरेको छ। देशको संरचना संघीय शासन प्रणाली अनुसार नै अङ्गिकार गरेको हुन्छ। नेपालको सन्दर्भमा पनि प्रदेशहरू निर्माण भइसकेका छन्।

देशको भौगोलिक अवस्था प्राकृतिक साधन श्रोतको उपयोग भाषिक सांस्कृतिक आर्थिक शैक्षिक सामाजिक विविधताले संरचना समान बनाउन ख्याल गर्नुपर्दछ। यस अर्थ न्यायपूर्ण समाजको निर्माण गर्न प्रदेश प्रदेशमा मार्ग चित्र दिनु नै उत्तम होला। नेपालमा पनि मुख्य विशेषता बनेको हुँदा संविधानको पाँचौं भागको धारा ५६ मा नेपालको मूल संरचनालाई प्रदेश र स्थानीय तह गरी ३ तहमा राखिएको छ। प्रदेशहरूलाई ७ तहमा रचना गरिएको छ। अनुसूचि ४ बमोजिम रचना गर्दा प्रदेशका जिल्लाहरूको सूची बनाई गाउँ नगर जिल्लाका स्थानीय पालिकाहरू राखिएको छ। सबभन्दा महत्त्वपूर्ण धारा ५७ रहेको छ। यो नै संघीयताको वित्तीय महत्त्वपूर्ण धारा हो। यसले राज्य श्रोतको बाँडफाँड प्रक्रियालाई नै न्यायोचित कल्पना गरेको छ। संघको अधिकार ५ नं.को अनसूचीमा छ। प्रदेशको अधिकार ६ नं. मा छ। संघ र प्रदेशको साझा अधिकार ७ नं.मा, स्थानीय तहको ८ नं. मा र संघ र प्रदेशको साझा अधिकार ९ नम्बरमा राखिएको छ। धारा ५८ को अधिकार संघलाई दिएको छ। धारा ६० को सन्दर्भमा प्राकृतिक श्रोत वित्तीय आयोग परेको छ। यसरी सामान्यतया संघीय शासन प्रणाली राज्यशक्तिको बाँडफाँड अधिकारको सम्बन्धमा देशमा सन्तुलित विकास सम्भव नभए सबै वर्गको सहभागिता हुन नसक्दाको अवस्थामा संवैधानिक राज्यशक्ति र अधिकार विकेन्द्रीकरण गरेर तल्लो तहसम्म पुऱ्याउने अवधारणा रहनुपर्दछ।

गणतान्त्रिक राज्यले फड्को मारेको शिशु अवस्थालाई केलाउन धेरै चुनौतीहरूको सामना गर्नुपर्दछ। सजिलोसँगै भन्नुपर्दा नेपालमा बस्ने सबै नेपाली नागरिकले आधारभूत आवश्यकता परिपूर्ति गर्न सुलभ रूपमा पाउनुपर्दछ। संवैधानिक एवं कानुनी अवस्थामा यो सुविधा पाएको छैन। नेपालमा एक प्रकारको द्वन्द्व अझै जीवित छ। नेपालमा श्रमिक युवाहरू विदेश पलायन हुने प्रणाली वर्षैपिच्छे बढ्दो छ। यसलाई शिक्षानीतिको अभावले पलायन भएको मानिन्छ। सरकारसँग स्पष्ट नीति नभएको हुँदा अनुगमनको अभावमा विदेशी संस्थाहरू नेपालमा प्रवेश गरेका छन्। विभिन्न कमजोरीले नेपालमा जटिल चुनौती खडा भएका छन्। अतः नेपाल केवल छुवाछूत भेदभावका समस्याहरूलाई मात्र बुझ्ने र बुझाउने प्रयास गरियो। वास्तवमा भेदभाव दलित समुदायको मात्र समस्या होइन। महिलाहरूको समस्या मात्र पनि समस्या होइन। सम्पूर्ण मानव समाजको समस्या हो। यसलाई संघीय गणतान्त्रिक वाहकहरूले सामाजिक न्याय तथा मुक्तिको दृष्टिकोणमा बुझ्नुपर्दा पहिचान नै समस्याको समाधान भएन। विविध पक्षबाट मुलुकमा आतङ्कित भएको विषयलाई केलाउनुपर्दछ। पीडित पक्षका लागि क्षतिपूर्तिदेखि नैतिक पतनका लागि फौजदारी अभियोगसम्मको अपराधलाई मुद्दा अगाडि बढाउने क्रममा उचित संयन्त्रको व्यवस्था हुनुपर्दछ। उल्लिखित चिन्तनका लागि राज्यले चौतर्फी पक्षमा ध्यान दिनु जरुरी देखिन्छ।

नेपाली साहित्य

नेपालको इतिहासमा राजनीतिज्ञ र साहित्यको घनिष्ठ सम्बन्ध रहेको पाइन्छ। राज्यले साहित्यिक विज्ञ फाँटलाई स्रष्टाहरूको मूल्य र मान्यतालाई ध्यान दिन जरुरी छ। एक पक्षले हेर्नुपर्दा स्वतन्त्र चित्रकारहरूको रूपमा सामाजिक घटनालाई तुलनात्मक रूपले प्रष्ट पार्ने विद्वान्हरूको समूह नै साहित्य जगत् हो। राज्यको विद्वत् वर्ग साहित्यकारहरूको प्राज्ञिक थलो भएको हुँदा कतिपय प्रधानमन्त्री मन्त्रीगणहरूबाट पनि साहित्यलाई अँगालेर ज्ञान प्रष्टाई मार्गचित्र दर्शन गरिएको इतिहास नेपालमा छ। नेपाली काँग्रेसका सदस्य रहनुभएका साहित्यिक प्रस्तोता महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि राजनीतिज्ञ नै भएर शिक्षामन्त्रीसम्म भएको उदाहरण छ। राज्यसेवामा कार्यरत रहँदा पनि साहित्यमा बेजोड लेखन गर्नुहुन्थ्यो– भूपू प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, भूपूमन्त्री हरिराज लिम्बुखेवा आदि।

गरिमामय पुस्तकका पाण्डुलिपीहरू खात लगाएर बसेका साहित्यकारहरू माथि राज्यको ध्यान आकर्षण हुन नसक्दा यो राज्यले आफ्नो दायित्व पक्कै बिर्सिएको छ भन्नु अनुपयुक्त छैन। राज्यको वार्षिक आर्थिक बजेटमा सरकारले साहित्यमा लगानी गर्न रकम नै छुट्याएको छैन। यसको लागि मूल्याङ्कन समिति राखेर सुप्रशिद्ध साहित्यकारहरूको जन्मदिन मनाउनु पनि जरुरी छ। राज्यमा लाखौँ साहित्यकारहरू पीडित छन् तर राज्यको आन्दोलनकारीहरूप्रति मात्र ध्यानाकर्षण छ। तसर्थ आजको संविधानले गरेको संरचनामा साहित्यकारहरूको स्थान कस्तो रहेको छ भन्ने सोच्नुपर्दछ।

नेपालमा विभिन्न साहित्यकारहरूको बाढी चलेको छ। नेपालभित्र भन्दा बाहिर रहेका नेपालीहरूमा आफ्नो देशप्रति दुखेका मनका भाषाहरू प्रकाशित भएका छन्। नेपालको इतिहासमा साहित्य सृजना समृद्ध होस् भन्ने प्रतिभाहरू छन्। आज नव प्रतिभाको सङ्ख्या पनि असोचनीय ढङ्गबाट वृद्धि भएको छ। विशेष गरी साहित्यिक कृतिहरूमा सबै पक्षका प्रतिभालाई समेटिएको हुन्छ। नेपाली साहित्यमा रुचि राख्नेहरूले मोतिराम भट्ट भानुभक्त आचार्य, लेखनाथ पौडेल, महाकवि देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, लैनसिंह वाङ्देल, वैरागी काइँला आदि कविहरूका लेख-रचनालाई मनन गर्दछन्। शताब्दीपुरुष सत्यमोहन जोशीज्यू अविरल साहित्य यात्रामा हुनुहुन्छ। यसरी साहित्य क्षेत्रलाई कोट्याउँदा जिल्ला जिल्लाका प्रतिभाहरू पनि आ-आफ्नै कर्मस्थानमा रहेर पनि स्रष्टाहरूको आदर गरेको पाइन्छ। साहित्यको ज्योति बाल्ने, साहित्यमा साधना गर्ने अविस्मरणीय स्रष्टाहरू हुनुहुन्छ। विशेषगरी महिलाहरूले पनि सामाजिक, राजनीतिक, आर्थिक, क्षेत्रजस्तै साहित्यमा योगदान दिनुभएको छ। इतिहासलाई खोतल्दै जाँदा साहित्यले नयाँ मोड लिइसकेको छ। साहित्यमा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा पनि अत्यन्त महत्त्वपूर्ण गोष्ठी कृति विमोचन, सभा सम्मेलन तथा सम्झनाका कार्यक्रमहरू भइरहेका छन्। जसमा स्रष्टाहरूको व्यक्तित्वको परिचय समावेश गरिएको हुन्छ। अतः साहित्यको महत्त्वपूर्ण पाटोलाई समीक्षा गर्ने समीक्षकहरूको हातमा हुन्छ। साहित्यकारहरूले भविष्यका लागि ऐतिहासिक पानालाई समेटेर ग्रन्थ बनाउने प्रयास गर्दछन्। यसै सन्दर्भमा दायित्व द्वैमासिक नामक साहित्यिक पत्रिकाले ११४औँ अङ्कसम्म निरन्तरता दिइरहेको छ। अन्धकारलाई पन्छाएर उज्यालो ल्याउने बाटो नै आफ्नो पाखुरीको बल हो भन्ने यथार्थता खुलेको छ। यस अर्थ साहित्यमा नै शान्ति सौन्दर्य र समृद्धिका पाटाहरू पाइन्छन्। भनिन्छ, जीवनको अन्तिम आनन्द हो साहित्य।

साहित्यमा जहाँबाट पनि चित्र उतार्न सफल हुने यात्रु हुन् स्रष्टा। बडो गहन विषय छ। राज्यमा आमूल परिवर्तन भयो। तर सरकारले मानिसको मुकुण्डोको नाटक गरिह्यो। नेपालमा कस्ता कस्ता कविहरूको जन्म भयो। कति स्वर्ग पुग्नुभयो तापनि सरकारले पुस्तकालयको महत्त्व बुझेन। गणतान्त्रिक संघीय सरकारले लोतकन्त्रको नारामात्र लगाएको छ। राज्यले जनसमक्ष प्रकाशित सारगर्भित पुस्तकहरूको अवलोकन गरेको छैन। महाभारतको युद्ध एकलव्यले मात्र हेरेका थिए। भन्ने भनाइ छ। नेपालको साहित्यजगत्को दायित्व वहन गरी दर्पण बनेको यो संस्थामा ११५ जनाको आजीवन सदस्यता रहेको पाइन्छ। दायित्वको नियमित गतिहरूबाट यो निष्ठावान् आवाज आएको छ। सारगर्भित शृङ्खला' समृद्ध नेपाली बन्न समग्र नेपालमा नेताहरूले आधारभूत कुरालाई समग्र गाउँ वा प्रदेशमा लागू गर्न सर्वप्रथम नै आफ्नो आचरण बदल्नुपर्दछ। कोरा कल्पनाले पुरातनवादी सोच संस्कार प्रवृत्ति कार्यशील परिवर्तन हुँदैन। नेता नै उदारणीय बन्नुपर्दछ। यो सन्देश नेतृत्ववर्गले समाजमा प्रवाहित गर्न समयको ख्याल गर्नुपर्दछ। समयको बहुमूल्यता पैसाले किन्न पाइँदैन। कुसंस्कारको अन्त नभएसम्म देश विकास हुँदैन। समृद्ध नेपाल बनाउन साहित्य जगत् संघीयताको बाधक होइन, राज्यले वहुपक्षीय प्रतिभा र साधनाको चिनारी दिन साहित्य जगत्लाई सक्षम बनाउनुपर्दछ। राज्यले नेपाली साहित्यको संरक्षण र स्रष्टाहरूको सम्मान गर्न जानिसकेको छैन। नेपालीहरूको आँट र अठोटको मार्ग हो नेपाली कर्मभूमि भन्ने कुरा बुझेको छैन।

अन्तमा फेरि भन्दछु– नेपाली साहित्यका मूर्धन्य स्रष्टाहरूको सम्मान गर्न राज्यको ध्यान जाओस्।

शान्तिक्षेत्र नेपाल

पाँच मुक्तकहरू

■ रूद्र अधिकारी

१

आफ्नो खुसी प्रेम दाउमा छर त भनेको थिएन
कसैको निम्ति पलपल मर त भनेको थिएन
आफ्नो खप्परलाई दोष दिनु'नि व्यर्थ हैन र ?
भाग्यले कसैलाई प्रेम गर त भनेको थिएन।

२

जो असल छन् तिनीहरूले साथ दिन्छन्
जो खराब छन् तिनीहरूले घात दिन्छन्
असल खराब दुवैको सङ्गत आवश्यक छ
किनकि सबैले सिक्न केही पाठ दिन्छन्।

३

प्रेम मिसिएको आँसु पिउँदा मात हुनसक्छ
पाएको प्रमोपहार दर्दको सौगात हुनसक्छ
जुन मुटुलाई पीडामै धड्किने बानी छ
खुसी दिन नखोज हृदयघात हुनसक्छ।

४

पहिले जिन्दगी मान्नेलाई चिनियो
पछि बाटोको काँढा ठान्नेलाई चिनियो
पिठ्युँमा कुरा खाँदा सामान्य लागेथ्यो
तब दुख्यो जब हान्नेलाई चिनियो।

५

विश्वास नगरे काम हुन्न, गरेपछि धोका दिन्छन्
समस्या पर्दाखेरी रुन्छन्, टरेपछि धोका दिन्छन्
जोकोहीलाई विश्वास गर्ने आफ्नै बानी खराब
आफ्ना जस्तै सोचेर भर परेपछि धोका दिन्छन्।

विशालनगर, काठमाडौं

संस्मरण

प्रकम्पित प्रवाह

■ माधव काफ्ले

पूर्व-पश्चिम राजमार्गको सर्लाही खण्डमा पर्ने बागमती नदी पूर्व कर्मैया चौकीदेखि उत्तराभिमुख हुँदै हुइकिरहेको थिएँ। यद्यपि मेरो गन्तव्यको स्थायी बाटो भने यो होइन। वर्षाको समय र बागमतीको विकराल रूप गजधम्म परेर मेरो गन्तव्यसामु अवरोधको तगारो तेर्स्याएर अगाडि लम्पसार पुग्न नआएको भए बागमती किनारा पश्चिम पर्ने रौतहटको क्यान्टिन खण्डबाट नै ओहोरदोहोर गर्ने थिएँ। भोको अजिङ्गर बनेर बागमतीले लात लगाईलगाई सर्धैं लखेटिरहेको हुनाले पनि उसको कालो छायाँबाट जोगिन साविकको स्थानलाई हठात् त्यागी स्थानान्तरणको अस्थायी मनोभाव च्यापी पूर्वपट्टिको गोरेटो समात्दै पाइला चाल्न पुगेको थिएँ।

रातभरि पानी बेतोडले परिरहेको र त्यसको आलो दंशले बाटोलाई लफक्क पारिरहको थियो। बिहानको समय थियो। घाम नलागे पनि उखर्माउलो गर्मीको प्रचण्ड तापले परिवेशलाई नै अख्रक्क पारिरहेको थियो भदौको महिना। बाटो धुलाम्य नभए पनि हिलाम्य थियो र अदना यात्रुलाई हिर्काउन आफ्ना अघोरी दाउपेच फिँजाएर एकोहोरो तन्किरहेको थियो।

साविकको बाटो समाएर हिँड्न पाए म आफ्नो मुकाम तीन घण्टाको छोटो समयावधिमा विनाबाधा, अवरोध सजिलै पार गर्न सक्थें। म जुन बाटोको फेर समाएर गन्तव्यतर्फ लाग्दै थिएँ बीचमा कुनै भवितव्य नपरे आठनौ घण्टा अर्पिनै पर्थ्यो।

सुरक्षित ठानिए पनि बाटो त्यति सहज र स्वाभाविक थिएन। चुरेको कछाड, बागमतीको पहरो र पानी जमिनमा खस्नासाथ सदावर्त पग्लिरहने पहेँलो माटोको चिप्लो परिधि। यी सबै जेमदूतसँग सिँगौरी खेल्दाखेल्दै हत्तुहैरान हुन पुग्थ्यो शरीर। फेरि सर्वत्र भासैभासको बल्छी थापेर उग्राइ आएको क्यान नामक निर्दयी खोलो नौ जङ्घार तरेपछि केही राहतको सास निस्फिक्री फेर्न पाइने त हैन, त्यसको धङ्धडीमा लत्पतिएर कल्पना चाहिँ गर्न सकिन्थ्यो।

जोखिमयुक्त भए पनि बागमती बगरको जस्तो भयावह लाग्ने डरलाग्दो खालको चाहिँ थिएन। बागमतीको बाटो हिँड्दा पाइलैपिच्छे हत्केलामा सास लिएर हिँड्नुपर्थ्यो तर यो बाटो हिँड्दा भने हत्केलामा नै सास च्याँपेर हिँड्नु परे पनि वेलावेला थकाइ मार्दै, समाउँदै, छोड्दै हिँड्न सकिन्थ्यो।

हरिहरपुर गढीसम्मका मानिसलाई अस्थायी राहत दिँदै आएको भए तापनि यो बाटो त्यति सजिलो चाहिँ थिएन। भनिहाले नि, चुरेको पहिरो, चिप्लो माटो र वनस्पतीले पाइलै पिच्छे यात्रुलाई मानमर्दन गर्न कुनै कसर छोड्दैनथे। यसबाट जोगिनुपर्ने बर्बर यन्त्रण एकातिर थियो भने अर्कोतिर केही दस्युपतिहरूको अमानुषिक कार्य व्यापारले गर्दा एक्लै सितिमिति हिँड्ने आँट गर्न खोजे कुनै पनि वेला नाङ्गेझार होइने अथवा अङ्गभङ्ग हुँदै अपाहिज हुन सकिने त्रास यथावत् थियो।

दुई खोलाको बीचमा धुरी बलो हालेर यसो लिखिर लिखिर गतिमा घसिँदै आएको बाहुनचरी म। लगातार हिँडिरहनुपर्ने बाध्यताको भाड्ग्रो शिरोधार्य गर्दै आएको भए तापनि यति ठूलो जनवादी साहस मैले कैल्यै निकाल्न सकिनँ। साहसीहरू त भाला, खुकुरी, बन्दुक, पोस्तोल भिरेर भने पनि हिँड्थे। म अदनु नागरिक यस्ताखाले तामसी संसाधनहरू प्रति सामञ्जस्य राखेर समाहित हुन सकिनँ। न त ममा त्यस किसिमका हतियार हत्याउने कुनै विमोह नै थियो र न त त्यसको आकर्षणले तान्न नै सकेको थियो। घरेलु प्रयोगका निम्ति खुर्पा, खुकुरी छोए पनि अन्य भने छोएको समेत थिइनँ।

जहिले पनि बागमती सिचाइ आयोजनाको ब्यारेजसम्म एक्लै हिँड्थे र पाखो आउनासाथ त्यसैको कुनै भरपर्दो छपनीमा बसेर सहयात्री नआउन्जेल कुरिरहन्थे। साथी नभेटेको समयमा कति पटक फुम्रा ओठ झुन्ड्याउँदै उदास मन लिएर फर्किएको पनि छु।

त्यस दिन पनि मैले त्यसै गरेँ। भुक्भुकेमै उठेर बाटो लागेको थिएँ। समय पर्याप्त थियो। अलि टाढाका मानिस बागमतीतिरै बास बसेर एकाबिहानै झिस्मिसेमा हिँड्ने हुनाले पनि उनीहरूलाई नै भेट्ने लालसा बोकेर हिँडेको थिएँ। तर ढिलो भइसकेको रहेछ। एक हुल मानिस म त्यहाँ पुग्नुपूर्व नै प्रस्थान गरेका र तिनीहरूलाई भेट्न प्रायशः असम्भव लाग्ने अड्कल स्थानीय मानिसबाट थाहा पाएपछि नुनथर पारिपट्टिको पाखोमा अरू कोही आउँछ कि भनेर पर्खी बसेँ।

नभन्दै आठ बजेतिर तीन जना मानिस स्याँ स्याँ र फ्याँ फ्याँ गर्दै आइपुगे। त्यसमध्ये दुई परिचित नै थिए। एउटा केटो त मेरै विद्यार्थी थियो। उसको ठूलो बाबुको पिसान-कुटानको मिल भएको र त्यो निकै दिनदेखि उदरसूलले थला परेको हुनाले झारफुक गर्न सर्लाही हरिऔन बस्ने प्रख्यात कान्छो झाँक्री लिएर आएको रहेछ।

चार जना सहयात्री भएपछि अलि हलुका महसुस गर्दै हिँड्यौँ। एउटा उसकै काका थियो। खास नाम त उसको के थियो मैले थाहा पाएको थिइनँ। कामी भएको हुनाले ठूलै भए पनि सबै उसलाई बेसारे भन्थे। नाम जेजस्तो भए पनि ऊ साह्रै बलिष्ठ र खाइलाग्दो जीउडाल भएको सम्पन्न पारिवारिक पृष्ठभूमि भएको मान्छे थियो। हामी तीन जना पाखा-पखेरामा हिँड्न अभ्यस्त भए पनि मिलको कालीगढ भने नितान्त फरक किसिमका थिए। बेसम्हार मासुको बोझले गर्दा उनी थुल्थुले हुन पुगेका थिए। एक कोसजति हिँड्दा नहिँड्दै फतक्क गलेर थचक्क बस्थे र झोलाबाट तीनपानेको घुड्की तिनेक आचमनीपछि लामो सास काढेर खुइइय गर्दै उठ्थे।

तीन घण्टासम्मको अविश्रान्त लडाइँपछि बल्ल क्यान दोभान पुग्यौँ। राति पानी परेको हुनाले क्यान सकेसम्म ढाडिएर ठुस्स पर्दै उन्मत्त स्वर निकाल्दै उच्च निनादका साथ समरो बनेर सिकारको दाउमा पर्खिरहेको रहेछ। अगाडि हिँडेका मानिसहरू पनि त्यसको दचकले किनारामा नै खर्किएर बसेका रहेछन्। त्यस ठाउँमा त्यो खोलो डुँड परेको र भास पनि अत्यधिक हुने हुनाले अगाडि बढ्न उनीहरूले आँट नै गर्न सकेका रहेनछन्। त्यहाँ कुनै जङ्घार थिएन। वारि लागे पनि पारि लागे पनि करिब एकडेढ सय हातजति खोलैखोला हिँड्नुपर्थ्यो। मेरो चेलो बागमतीको बेगारी भएको हुनाले आफूले बोकेको सामान त्यहीँ छोडेर खोलाको पाइन जाँच्न होम्मियो।

कुनै ठाउँमा डुब्दै, कुनै ठाउँमा उत्रँदै आधा घण्टापछि ऊ आइपुग्यो। सितिमिति खालले खोलो तर्ने सम्भावना त थिएन तर उसको उक्साहटमा धोतीपाटा फेरेर हामी होमियौं।

खुँजमा पानीको कुनै भर हुँदैन। घाम लाग्दालाग्दै पनि बेजोडले वर्षिन सक्छ। खोलो घट्ला र जाउँला भन्दै त्यहाँ बसिरहनुको पनि कुनै अर्थ थिएन। शिरमा पानी पर्ना साथ बाढी एक्कासि ह्वात्त बढेर आउने र कुर्दाकुर्दै बासै बस्नुपर्ने स्थिति पनि आउन सक्थ्यो। करिब तीसपैंतीस जनाजति थियौं। बाटो पहिल्याउँदै ऊ अगाडि लाग्यो। उसको हात समाउँदै अर्को र अर्कोको हात समाउँदै अर्कोपछि लाग्यौं। मानिस धेरै भएका हुनाले डराइहाल्नुपर्ने नाजुक स्थिति त थिएन तर घरिघरि टाउको कुल्चेर बाढी दौडिरहेको हुँदा सास समेत फेर्न नसकी निसासिएर मुटु भने बेतोडले ढुक्ढुक् गरिरहेको थियो। हस्याङफस्याङ गर्दै ऱ्याल, सिँगान काढेर बल्लबल्ल किनारा लागौं। त्यहाँभन्दा ठूलो पुरुषार्थ देखाउन नसकिने लख काट्तै अरू खोलैखोला हिँडे पनि म भने क्यानलाई सादर प्रणाम गर्दै पाखा लागौं।

त्यस्तो धपेडी केही थिएन। बासै बस्नु परे पनि हदै हुँदा एक दिनको बिदा काटिने न हो। ज्यानभन्दा त यो साह्रै सस्तो व्यवसाय लाग्यो। धेरै पटक अलच्छिनी बागमतीको निर्मम बाढीले हिर्काएर सातो लिइसकेको हुँदा यहाँभन्दा बेसी साहस मैले देखाउन सकिनँ।

खोला र पाखाको बाटोबीच एकडेढ घण्टाको मात्र फरक थियो। एउटै गाउँमा मुकाम थियो हाम्रो। मेरो कारणले गर्दा केटो पनि पछि लाग्यो। समय पर्याप्त थियो। हाँस्तै, खेल्दै गफ गर्दै हिँड्यौं। बीचमा कुनै खड्गाष्ट नछोइ करिब तीन घण्टापछि मरिन दोभान पुग्यौं।

बाटामा जो भेटे पनि मरिनको हाल सोध्दै हिँडेको थिएँ। मरिन नामले मात्र हैन कामले पनि कति मै हुँ भन्ने पौडीवाज समेतलाई हेर्दाहेर्दै सलक्क निलेर प्ल्यात्त पार्दै किनारामा पछारेर हिँड्न सक्ने ह्याउ र जोस भएको बर्बर, ज्यानमारा खालको खोलो थियो। यसले पनि मलाई धेरै पटक बिनसित्ति झम्टा मारेर दमपच पार्न खोजेको थियो। कसरी उसको राक्षसी सिकन्जाबाट फुत्केर किनारा लाग्न सकौं यकिन साथ भन्न नसके पनि वर्षायाम लाग्ना साथ धमिलो पानी देखेपछि सिताङ्ग हुन पुग्थें। एक्कासि नौ नाडी नै गलेर आउँथे। थोरै नै पानी भए पनि विनासाथी हतपत्त जँघार पस्तैनथें।

ओहोरदोहोर गर्ने मानिससँग जिज्ञासा राख्ता रातिको बाढीले साविकको जँघार बिगारेर तर्नै नसक्ने बनाएको हुँदा अलि तलतिरबाट तर्न सजिलो हुने कुरा बताएका थिए। उनीहरूले भने बमोजिमको ठाउँबाट तर्दा होस पुऱ्याउन नसके सिधै चिलिम फर्कन सक्ने डरलाग्दो अवस्था त्यहाँ महिषासुर बनेर मडारिरहेको देखियो। जँघारबाट हातिदुई सयकको दूरीमा उन्मत्त हुँदै विकराल रूप धारण गरी मडारिरहेको थियो बागमती। मरिनको मुल्को त्यहाँ जोतिएपछि मै हुँ भन्ने मान्छे पनि सकुशल फिर्लाजस्तो लागिरहेको थिएन।

उनीहरू कुम्लो कुटुरो बाँधेर हेलिन तम्तयार भइसकेको थिएँ। कहाली लाग्दो अत्यास भित्रभित्रै हुँडलिइरहेर मानसिकतालाई भने थिल्थिलो बनाउन थालिरहेका थियो। वर्षौंवर्षदेखि खोलासँग अनाहक सिँगौरी खेल्दै आएको भए तापनि पौड्ने सीप ममा पटक्कै थिएन। कम्तीमा पनि तीन सय मिटर क्षेत्रफल ओटेर खोलो मडारिइरहेको थियो। त्यो पनि चानचुने किसिमको होइन। सामान्य खालको लाग्ने क्यानले त त्यस्तो उधुम मच्चाएर सातो लिन खोजेको दंश

मनमा आलै थियो। त्यसको तुलनामा मरिन त आँकी नसक्नुको जोदाहा थियो। त्यतिलामो दूरी एकोहोरो त्यो पनि पानीको मुल्कोसँगै नारिएर दौड्न पिताम चल्लाजस्तो नलागेर चेलो(दिनेश) लाई सङ्केत गर्दै भने– 'जाऊ बाबु तिमी ! म भोलि आउँछु। आज जान्न। यो खोलो तरेर पारी पुग्न सकुँलाजस्तो आँटै आइरहेको छैन।'

मेरो आतेसमय याचनालाई फास्स न फिस्स ठान्दै उसले भन्यो– 'आ, सर पनि कस्तो काँतर मान्छे ! मलाई देख्नुभएको छैन ? म जसरी भए पनि तपाईंलाई सकुशल पार लगाइदिउँला, भएन ? अरिङ्गाल खाएँ बच्छ्युँ खाएँ झुसे बारुलो' भनेजस्तो पचास सालको त्यस्तो बागमती तरेर त ओहोर दोहोर गर्न सकैं भने यो पाजी मरिनको त के कुरा भयो र !

शिरमा पानी पर्दैछ। एकैछिनमा बाढी पनि बढ्दै जानेछ। अनि तर्न त्यति सजिलो हुने छैन। भोलि पनि यस्तै हुन सक्छ। आखिर तपाईंले एक्लै तर्न सक्ने कुरो होइन। अरूलाई गुहार्नै पर्छ। किन डराउनुहुन्छ हिँड्नोस् आजै जाम।'

केटोले आफ्नो पाइन र क्षमता क्यानमा नै देखाइसकेको थियो। यद्यपि क्यानको तुलनामा मरिन ठाडो, दरो र भङ्जाहा पनि थियो। सम्म परेको हुनाले क्यानमा त्यति ठूला ढुङ्गा र रोडा थिएनन्। ठाडो परेको हुनाले मरिनमा ठूला ढुङ्गा र रोडैरोडा थिए। कति पटक यसै खोलामा तर्दातर्दै खुट्टाका छाला रोडामा दरालिएर च्यात्थ्राच्यात्थ्रा हुन पुगेको तीतो ऐंठन अन्तश्चेतनामा विगत निकै लामो समयदेखि गुँडुल्की परेर बसेको थियो।

दौडँदै जाँदा अझल्टिएर कति पटक च्यापु गाड्न पुगेको छु, पछारिएको छु, लडेको छु, बगेको छु ताल मिलाएर दौड्न नजान्दा उँधिमुन्टी लगाउँदै पानी समेत हसुरेर पहेँला आँखा पिर्लिक्क पल्टाउँदै निसासिन पुगेको पनि छु। यी सबै डरलाग्दा नजिरहरू अगाडि उभिएर मलाई नजान उक्साइरहेका थिए। तर दिनेशको आग्रह पनि उलङ्घन गर्न मन लागिरहेको थिएन। बाढीको मामलामा उनीहरू त पानीका किरै थिए। त्यसमा पनि बेसारेजस्तो खम्बा साथै थियो। जे त पर्ला भनेर काम्लो कुटुरो स्याहार्दै खोला पसैं।

खोला पस्नासाथ मनमा चिसो पस्यो। जीउ सिरिङ्ग गरेर काँप्यो। खोलामा खुट्टो चोबल्नासाथ किल्किलेसम्म पानी आइसकेको थियो। तत्कालै फर्किन सक्ने अवस्था पनि थिएन। प्रायशः खोलो तार्न जान्ने मान्छे नजान्ने मान्छेलाई तलतिर पार्दै आफू अगाडि बढेर हर्थुङ्गो समाउँदै तान्दै जानुपर्नेमा ऊ भने आफू तलतिर बस्तै मलाई तान्नुको साटो उल्टै उसैलाई तान्न लगाई दौडिरहेको थियो। यहाँ गलफत्ती गर्नुको कुनै तुक त थिएन तर सशङ्कित हुँदै भने– 'हन तैंले मलाई खोलो तार्न खोजेको हो कि बाढीमा धकेलेर डुबाउन खोजेको हो ? कुन जुनीको इवी साध्न खोजेको हँ तैंले ?'

'ए, सर यस्तो अवस्थामा के थाङ्ना कुरा गरिरहनुभएको छिटो कुद्नुस्। अलिकति ढिला भयो भने पनि घागी छल्न गाह्रो पर्छ।'

ओखलमा टाउको राखेपछि मुस्ली देखी डराउने कुरो पनि भएन। उसले ठिकै भनेको थियो। बाढीको बेगसँगै हेलिएर उसको लोलीमा लोली मिलाउँदै मुल्को नकाट्ने हो भने बाढीले उधिमुन्टी लगाउँदै घागीमा जोत्न पुऱ्याउँने सम्भावना अझ दरो भएर अगाडि हिरोसिमा बनेर तेर्सिरहेको थियो। त्यसैले सबैखाले गुनासा र कुण्ठा मनबाट निकाल्दै हत्केलामा सास चेपेर दौडैं।

ख्याओ एकदम लामो थियो। खोलाभरि अथाह फैलिरहेको थियो पानी। कुनै कुनै ठाउँमा त टाउको भन्दा पनि तीन, चार हातमाथि चुल्ठी परेर सुसाउन पुग्थ्यो। मुल्को नजोतिएको ठाउँमा यसो टाउको उचालेर हेर्न त होइन, साससम्म फेर्न भ्याइहालियो भने अहोभाग्य नै ठान्नुपर्दथ्यो। मूल भँगालोमा पुगेपछि भने पानीको बेग अत्यधिक दह्रो र सम्हालिनसक्नु भएर सिँगौरी खेल्न थालेपछि भने म अताल्लिएँ। बेग काट्न नसकेर होस हवास नै उड्लाजस्तो भयो। जीउ लर्बरिएर एक तमासले ढलपल ढलपल गर्न थालिरहेको थियो। कुदाएको गतिमा अलिकति पनि तलबितल पऱ्यो भने निमेष भरमा चिलिम फर्किन वेर लाग्दैनथ्यो। त्यसैले भएभरको बल लगाएर दौडिरहेको अवस्थामा चेलो उछिट्टिएर कता पुग्यो कता मैले होसै पुऱ्याउन सकिनँ।

मर्नु र बाँच्नुको दोसाँधमा पुगिसकेको थिएँ म। अब बाँच्नका लागि कसैको सहाराको अपेक्षा गर्नुभन्दा पनि आफ्नै बलबुतामा निर्भर नरही सुखै पाइन। मजस्तो अनाडी पाखाको पाहानिम्ति बाँच्छु नै भन्ने कुनै सम्भावना पनि शेष रहेन।

स्वाभाविक गति र सम्भाव्य किनाराका सबैखाले सपनाहरू धुजाधुजा हुन पुगिसकेका थिए। पानीले जताजता धकेल्दै लान्थ्यो, त्यतैत्यतै म सानु दूधे बालकजस्तै बनेर डोरिँदै जान थालेँ। जीवनप्रति कुनै विषाद पनि थिएन। दुःख पनि लागेन। लगाव थियो तर कतातिर थियो, त्यसको कुनै किनारा समेत पहिल्याउन सकिरहेको थिइनँ। एक पटकको घटनामात्र थिएन, होइन, दर्जनौँ पटक यसैगरी कुहिरोको काग बनेर बाढीमा होम्मिइसकेको थिएँ। पाखा लागेपछि यस्तो दारुण दुर्घटना ननिम्त्याउने किरिया काष्ट खाएर बाटा लाग्न पुग्दथेँ। फेरि नियतिले यसै गरी मुन्ट्याउँदै यस्तै भड्खालामा हालेर हुँडल्नपुग्थ्यो। छट्पटिन्थेँ, निसासिन्थेँ, कोकोहोलिन्थेँ र मनभरि विषादका आला सुमला बेरेर जिम्मेवारीको जुवामा नारिन पुग्थेँ।

सुरक्षित किसिमले त्यहाँभन्दा पर पुग्न अथवा पुगेर दुनियाँदारी निस्फिक्री हेर्न सक्ने न त ल्याकत नै थियो, न त उपाय नै। जे थियो यसैमा समाहित हुनपुगेको थियो। जागिर नखाएको भोलिपल्टदेखि मुखमा माड नलाग्ने हुनाले 'किन चाउरिस् मरिच आफ्नै पिरले'को नियति शिरोधार्य गर्दै जिम्मेवारीको गलगाँड बोक्तै होइन कि जेनतेन घिसार्दै हिँडिरहेको थिएँ।

हाँस्ने सामल त थिएन। जति धामा गरे पनि मान्छेको जुनी आखिर कहीँ न कहीँ लगेर चोला त बिसाउनु नै पर्नेरहेछ। कोही स्वाभाविक साथ मरिरहेका छन्, कोही विषादको कालकुट पिएर। जति गरे पनि मृत्यु सुखद हुने होइन क्यारे ! रुन्चे हाँसो नियतिलाई खिसी गर्दै फिस्स ओठै ओठ दौडिएर अलप हुन पुग्छ। धक फुकाएर रुन पनि मन लागेन।

जीवन मलाई अमिलो, बोझिलो र टर्रो लागिसकेको थियो। निरुद्देश्य, निरुपाय हिँड्दा हिँड्दा थाकिसकेको थिएँ, गलिसकेको थिएँ, थिल्थिलिसकेको थिएँ, खोक्रिसकेको थिएँ, रित्तिसकेको थिएँ। न त शक्तिशाली ऊर्जा नै थियो शरीरमा, न त भर्भराउँदो जोस नै। न त उमङ्ग थियो बाँकी, न त जोशिला उत्कण्ठाहरू। जे थिए लिप्साजन्य अहम्बोधले लिपपोत गरिरहेको जिजीविषा केन्द्रित खोक्रो मानसिकता। औपचारिकाताको गह्रौँ बोझ बोकेर घिम्रिनु सिवाय बाँकी जीवनले कुनै ठूलो पुरुषार्थ गर्न सक्लाजस्तो पनि लागिरहेको थिएन।

समस्त मांशपेशीहरू भो अब त हामी यहाँभन्दा बेसी भरथेग गर्न सक्तैनौँ भने झैँ गरी लत्र्याक लुत्रुक परिरहेका थिए। मासी

गलिसकेका थिए। पिँडौला बटारिइरहेका थिए। खुट्टा लर्बरिइरहेका थिए। मानसिकता पनि यतै कतै घ्याच्च बस्न पाए कति हाइसन्चो हुन्छ होला भने झैँ गरिरहेको थियो।

दौडँदै जाँदा अपर्झट एउटा ठूलै खालको ठुटो हो वा ढुङ्गोमा अझल्टिन पुग्छु। त्यसमा लागेको ठेस एक्कासि मुटुमा पुगेर टन्किन थाल्छ। अनुमान गर्छु, पैँतालाको छाला आत्मसमर्पण गरेर उध्रिसकेको छ र त्यसको दम्को मुटुलाई लक्षित गर्दै बजारिन पुगिरहेको छ। त्यसलाई टेकेर सम्हालिन खोज्दा नखोज्दै पानीको मुल्कोले पाँचसात हात अगाडि धकेलिदिन्छ। खुट्टाले भुइँ छुनै पाइरहेको थिएन, पानी माथि नै कता हो थाहा छैन, बाँकटे हानेर कुदिरहेको थिएँ। भुइँमा टेकुँ टेकुँ गर्दा नगर्दै एउटा कुनै ठोस तर चिसो वस्तु देब्रे पिँडौलामा ठोकिएर बेरिन खोजे झैँ गर्छ। यस्तो संवेद्य अवस्थामा कुनै वस्तु गतिशील खुट्टामा बेरिनखोज्नु भनेको अग्लो रूखमा सुर्कनी परेको पासोभित्र टाउको छिराउन पुग्नुसरह नै हुने गर्दछ। त्यसको सम्भावित आघातबाट त्रसित हुँदै कुद्दै रहेको सङ्कटकालीन अवस्थामा यसो हातले छामछाम छुमछुम गर्न पुग्छु। कुनै लुगाको लफेटोजस्तो लाग्छ र माथितिर तान्छु।

पानीमा गह्रौं वस्तु पनि माथि तान्दा हलुकै लाग्छ। वस्तुको आयतन, आकृति र परिधि थाहा पाउन नसके पनि तान्छु, भनौँ तान्दै जान्छु। आँखा उघारेर हेर्न खोज्दा धमिलो पानीको कारणले गर्दा कालोसिवाय केही देखिँदैन। अडिने त कुरै भएन। यस्तो दारुण अवस्थामा सेकेन्डको पनि ठूलै महत्त्व हुन्छ। मात्र एक सेकेन्ड तलबितल पऱ्यो भने परिणाम बयान नै गर्न नसकिने घातक र त्रासद पनि हुनसक्ने पातलो ज्ञानसँग धेरथोर परिचित हुँदै आएको हुनाले झसङ्ग झस्किँदै तानेको वस्तुलाई यथावत् तान्दै हेलिँदै जान्छु।

एउटा खुट्टो पूरै विद्रोहमा उत्रिसकेको हुन्छ। जति प्रयास गर्दा पनि जमिन छुनै मान्दैन। कथं कदाचित् जोर जबर्जस्ती गरेर छोइहाले पनि असैह्य पीडाको मुस्लो समस्त शरीरलाई नै भष्म पार्ने गरी दन्दनाउन थाल्छ। ठूलो व्यथाले अकस्मात् चेप्तै लगेपछि साना व्यथा तपसिलमा झुन्डिन पुग्दारहेछन्। कुर्कुचामा या त बूढीऔँलामा विश्वास र भरोसा सुम्पेर जलविहारको उद्दाम यात्रालाई निरन्तरता दिँदै जान्छु। झन्डैझन्डै आधाभन्दा बेसी भूगोल छिचोलिसकेपछि टाउकोबाट ओरालो लाग्दै कुमकुमतिर झम्टामार्न थाल्छ बाढीको बिकराल प्रवाह। यति हुँदा पनि विश्वासको ठूलो निःस्वास छोडेर आँखा पिर्लिक्क पल्टाउँदै अगाडि हेर्छु। आधा बाटो छिचले पनि अरू आधा सिकार आए झम्टा मारेर क्षुधा तृप्त गरिहाल्छु भनेझैँ घाँटी तन्काउँदै लमतन्न परेर तेर्सिरहेको हुन्छ अगाडि।

हातमा नाम्लोजस्तो वस्तु बेरिएको छ तर त्यो गह्रौं छ। त्यसले पनि निकै ठूलो त्राण दिँदै आएको हुनाले सोह्रश्राद्धको बाजेले सात घर श्राद्ध गरी बटुलेको सिधाको झोलीजस्तै गरी झुन्ड्याउँदै आएको हुन्छु। पाइतालाको छाला उक्किएको खुट्टा पूरै खँजाहा हुन पुगेको हुन्छ। भरदिन पनि छोडिसकेको छ। कहिले असाध्यै दुख्ता यसो खोच्याउन खोजेको मात्र के हुन्छु, यही हो मौका भन्दै बाढी मुन्ट्याउन खोज्छ। धर्खरिँदै उँधिमुन्टी हुन खोज्दा हत्त न पत्त त्यही अनजान वस्तुमा सोहोरिएर बल लगाउँदै माथि तान्न खोज्दा जानेर त होइन, काकताली परेर नै होला। ऊमाथि उचालिन थालेझैँ लाग्छ र यसैको सहारामा यही मौकामा लर्बरिँदै जान थालेका

खुट्टा साविकमा ल्याउने प्रयत्न गर्छु। साविकमा आउँछु पनि।

के हो ? केही केही थाहा छैन। कुदिरहेको वेला घरिघरि चलायमान भएझैं लाग्दै आएको हुनाले जीवित हो झैं पनि लाग्छ। यति लामो दौडाहामा कुनै सजीव लक्षण देखाउन नखोजेको हुनाले निर्जीव हो झैं पनि लाग्छ।

यहाँ सोच्ने, सम्झने र पुर्पक्ष गर्ने समय नै नभएको हुनाले दौड्नुलाई मात्र प्राथमिकतामा राखेर बाँकी बक्यौतालाई किनारातिर मिल्काउँदै जान्छु।

नसोचेको, नचिताएको कुरासँग अचानक जम्काभेट हुनपुग्छ। शिरको पानी एक्कासि कम्मरमुनि आइपुगेपछि म झल्याँस्स चिरनिद्राबाट अचानक बिउँझिएसरह हुनपुग्छु। आँखा खोलेर एकझुल्को यसो चारैतिर हेर्छु। किनारा नजिकै आइपुगेको आभास हुन्छ। देब्रे हातले घिसार्दै आएको हन्बेर्नु बेतोडले गह्रौं हुनपुग्छ। म भए भरको बल लगाएर घिसार्दै किनारामा ल्याउँछु।

के के न होला भनेर सोचेको कुरा त अरू केही नभएर मलाई मृत्युको मुखमा बीच बाटैमा धकेलेर कुलेलम ठोक्न पुगेको त्यही पाजी छुचुन्द्रो पो रहेछ। एक पटक रिस र आवेगले तोरीको फूल देख्छु। एक मन लाग्छ बजियाको खप्पर फुट्ने गरी लात हानौंजस्तै। यसो वरिपरि हेर्छु। बेसारे पनि कान्छा मिस्त्रीलाई घोप्टो पारेर हातिदशेक पर पानी छदाउँदै रहेछ। त्यो दृश्य देखेपछि उर्लेर आएको रिसको पारो पनि केही मत्थर हुन्छ। अर्धमृत अवस्थामा थियो ऊ। लागेको रिस सबै पाछपुछ पारी उसलाई पनि घोप्टो पारेर मरीमरी ढाड थिच्न थाल्छु।

***

उपत्यका बाहिर 'दायित्व' उपलब्ध हुने पुस्तक पसलहरू

१ श्रेष्ठ बुक एन्ड न्यूज सेन्टर– दमक, झापा	- ०२३-५८४१२५
२ भट्टराई पुस्तक पसल – विराटनगर, मोरङ	- ०२१-५२४२४३
३ मुनाल पुस्तक भण्डार– गाईघाट, उदयपुर	- ०३५-४२०१२५
४ न्यू परजुना स्टेशनरी– सिन्धुली	- ०४७-५२००२५
५ नारायणी पुस्तक सदन– नारायणगढ, चितवन	- ०५६-५२१२८०
६ सुनगाभा बुक्स एण्ड स्टेसनरी– भरतपुर, चितवन	- ०५६-५३१४७०
७ कन्चन पुस्तक पसल– पोखरा, कास्की	- ०६१-५२४४६६
८ सिटी बुक एन्ड न्युज सेन्टर– बुटवल, रूपन्देही	-०७१-५४५२३६
९ न्यू प्रभात पुस्तक पसल– सुर्खेत	- ०८३-५२००७५
१० विपिन पुस्तक पसल– महेन्द्रनगर, कन्चनपुर	- ०९९-५२०१४८

दायित्व

काठमाडौंमा उपलब्ध हुने स्थान

पाठ्य सामग्री पसल

प्रो. कमल सुवेदी

जामे मार्केट, रत्नपार्क काठमाडौं, फोन नं. : ०१-४२४३१५०

संस्मरण

तास

■ विष्णुप्रसाद शर्मा पराजुली

बाल्यकालमा स्कूल जान थालेको प्रारम्भिक दिनमा मेरो झोलामा भेटिएको तासको बन्डलले जीवनमा ठूलो छाप पाऱ्यो। छ बर्षे बालकका हातका हत्केलाले घोडाले कोर्रा खाएझैँ छडीका दश स्वाँठ खाए। हत्केलामा परेका छडीका सुम्ला केही दिन पछि हराएर गए। तर सुम्लाले मेरो जीवनमा पारेको छाप भने सेतो मलमलको पछ्यौरीमा कालो मसीको दाग देखिएझैँ छर्लङ्ग देखिएर बस्यो। तासदेखि म साच्चिकै तर्सें अगुल्टोले हानेको कुकुर बिजुली चम्कदा तर्सेझैँ। त्यसैको सङ्क्षिप्त संस्मरण हो यो।

पर्वत रानीपानी, आरुपाटा चोर्दीमा रहेको आरुपाटा प्राथमिक स्कूल पीपलबोटको फेँदमा एउटा सानो बारीको थुम्के पाटोमा बनेको थियो। नुन लिन बटौली जाने यात्रु र घाँसदाउरा गर्ने गाउँलेको भारी बिसाउन पीपलको वरपर ढुङ्गाका छपनी चिनेर बनाइएको चौपारीमा टेका पनि थिए। चौरको पश्चिमतिर भिरालो सार्वजनिक पखेरो, कटुस र चिलाउनीको बाक्लो बन रहेको छ। पूर्वतिर खोल्सो, चोर्दीका घरहरू र त्यसको पल्लो पाखोमा लिउसिङ गाउँ छ भने, दक्षिणमा चोर्दी खोलो, संसारकै ठूलो शिला सेतीबेनी, बटौली नुन लिन र लाहुरे हुन भारत जाने बाटो रहेको छ। उत्तरमा गाउँका घर, बारीका ठुल्ठूला पाटा, पराजुलीको ठूलो कुणादी गाउँ, राक्कोट देवीस्थान, लुरिङकोट रहेका छन्। अहिले भूगोलमा परिवर्तन भएको छैन् सामाजिक परिवेश, बाटोघाटोमा ठूलो परिवर्तन भएको छ।

बारीका पाटामा मकै, कोदो, बोडी, भटमास, सिल्टियुँ साह्रै राम्रो फल्थ्यो। गाउँको बाटो साँघुरो गोरेटो थियो भने वनको फराकिलो। बनतिरबाट जाँदा डरले गर्दा समूहमा हिँड्थ्यौँ। गाउँबाट हिँड्दा केटाकेटीले कोदाका बाला चुडाल्ने, बोडी खाइदिने भएकाले गाउँका बाआमाको गाली खाइन्थ्यो। हामी बोडी र सिल्टियुँका कोसा चुँडालेर खान्थ्यौँ, कोदो माड्थ्यौँ, झालहरू लथालिङ्ग बनाइदिन्थ्यौँ। त्यसैले गाली खाइन्थ्यो। तर पनि पानी खाने निहुँ पारेर गाउँको बाटो जान्थ्यौँ। हाल आरूपाटाभन्दा आधा किलोमिटर उत्तर सार्वजनिक वनको बीचमा चोर्दी र कुडादीलाई नजिक पर्ने गरी त्यो स्कूल बरारूख (ठूलो बरको रूख)को फराकिलो चौरमा सारिएको छ। वि.सं. २०७२ सालको भूकम्पमा स्कूल गर्लम्मै ढल्यो। मैले क, ख चिनेको, हजुरबाआमा, बुवाआमा र गाउँले मिलेर खोलेको स्कूल ढल्दा मेरो मन घाईते भयो। परिवारजन, साथीभाइसँग केही अर्थ जुटाएर पुनर्निर्माणमा सहयोग गरी घाइते मनलाई शान्त पारें। स्कूल नयाँ भयो। मन शान्त भयो। स्कूल नजिकै नेपाल तारा उच्च माध्यामिक विद्यालय भएकाले होला, प्राथमिकबाट निम्न माध्यामिक (आधारभूत) भन्दा माथि उठेन!

म ठूलो भएपछि आमाले भनेर सम्झेको के भने शुरू-शुरूका दिनमा बुवाले मलाई काँधमा बोकेर चोर्दीको स्कूलमा पुऱ्याउनुभएछ। स्कूलमा नबसी, तीन दिनसम्म रुँदै, लडिबुडी खेल्दै बुवासँगै घर फर्केछु। बुवा हैरान भएपछि लैजानु भएनछ। त्यसपछि हजुर आमा माझघर गएर मैले प्रेम दाइ

भन्नुपर्ने दाइलाई 'भाइलाई तैले नै लिएर जा बाबु, यो त स्कूल बस्न मानेनछ। बाबुसँगै फर्केछ। बाउजस्तै होला भन्ने डर छ मलाई। अक्षर नचिने यसले के गरी खाला ?' भनेर भन्नुभएछ।

माझघर प्रेमदाइको घरको पाली ढुङ्गाले छाएको थियो, त्यसमा मौरीका घार थिए। त्यो घरभन्दा माथि एउटा काब्राको ठूलो रूख थियो, अहिले त्यो रूख मभन्दा बूढो भएको छ। स्कूल जाने बेला भएपछि प्रेम दाइले त्यो रूखको फेँदमा उक्लेर मलाई बोलाउनुहुन्थ्यो। म परालको पिर्के गुन्द्री बोकेर हुरुरु कान्लैकान्ला उफ्रदै झर्थें। दाइको पछि लागेर सँगसँगै जान्थें। दाइसँग गएको दिनदेखि घर फर्किनँ। रुन पनि छोडेँ छु। स्कूलबाट फर्केपछि हजुरआमाले घिउ र दूधमा भात वा आटो (मकैको च्याख्ला) फितृफितृ पार्दै तताएर ख्वाउनुहुन्थ्यो। 'आज के सिकिस् त ?' भन्दै माया गरेर सोध्नुहुन्थ्यो। हजुरआमा ५०-५५ को उमेरमा नै कुप्री भइसक्नुभएको थियो। वहाँ म दश वर्षको हुँदा हामी सबैलाई छोडेर एकान्तबास जानुभयो।

त्यस वेला हाम्रो नयाँ घर भए तापनि हामी हजुरबाले बनाएको पुरानो घुमाउने घरमा बसेका थियौँ। नयाँ घरको भुइँ तला चीसो थियो। माझको तला र पिँढीमा सुत्ने गरिन्थ्यो। माझको तलामा भकारीमा मकै चिनेर राखिन्थ्यो। कोदो र धान ठूला भकारीमा हुन्थ्यो। ठूला गाउरी (गाग्री)मा चामल, मास, भट्ट (भटमास) हुन्थ्यो डाला, थुन्से आदिमा दैनिक चाहिने कुरा हुन्थे। सिरानको तलामा अन्य सामान राखिन्थ्यो। गोठ र मलखात नजिकै थियो। त्यस वेला दुई भैँसी र एक हल गोरु बाँध्ने गोठ र १०-१२ वटा बाख्रा अटाउने खोर थियो। एक दिन राति ठूलो गैराको वनतिरबाट बाघ आएर खोरबाट एउटा ठूलो पाठी झिकेर खाइदियो। त्यसपछि क्रमशः बाख्रा पाल्न छोडियो। घरमा दूध, घिउ टुट्दैनथ्यो। घुमाउने घरसँगै पूर्वमा कान्छाबाको घर थियो। त्यस वेला वल्तिर, पल्तिर, तल्तिर र मास्थिर गाँउभर सबै चलाएमान थियो।

तलमाथि गर्दा रमाइलो हुन्थ्यो, अहिले जस्तो सुनसान थिएन। खेतिपाती, घाँस, दाउरा, वन पाखा गर्दागर्दै समय बितेको र लालाबाला हुर्केको मानिसलाई थाहै हुदैनथ्यो। हरेक दिन साँझपख घुमाउने घरमानै खरपाटाका हजुरबा, खत्री हजुरबा, काका र दाइहरू हजुरबासँग गफ गर्न र मेलापातको योजना गर्न भेला हुन्थे। चुरोट, बिँडी, र सुल्फामा ककड तान्थे। चलीस वर्ष लागेपछि बाआमा, काकाहरूले 'अब चलीसे लाग्यो, आँखा कमजोर भए' भन्थे। त्यसो भनेको सुन्दा मलाई अचम्म लाग्थ्यो। काम भने बाँचुन्जेल, शरीर चलुन्जेल पाखुरी बजार्नै पर्दथ्यो। पसिना नबगेसम्म चुलोमा आगो बल्ने भएन नै !

त्यो पुरानो हाम्रो घुमाउने घर बुवा र काका छुट्टिँदा काकालाई परेको थियो। काका बुटवल बसाइँ सर्ने भएपछि हजुरबाको चिनारी भनेर त्यो घर र थुम्काको बारी हामीले किन्यौँ। वि.सं. २०४३-४३ तिर त्यो घुमाउने घर भत्किसकेको थियो। मेरा बुवा र आमा हुन्जेल त्यहाँ एक प्रकारले पुरानै रौनक थियो। विहादी गाउँपालिकाको कुणादी गाउँबाट त्यस वेला अन्य गाउँबाट जस्तो बसाइँ सराइ गरेर मधेस जानेको लर्को लागेको थिएन। अहिले त सुनसान जस्तै छ। त्यस वेला नुन बोकेर खानुपर्थ्यो। किसानको जीवन थियो। पानस बत्ती भए तापनि सबैका घर उज्याला हुन्थे।

हाम्रो गाउँभन्दा केही तल समथर फाँट छ। त्यसमा कतै खेत छ भने कतै बारी। त्यही ठाउँ भएर मुस्ताङबाट आएको शहर जाने ठूलो बाटो छ। त्यसलाई शहरबाटो भनिन्छ। त्यहीबाटो भएर बा, कान्छाबा, जेठाबा, दाइहरू बटौली जान्थे र नुन र मट्टितेलको भारी बोकेर तेह्रचौध दिनमा घर फर्कन्थे। त्यो सम्झँदा कथाजस्तै लाग्छ। हामी पीपल गेडी, मिस्री, नरिवल खानको लागि

चोर्दी लामगरासम्म बा, काकालाई हेर्न जान्थ्यौं। पीपल गेडीको आशले हाम्रो जीब्रो लुटपुटिन्थ्यो। नुन लिन जाँदा कहिलेकाहीँ कोही आफन्त त हैजा लागेर बिरामी हुने, भीरबाट लडेर घाइते हुने, मट्टितेल चुहेर पिठ्यूँको छाला खुइलिने र कसैकसैको त्यसैको कारण लामो समय बिमार परेर मृत्युसम्म हुने गर्दथ्यो। अत्यन्त कठोर जीवन थियो त्यो। शहरमा बस्ने मानिसलाई पत्यार लाग्दैन होला तर त्यस्तै जीवन नेपालको उत्तरी हिमाली क्षेत्रका बिकट गाउँमा बस्ने बाआमालाई अहिले पनि छ। त्यसबेला मेरा हजुरबा नुन लिन भारत जानुहुन्थ्यो भने उत्तरका आमाबा अहिलेसम्म तिब्बत जानुपर्छ।

जे होस्, त्यस वेला गाउँ चलाएमान थियो। बारीका पाटामा कोदो मकै फल्थे र खेतका गरामा लहलह धानका बाला झुलेका हुन्थे। अहिले गाउँमा बिजुली, खानेपानी, मोटरबाटो, स्वास्थ्य चौकी, उच्च मावि र कलेज छन्। तर गाउँ भने शुन्य प्रायः छ। एक बित्ताका धानका बाला र एक हात लामा मकैका घोगा फल्ने खेत र बारी अहिले बाँझो पल्टेका छन्। दुम्सी, बाँदर, वनकुखुरा र बाघको बास बनेका छन् खेति उब्जने ती पाटाहरू। सामाजिक संरचना क्रमशः परिवर्तन भएको देखिँदै छ। हजुरबा र बुवाका पालामा २०-२५ वर्षमा देखिने विकास र सामाजिक परिवर्तन अहिले ४-५ वर्षको अन्तरालमा हुने गरेको छ।

हिजोका दिनमा शारीरिक दुःख भए तापनि एउटा बलियो सामाजिक परिवेश थियो। त्यस वेला छुवाछूत, मुखियाको डर, केही सामन्तीको दबदबाजस्ता खराब पक्ष बाहेक सामाजिक सद्भाव, आदर, सम्मान, सत्कार र परिपक्व संस्कार थियो। पुरानो किन नहोस् एउटा प्रणालीको सूत्रमा समाज बाँधिएको थियो। अहिले जसरी जमिन बाँझो रहेको छ, पुराना संस्कार पनि बाँझो जमिन जस्तै रुखा भएका छन्। यो अवस्था मेरो घर र गाउँको मात्र नभएर नेपालकै अवस्था हो। अहिले त यतिसम्म भएको छ, वृद्ध भएका मातापितालाई वृद्धाश्रममा छोड्ने, औंशी तिथिमा दुई कोसा केरा लिएर साँझपख अरूले नदेख्ने गरी बाआमालाई भेट्न जाने, 'आमाबाबुलाई माया गरेका छौं, है!' भनेर देखाउन सुटुक्क सेल्फी खिचेर फेसबुकमा राख्नेजस्तो भुसजस्तै हलुका घृणित संस्कृति बसेको छ। देश र समाजका लागि त्यो राम्रो सङ्केत होइन।

विकसित देशमा राज्यले ज्येष्ठ नागरिकको सम्पूर्ण जिम्मेवारी लिन्छ। सरकारले त्यस्ता नागरिकलाई युरोपले गरेजस्तो गरी हेरचाह गर्न चाहेर पनि अठोट गऱ्यो नै भने पनि अझ पचास वर्ष सक्दैन। हामी त वैदिक आचरण र संस्कारबाट हुर्कंदै आएका हौं। हामीले नहेर्ने हो भने त वृद्धावस्था -जुन वेला हातले डोरी बाट्न सक्दैन, हातले आँसी, कोदालो र हलो समात्न सक्दैन त्यस्तो वेला नै हो सन्तान चाहिने। अहिले सन्तान भए तापनि त्यस्तो आश गर्ने अवस्था कमैको छ। त्यसैले वेलैमा वृद्धकालका लागि आफूसँग केही छ भने जोहो गरी राख्नुपर्छ। छोराछोरीलाई सक्षम बनाउँदा बनाउँदै पनि।

वास्तवमा पहिलेभन्दा अहिले आमाबाबुले सन्तानको शिक्षा र तिनीहरूको उज्ज्वल भविष्यका लागि धेरै मेहनत र खर्च पनि गरेका छन्। सामाजिक परिवेश यस्तो रफ्तारमा बदलिएको छ कि भोलि बिहान कस्तो परिवर्तनको समाचार सुन्नुपर्ने हो थाहा हुँदैन। कैयौं यस्ता परिवेश छन्, घटना छन्, जुन पचाउन नसक्दा नसक्दै पचाउन बाध्य हुनुपरेको छ। धेरै आमाबाबुहरू भित्रभित्रै उकुसमुकुस हुँदै रोएर बाहिर फिसिक्क हाँसेर फेसबुकमा फोटो शेयर गर्न बाध्य छन्। शिक्षामा भएको विकासले समाज परिवर्तन त देखिएको छ तर देशमा आर्थिक उन्नति सोही बमोजिम हुन नसक्दा एउटा खुट्टामा जुत्ता र मोजा अर्को खुट्टामा तुना चुँडिएको हवाइचप्पल जस्तै हाँसो उठ्दो भएको छ।

त्यस वेलाको अवस्था थाहा होस् भनेर मैले माथिका केही कुरा उठाएँ - म अब मूल

विषयतिर नै प्रवेश गर्छु । प्रेम दाइले मलाई स्कूल जान बानीमात्र पार्नुभएन, मेहनत गर्ने बानी पनि बसाल्नुभयो । त्यसको बदला मैले दाइको पिर्के गुन्द्री बोकिदिन्थें । म आभारी छु, 'दाइप्रति । म एक कक्षामा थिएँ । हजुरबाले कालोपाटी र आँगनको भुइँमा धुलोमाथि लेख्न सिकाउनुहुन्थ्यो । त्यसैले मैले छिटै अक्षर चिनेको थिएँ । स्कूल जान थालेको केही महिना बितेको थियो । मेरा काका लाहुरे हुनुहुन्थ्यो । त्यसैले हाम्रो घरमा दुईतीन वर्षको बीचमा रेडियो बज्थ्यो । पिँढीमा पालीको खाँबोमा झुन्डिएको रेडियोबाट गीत धन्कन्थे, सबै घरधन्दा सकेपछि वरपरका आफन्त भेला हुन्थे । गुलियो चिया पाक्थ्यो, चुरोटको धुँवा राति अवेलासम्म निस्कन्थ्यो ।

काकाले मलाई भारतीय असमी महिलाले हातले बुनेको पुस्तक बोक्ने झोला ल्याइदिनुभएको थियो । त्यो झोलाको तना लामो थियो । त्यसलाई हजुरबाले बाँधेर गाँठो पारेर छोटो बनाइदिनुभएको थियो । झोलाको कान थियो, जसले पुस्तकभित्र हालेपछि ढाक्न मिल्थ्यो । एक पाटोमा सानो चेन भएको खोल्टी (खल्ती) थियो । त्यस वेला, त्यति राम्रो झोला बोक्ने बाहुनको छोरामा शायद ममात्र थिएँ कि ! हाम्रो गाउँ नजिकै लौके नाम भएको गुरुङ गाउँ छ । त्यहाँ धेरै लाहुरे हुने नै भए । गुरुङका छोराछोरीलाई त्यस्तो झोला नौलो थिएन, हामीलाई जस्तो !

सधै झैं त्यो दिन पनि प्रेम दाइले मलाई बोलाउनुभयो । म पिर्केगुन्द्री बोकेर झरें । मेरो कक्षा एकको पढाइ अन्तिमतिर पुगेको थियो । म छ वर्ष पुगेको थिइनँ । स्कूलमा एक जनामात्र गुरु हुनुहुन्थ्यो । वहाँको नाम भीमप्रसाद पराजुली थियो, नाताले दाइ पर्नुहुन्थ्यो । वहाँले नै पाँच कक्षासम्मका विद्यार्थीलाई पढाउनुहुन्थ्यो । त्यो दिन बरारूखबाट तल झर्‍यौं र वनको बाटो भएर स्कूलतिर लाग्यौं । त्यस वेला अर्का साथी टंकप्रसाद पराजुली, यामबहादुर क्षेत्री, खोलबहादुर दर्जी, खिरिमबहादुर क्षेत्री पनि थिए । हामी कोहीसँगैका दौंतरी त कोही एकदुई वर्ष तलमाथिका थियौं । वनमा पुगेपछि प्रेम दाइले मेरो झोलाको खेल्टीमा तासको बण्डल राख्नुभयो । त्यस वेला मलाई तास भन्ने के हो ? थाहा थिएन । मैले तास देखेको पनि थिइनँ । दाइले मेरो झोलमा तास राख्नुभयो । अरूको झोला पनि थिएन । दाइको, मजति प्रिय भाइ अरू कोही थिएनन् पनि ।

सधैं झैं गुन्द्री र झोला भित्र राखेर प्रार्थनाको लागि बाहिर निस्क्यौं । त्यसपछि भित्र आआफ्ना गुन्द्री ओच्छ्याएर पढ्न बस्यौं । पढाइ शुरू भयो । त्यस्तैमा कक्षा एककै एक जना साथीले मेरो झोलामा तास भएको थाहा पाए । प्रेम दाइ । अर्को कोठामा हुनुहुन्थ्यो । त्यस वेला त्यो स्कूलमा कक्षा पाँचसम्म पढाइ हुन्थ्यो र कक्षा छ पढ्न रानीपानी जानुपर्थ्यो । दाइ शायद त्यस वेला कक्षा पाँचमा पढ्नुहुन्थ्यो । मेरो झोलामा तास छ भन्ने थाहा पाएपछि त्यो साथीले भीम गुरुलाई मेरो झोलामा तासको बण्डल भएको कुरा लगाइदियो ।

भीम गुरुले मलाई झोलासहित आफ्नो कुर्सी भएको ठाउँमा बोलाउनुभयो । अरूले मतिर हेरेका थिए । त्यस वेला म कति डराएको थिएँ हुँला मलाई थाहा छैन । पक्कै पनि मेरो मुटुको धड्कन बल उफ्रेझैं उफ्रेको हुनुपर्छ । वाक्य वन्द भएको हुनुपर्छ । स्कूलभर जम्मा दुईटा कोठा थिए । वहाँको कुर्सीबाट सीधा अगाडि एकदुईदेखि पाँचसम्मका विद्यार्थी थिए । म सीधा किसिमको थिएँ । झगडा गर्ने बानी थिएन सानैदेखि । अलि डराउथें । 'तेरो झोलामा के छ ? निकाल ।' गुरुले हकार्दै भन्नुभयो । प्रेम दाइले खुसुक्क मेरो झोलामा राखेको वस्तु झिकेर दिएँ । त्यो नै तासको वण्डल रहेछ, जसलाई मैले पहिलो पटक देखें । गुरुले तासको बण्डल टेवल माथि राख्नुभयो । वहाँको दाहिने हातमा दुई फुट लामो छडी थियो ।

टेबलबाट एउटा तासको पत्ती झिकेर त्यसलाई मतिर फर्काएर 'यो के हो ?' भनेर सोध्नुहुन्थ्यो । म बबुरोलाई अहिले त तासको

पत्तीको नाम थाहा छैन, त्यस वेला थाहा हुने त कुरै भएन। मैले पहिलो पटक छडीको स्वाँठ नखाँदै आँखाबाट बरबर्ती आँसु झार्दै टाउको हल्लाउदै 'थाहा छैन।' भनेँ। त्यसपछि गुरुले 'दाहिने हात थाप।' भन्दै त्यो लौरोले स्वाँठ लगाउनुहुन्थ्यो। त्यस वेला चिच्याएर रोइनजस्तो लाग्छ तर आँसु भने बलिन्द्रधारा खसेको सम्झना छ। त्यस्तै गरेर गुरुले मेरा दुवै हत्केलामा पाँच-पाँच स्वाँठ हान्नुभयो। म ठूलो भएपछि आमाले भन्नु हुन्थ्यो। त्यस वेला मेरो हत्केलो सुनिएको थियो 'रे ! आँखाका कोश सुनिएका थिए'रे ! तीन दिन स्कूल गइनछु। प्रेम दाइले तासको कुरा मेरो र वहाँको दुवै घर नभन्नु भनेकाले भनिनँ पनि। मेरो हत्केलो सुनिएको कारण मेरा अरू साथीले उनीहरूका आमाबाबुलाई भनेछन्। एक कान, दुई कान मैदान भने झैँ पछि सबैले साँचो कुरा थाहा पाए। हामी दुई परिवारका बीचमा नराम्रो केही भएन।

म अहिले ५९ वर्षको भएँ। बाल्यकालको तासको त्यो घटनापछि जीवनमा मैले तासको सङ्गत कहिल्यै गरिनँ। तास भनेपछि साँचो अर्थमा म तर्सन्थेँ। आजका दिनसम्म पनि तास भन्नासाथ मैले त्यो दिनको त्यो स्वाँठ झलक्क सम्झन्छु। मैले दश कक्षासम्म सरासर पास गर्दै गएँ। प्रेमदाइहरू कक्षा ६ देखि १० सम्म पढ्न भोक्सिङ जानुभयो। मैले पढ्दै जाँदा गाउँमा नै १० कक्षासम्मको पढाइ भयो। मैले दशसम्म पढ्न घर छोडेर टाढा जान परेन। एसएलसी पनि सरासर गरेँ। त्यसबेला त्यो ठूलै कुरा थियो।

मैले पहिलो पटकमा नै एसएलसी पास गरेकोमा मेरा बाआमा पछि बढी खुशी हुनेमा गुरु भीमप्रसाद नै हुनुहुन्थ्यो। हाम्रो घरमा नै आएर बधाइ दिनुभएको सम्झन्छु। तासको काण्डपछि वहाँले मलाई धेरै माया गर्नुहुन्थ्यो र त्यो माया गत वर्षसम्म नै रहेको थियो। अहिले वहाँ हुनुहुन्न। नाताको हिसाबले वहाँ मेरो दाइ हुनुहुन्थ्यो। आइए र बिए मैले भारतको मिजौराममा पढेको हुँ। मिजौराममा पनि गोर्खाली साथीहरू फुर्सदको क्षण तास खेल्थे र खेल्ने आग्रह गर्दथे। नखेले पनि 'सिक्न त हुन्छ नि' भन्थे। तर मैले तासलाई वास्तवमा राम्रोसँग हेर्दा पनि हेरिनँ र छुँदा पनि छोइनँ। मिजौराम पछि नेपाल फर्केर जीवनका धेरै मोडहरू पार गरेँ र उकाली चढेँ। कैयौँ उकालीमा थाकेँ। कैयौँ भन्ज्याङ पार गर्दा नाचेँ। चाहे थाकेको बेला होस् वा नाचेको बेला मैले तास खेलिनँ, खेल्न मन गरिनँ, र खेल्न पनि जानिनँ। साथीहरूले तास खेलौँ भन्दा मैले मेरो हत्केलो हेर्छु र भीम गुरुलाई सम्झन्छु। इमानदारीपूर्वक भन्ने हो भने मैले अहिले पनि पत्तीहरू चिन्दिनँ। तिहारको वेला आफन्तजनसँग जुट पत्ती बाहेक अरू खेल म खेलेको पनि छैन।

यस वेला चितवनमा बस्नुभएका प्रेम दाइलाई सम्झन चाहन्छु, जसले मलाई मेरो चोर औँला समातेर स्कूल जान बानी पार्नुभयो। वहाँको तास लुकाउँदा मैले खाएको स्वाँठले तासप्रति मेरो लगाव नै भएन। त्यसैले शायद मैले पढेँ। फलस्वरूप जीवनका उकाली र ओराली हाँस्दै र रुँदै बिताउन सकेँ। त्यस वेला तासमा चासो राख्ने मेरा धेरै दौतरीले स्कूलको शिक्षा पूरा गरेनन्। अन्यत्र, भूलवश लत बस्यो भने त्यसले बाटो घुमाउरो बनाइदिँदो रहेछ। त्यस्तो लत लाग्यो भने पढ्न नसकिने रहेछ भन्ने पाठ सिकेँ। तास खेल्न नजानेकोमा मलाई पटक्कै दुखेसो भएन। बिए पास गरेपछि भीम गुरुलाई भेट्न त्यही स्कूलमा पुगेँ। मलाई देखेर दाइ धेरै खुशी हुनुभएको थियो। अँगालो हालेर हर्षका आँसु झार्नुभएको थियो। त्यस वेला मैले पनि आँसु रोक्न सकिनँ। हिँड्ने वेला 'मेरो छडीको स्वाँठले तँलाई पढ्न सिकायो। म खुशी छु। तैले एमए पढ्नुपर्छ।' भन्नुभएको हिजोजस्तै लाग्छ। गुरुको आशीर्वाद लाग्यो। म खुशी छु। सानोमा तासँग तर्सेको त्यो छाप अमर भएर जीवनमा बस्यो। तास खेल्न नजानेकोमा आज पनि खुशी छु।

bishnu.nmdc@gmail.com

आज मै रोक्न जान्छु

■ कृष्णदेव रिमाल

लोभी औधी मनबिच छुरा भिर्छ त्यो छद्मधारी
लाद्रो भर्दो कुचुकुचु गुदी टोक्छ त्यो राष्ट्रघाती ।
आयो हाम्रै घरतिर कुदी लाज भो छेक्न जान्छु
काम्ने भाग्ने जन सब उठे आज मै रोक्न जान्छु ।।१।।

खायो सारा रनवन अहो पालको ओत खायो
चुस्यो जम्मै रगत जनको चर्म काढी लगायो ।
मेचै चोऱ्यो अधम शठले आज मै खोस्न जान्छु
काम्ने भाग्ने जन सब जुटे आज मै रोक्न जान्छु ।।२।।

आर्टैं भन्दै नवनव कुरा कामले लात मार्दै
लस्क्यो आफ्ना कुटजन सँगै हामका बात मार्दै ।
चढ्दै घोडा टकटक गरी भाग्छ रोक्नै म जान्छु
काम्ने भाग्ने जन सब उठे आज मै रोक्न जान्छु ।।३।।

खाता टाटै रमझम अझै शानले कार हाँकी
लग्यो पापी कति पनि दया बाघले झैं नराखी ।
च्वाँच्वाँ गर्दै सुँगुरमतिले खान्छ लौ छेक्न जान्छु
काम्ने भाग्ने जन सब उठे आज मै रोक्न जान्छु ।।४।।

बाँधै खाँचो सलल जलको कुल्कुले बेग निल्यो
बिझ्ने निल्ने अधम कमिलो बेसरी देश चिल्यो ।
ऐय्या भन्दी धुरुधुरु धराधाम थाम्नै म जान्छु
काम्ने भाग्ने जन सब उठे आज मै रोक्न जान्छु ।।५।।

काढैं दोलो जसकन यहाँ नाक झर्दै छ त्यस्को
लुछ्यो हुर्मत् सरलजनको नाति मर्दै छ त्यस्को ।
आँतै चाट्यो लपलप अहो ! माथ ताकी म जान्छु
काम्ने भाग्ने जन सब उठे आज मै रोक्न जान्छु ।।६।।

❖❖❖

लेख

नेपाली साहित्यका चार विशिष्ट व्यक्तित्व

■ मुकुन्द न्यौपाने

नेपाली साहित्य क्षेत्रको बाँझो बारीमा सबभन्दा पहिलो बीजन, रामायण (रामगीतासमेत), भक्तमाला, प्रश्नोत्तरी, वधूशिक्षा र फुटकर कृतिहरूलाई रोप्ने काम भानुभक्त आचार्यले गरे ।

त्यसपछि गजेन्द्रमोक्ष (खण्डकाव्य), प्रह्लाद भक्ति कथा (खण्डकाव्य), मनोद्वेग प्रवाह (कवितासङ्ग्रह), उषा चरित्र (खण्डकाव्य) पिकदूत (खण्डकाव्य), कविसमूह वर्णन, पञ्च प्रपञ्च र तीजको कथा, गफास्टक मध्ये ४ अष्टक, कमल भ्रमर संवाद, प्रियदर्शिका (नाटिका), भ्रमर गीत, समस्या पूर्तिहरू, केही भजन, स्तुति र गजल गीतहरूलाई मलजल हाली छोटो अवधिमा हुर्काउने एवम् रक्षा गर्ने हुन्– मोतीराम भट्ट ।

यस्तै यस्तै ऋतुविचार (खण्डकाव्य), बुद्धि विनोद (खण्डकाव्य), गीताञ्जली (खण्डकाव्य), अमरज्योतिको सत्यस्मृति (खण्डकाव्य), तरुण तपसी (नव्य काव्य), लालित्य (कवितासङ्ग्रह–१), लालित्य (कवितासङ्ग्रह–२) कवि शिरोमणि लेखनाथ पौडेलका प्रतिनिधि कविता (कवितासङ्ग्रह), मेरो राम, त्याग र उदयको प्रकाश (स्तुतिकाव्य) र अभिज्ञान शाकुन्तल (अनुवाद) हरूलाई कटिङ्ग र संरक्षण गर्दै ल्याए– लेखनाथ पौडेलले ।

नेपाली साहित्यिक बारीमा मुनामदन, सावित्री सत्यवान्, प्रभाकर (खण्डकाव्य), शाकुन्तल (महाकाव्य), लक्ष्मीनिबन्धसङ्ग्रह, कुञ्जिनी (खण्डकाव्य) राजपूत रमणि, सुलोचना (महाकाव्य), पहाडी पुकार, पुतली भाग-१, भाग-२ (कवितासङ्ग्रह) वसन्ती (गीतिकाव्य), मैना (खण्डकाव्य), सुन्दरी जलपना (खण्डकाव्य), भिखारी (कवितासङ्ग्रह), सुनको बिहान (कवितासङ्ग्रह), म्हेन्दु (खण्डकाव्य), रावणजटायु युद्ध (खण्डकाव्य), छहरा (कवितासङ्ग्रह), मृत्यु शैय्या, चिल्ला पातहरू (कवितासङ्ग्रह), कृषिवाला, लुनी (खण्डकाव्य), गाइने (गीतसङ्ग्रह) सीताहरण (खण्डकाव्य) महाराणा प्रताप (महाकाव्य), मनोरञ्जन (कवितासङ्ग्रह) भावना गाङ्गेय (कवितासङ्ग्रह) मायाबिनी सर्सी (खण्डकाव्य), दुष्यन्त शकुन्तला भेट (खण्डकाव्य) वन कुसुम (महाकाव्य), नवरस, आकाश बोल्छ (कवितासङ्ग्रह), प्रिमियस, पटक (काव्य), छाँगासँग कुरा (कवितासङ्ग्रह) लक्ष्मी कथासङ्ग्रह, लक्ष्मी कवितासङ्ग्रह र फुटकर लेख रचना आदि साहित्यले ढकमक्क पारे लक्ष्मीप्रसाद देवकोटाले ।

यसरी नेपाली साहित्यको बारीलाई चार मालीहरूले विभिन्न विधाको बीजारोपण गर्नुको साथै मलजल गरी एक उत्कृष्ट बगैंचाको रूपमा परिणत गरे, आज त्यो बगैंचालाई मलजल गरी त्यसमा उनैको रङ्गीविरङ्गी तथा स्वादिला फलफूलले भरिभराऊ गर्न असल मालीहरूको खाँचो देखिएको छ ।

लाजिम्पाट

यात्रासंस्मरण

हत्पतमा हलेसी दर्शन

■ तारावदन श्रेष्ठ

फागुन २३ (२०७४) गते बिहानै तेज दाइसँग खोटाङ जानुथियो। म भने राधा दिदीको डल्लुको घरमै अल्मलिएकी थिएँ, पूजा कार्यक्रममा। दाइले 'बिहान ठीक छ बजे सभागृहअगाडि पुग्नू, ढिला भए बसले छोडेर जान्छ है!' भन्नुभएको थियो। म छट्पटिएकी थिएँ अघिल्लो दिन।

'तारा मा! भोलि बिहान पौने छ बजे नै म पुऱ्याइदिन्छु सभागृहअगाडि बस चढ्न। नआत्तिनुहोस्।' समनले भन्यो। 'बेटा हो तो ऐसा।' म ढुक्क भएँ।

बिहान छ बजे बस भएको स्थानमा पुग्दा दाइ देखिनुभएन। दाइलाई फोन गर्दा म कोटेश्वरमा छु भन्नुभयो। दाइ कोटेश्वरबाट चढ्नुहुन्छ भन्ने सोचेँ। गाडी सात बजे गुड्यो। ठाउँ ठाउँमा साहित्यकारहरूलाई लिँदै बस कोटेश्वर पुग्यो। त्यहाँ केही साहित्यकारहरू चढ्नुभए पनि दाइ चढ्नुभएन। मलाई खुल्दुली र उकुसमुकुस भयो। मैले अनिता बैनीलाई सोधेँ– 'तेजदाइ खै त ?'

"अर्को गाडीमा जानुभयो।"– उनले छोटो उत्तर दिइन्।

धुलिखेल पुगेर चिया खायौँ। नास्ता त बसमा नै खाइसकेका थियौँ। बस हुइँकियो आफ्नै तालमा। नागबेली बाटोमा हल्लँदै बस भकुण्डे पुग्दानपुग्दै सहयात्री एकाराम सर बेहोस हुनुभएछ। बित्यास नै पऱ्यो। गाडी रोकेर उहाँलाई बाहिर हावामा राखियो। केही सहयात्रीहरू उहाँको सुसारमा लागे। सुशीला दिदीले अनेक प्रयास गरेर होसमा ल्याउनुभयो। केही ढुक्क भयौँ हामी। तर बिरामी तङ्ग्रिनुभएको थिएन। यस्तो अशक्त बिरामीलाई कार्यक्रममा लाने कुरा भएन। के कसो भएको हो परीक्षण गर्न बाँकी नै थियो। सक्रिय सहयात्रीहरूले एम्बुलेन्स बोलाए। विजय आचार्य सरको जिम्मा लगाएर बिरामी एकाराम सरलाई धुलिखेल अस्पतालतर्फ पठाइयो। अरू बसमा सवार भएर गन्तव्यतिर लाग्यौँ।

एक जना सरले भन्नुभयो "यो बसमा आठ जना जति डाक्टर हुनुहुन्छ तर एउटा बिरामीलाई जाँच्ने कोही तम्सेनन्। अस्पतालमै पऱ्याउनुपऱ्यो।" सबै गलल हाँसे। मैले– "सरहरूले ज्यावल ल्याउनुभएन होला अनि कसरी जाँच्नु त!" भनेँ। सबैले ख्यालठट्टा गर्दै यात्रालाई केही सहज तुल्याउन थाल्नुभयो। सँगै आएका सहयात्रीलाई छाड्नुपर्दाको नियास्रो बसभरि रुमल्लिँदै थियो पछिसम्मै पनि।

सुनकोसीपारि हर्षपुरमा पुगेर खाना खायौँ। त्यहाँ पुग्दा काठमाडौँ, भक्तपुर, काभ्रे, सिन्धुली र उदयपुर पनि नाघेर ओखलढुङ्गा जिल्ला छिचोलिसके छौँ। त्यहाँबाट पनि बस फेरि गुड्यो। दाइलाई फेरि फोन गरेँ। ओखलढुङ्गा जिल्ला पनि छोडेर बस खोटाङको हलेसी महादेव स्थान पुग्यो। त्यति वेला दर्शन गर्न नभ्याइने हुँदा सबैले बसैबाट दर्शन गरे। मैले पनि नमन गरेँ बसबाटै। बस त्यहाँ रोकिएन घुइँघुइँती उकालो चढिरह्यो।

बेलुकी सात बजे 'शुभदिन होटल'अगाडि बस रोकियो। तेज दाइले हामीलाई स्वागत

गर्नुभयो। महिला सहभागीहरू र कार्यकारी समितिका पदाधिकारीहरूका लागि होटल शुभदिनमा र अरू बाँकी सबै इन्द्रेनी होटलमा खान बस्नको व्यवस्था गरिएको थियो। हामी फ्रेस हुन नपाउँदै खानाको लागि बोलावट भयो। खाना खाएर हामी आआफ्नो कोठामा सुत्न गयौँ। सुशीला दिदीको कोठामा म परैं। उहाँसँग पहिले पहिले पनि सहयात्रा गरिसकेकीले म आरामले निदाएँ।

बिहान उठ्दा विजय आचार्य सरलाई देखेर म छक्क परैं। "लौ सर त आइसक्नुभएछ! कुन वेला पुग्नुभयो ?" विजय सर राति बाह्रबजे आइपग्नुभएको रहेछ– एकाराम सरलाई परिवारलाई जिम्मा लगाएर। उहाँको सदासयता मीठो लाग्यो।

बिहानको खाना खाएर दश बजे कार्यक्रमका लागि जिल्ला विकासको सभागृहमा गयौँ। आँगनभरि बालसाहित्यका पुस्तकहरू फिँजाएर प्रर्दशन गरिएको थियो। स्कूलका विद्यार्थीहरू त्यहाँ झुम्मिएका थिए।

कार्यक्रम शुरू भयो। विद्यार्थीहरूले विभिन्न नाचगान देखाए। लाइटको कमीले कार्यक्रमको फोटो राम्ररी खिच्न पाएनौँ। कार्यक्रम सकेर बाहिर आउँदा प्रदर्शनीमा राखिएका एउटा पनि किताब थिएनन्, सबै छात्रछात्राले घर लिएर गएछन्।

बेलुकीको खाना खाने बेलामा मन्दिर जाने कुरा चल्यो। 'मन्दिर जाने भए म पनि छु है' भनेर म खाना खाएर सुशीला दिदीसँग कोठामा गएँ। केही बेरमा यशु भाइले 'दिदीहरू तल आउनुहोस्' भनेर बोलाउन आए। तल त सान्सानो पार्टी नै चल्न लागेको रहेछ। शैलेन्दु सर र रेणु थापाजीको दोहरी मजैले घन्कियो। दोहरीका साथै नाच पनि जोडका तोडले भयो। म त हाँसेको हाँसै भएँ।

बिहानै झुकुवा भगवती जान निस्कियौँ। हल्का उकालो बजार हेर्दै गयौँ। बजारको पुछारमा हाटबजार लागेको रहेछ। हाटबजार हेर्दै उकालो चढ्यौँ। खुड्किला शुरू भयो। फोटो खिच्दै र खिचाउँदै भगवती स्थान पुग्यौँ। शिवलाई जस्तै ती भगवतीलाई पनि आइमाईले छुन नहुने रहेछ। टाढैबाट दर्शन गर्‍यौँ। मन्दिर नयाँ बनाइएको रहेछ।

हामी फेरि त्यहाँबाट पनि उकालो चढ्न लाग्यौँ– किरातहरूको गढ किल्ला हेर्न। सैनिकहरूले त्यहाँ पुग्न अस्थाई बाटो बनाउँदै रहेछन्। रेणुजीले केही बेर कुराकानी गर्नुभयो। किराँत गढ किल्ला पुग्यौँ। पुरानो अवशेष केही देखिएन। गढलाई नयाँ ढुङ्गाले घेरेर राखेको पायौँ। तल सैनिक क्याम्प रहेछ। हामी त्यहाँबाट फर्कियौँ र बुधेश्वर महादेवको दर्शन गर्नलाग्यौँ।

बुधेश्वर महादेव गुफाभित्र रहेछन्। भित्रको शिलामा विभिन्न आकृति देखिँदोरहेछ। साँगुरो बाटो तर उचाइ भने दुई तल्ला जस्तो अग्लो रहेछ। भगवान्को दर्शन गरेर फर्किने वेलामा "लौ म त एक्लै हुनेभएँ छु भने।" होम भट्टराई सरले "म बसिदिउँला" भन्नुभयो। त्यहाँ फर्किँदा सानो प्वालबाट निस्किनुपर्ने रहेछ। खुट्टा पहिले निकालेर घोप्टिदै निक्लनुपर्ने रहेछ। होम सरले मलाई सिकाइदिनुभयो। म सजिलैसँग निस्किएँ। त्यसपछि हामी ओर्लियौँ।

होटल शुभदिन पुगेर खाना खायौँ। सर मिस सबै स्कूल गइसक्नुभए छ। सुशीला दिदी, प्राज्ञ नर्वदेश्वरी र ममात्रै बाँकी भएछौ। अब कसरी जाने भन्ने गन्थन भयो। त्यसै वेला मेयर दीपनारायणकी श्रीमती आउनुभयो। सर जानुभएको छैन गाडी आउँदै छ, त्यसैमा जानुभए हुन्छ भन्नुभयो। हामी ढुक्क भयौँ।

गाडी आइपुग्यो। मेयर दीपनारायणजीसँगै गाडीमा बसेर बजार घुम्दै सरस्वती स्कूल पुग्यौँ।

स्कूलमा कार्यक्रम सकेर मेयरको हातबाट मायाको चिनो लियौँ। गुराँसै गुराँसको फूलको माला पहिरिएर बिदा भयौँ। बेलुकी शुभदिन र इन्द्रेणी होटलका सबै जम्मा भएर खाना खायौँ। शुभदिन भित्रिएदेखि नै मेयरको मेजमानीमा थियौँ। मेयरकी मिसेज र छोरा भएर शुभदिन लज चलाउनुहुँदो रहेछ। उहाँहरूको आत्मीयता न्यानो लाग्यो। बेलुकी बाह्र बजेसम्म नाचगान गरी रमाइलो गरियो।

बिहान छ बजे सुमो जिपले हामीलाई लिन आइपुग्यो। बसमा जाने साथीहरूसँग बिदा भयौँ र हामी पाँच जना सुमोमा चढ्यौँ– तेज दाइ, अमर दाइ, बन्धु सर र म। हलेसी महादेवको छिटोछिटो दर्शन गर्‍यौँ। पार्वतीगुफामा लामो लाइन रहेछ। लाइन बसेनौँ र अरू गुफाहरू पनि केही हेर्न पाएनौँ। फोटो खिच्न रहर लागेको थियो। त्यहाँका वासिन्दाले फोटो खिच्न नै दिएनन्। हत्पतमा हलेसी महादेवको दर्शनले धितै मरेको थिएन। यति टाढा आएर पनि मन फुकाएर दर्शन गर्न पाइएन। राम्रोसँग घुम्न पनि पाइएन। जिपको हर्न बज्न थालिहाल्यो टिइँटिइँ। मन थक्थकाउँदै जिप चढ्यौँ र हुइकियौँ। प्रकृतिले पनि अँधेरो मुहार लगाइन् र आँसु नै झारिन्। पानी पर्न थाल्यो झम्झम्।

इटाखेल, चन्द्रागिरि नगरपालिका ६

इलाम

■ विनोद नेपाल

श्रीअन्तुको उचाइ
अनि
माइपोखरी र चियाबारीको सुन्दरता मात्र होइन
गजुरमुखीको गरिमा पनि हो इलाम।

अम्लिसो र अदुवा
वा इस्कुस र अर्थोडक्स चियामात्र होइन,
दशगजा नै नभए पनि
सीमामा पहरेदार बनेर
उभिएको पशुपतिनगरको
इमान पनि हो इलाम।

नसम्झनु अलैची र अकबरे
वा माइखोला र कन्याम मात्रै हो इलाम,
बरू एक से एक छन्,
यहाँका पाखा पखेरा,
कम छैनन् इलाम, फिक्कल र पशुपतिनगर
अनि के के मात्र भन्नु खै ?
सुन्दर छ, सिङ्गो इलाम
साँच्चै सुन्दर छ
हाम्रो इलाम, राम्रो इलाम।

पोखराथोक, पाल्पा

शुभकामना

२०७५ सालको विजयादशमी, शुभ–दीपावली, छठपर्व तथा नेपाल संवत्को सुखद् अवसरमा समस्त ग्राहकवर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।

नेपाल टेलिकम परिवार

हामीलाई देहाय बमोजिमका किताबहरू प्राप्त भएका छन्, उपलब्धकर्तालाई धन्यवाद !

कृतिको नाम	विधा	लेखकको नाम	प्रकाशकको नाम	पृष्ठ सङ्ख्या	मूल्य रू.
स्वर्ग	(कविता)	कृष्ण प्रधान	त्रिपुर साहित्य समाज	११८	२०१/-
आधा उज्यालो	(कविता)	भीष्म उप्रेती	सारांश नेपाल	९३+२३	-
अमर	(मुक्तक)	दिलिप योञ्जन	लक्ष्मी गुरुङ तामाङ	११२	१२५/-
The Uncertain Future	(कथा)	लक्ष्मण राजवंशी	सिद्धार्थ वनस्थली इन्टिच्युट	११४+८	२५०/–
जब महाकाली उर्लन्छ	(कथा)	लक्ष्मण राजवंशी	तलेजु प्रकाशन	१२७+१४	२००/–
पहिरोले पुरिएको मान्छे	(उपन्यास)	हरिप्रसाद पाण्डेय	अर्नभ सर्वेक्षा	२१८	२५१/–
भर्तृहरि नीतिशतक	(अनुवाद)	नारायण ज्ञवाली	शब्दार्थ प्रकाशन	१६४	३००/-
छेदिलाल	(कथा)	राममणि पोखरेल	सकुन्तला पोखरेल	१८०	२५०/-
अमूर्त सपना	(कविता)	चूडामणि नेपाल 'अकिञ्चन'	पूर्वाञ्चल साहित्य प्रतिष्ठान	८२+१८	२००/-
भागवतमय जीवन	(स्मृतिग्रन्थ)	सं. नम्रता पाण्डे	का.भा. प्रतिष्ठान	२३६	-
जाग्रत आँखाहरू	(निबन्ध)	पुण्य कार्की	जनमत प्रकाशन	१४८	२५०/-
सिंहवाहिनी	(महाकाव्य)	सदानन्द अभागी	दाउन्ने साहित्यिक समूह	७८+८	२५०/-
कोपिला	(लघुकाव्य)	सदानन्द अभागी	लक्ष्मी स्मृति साहित्य समाज	६०+८	२०/-
कपिलवस्तु	(निबन्ध)	देवीप्रसाद वनवासी	नेभासा/आनुष्ठान	११०+८	२५०/–
गौतमबुद्ध	(जीवनदर्शन)	देवीप्रसाद वनवासी	नेभासा/आनुष्ठान	६४	१५०/–
अद्भुत मान्छे	(जीवनी)	देवीप्रसाद वनवासी	देवेन्द्रराज रेग्मी	८०+८	१५०/–
बागमतीका नारीहरू	(कविता)	सं. अनिता/शशी/गङ्गा	विनानेसा सम्मेलन	२२८+२०	५००/-
यात्राको लहरीमा हिउँफूलकी रानी	(नियात्रा)	घनश्याम राजकर्णिकार	डिकुरा पब्लिकेशन	२०४+२२	३२५/-
नियतिचक्र विमर्श	(समीक्षा ग्रन्थ)	सं. लक्ष्मी/छायादत्त	वनिता त्रैमासिक	२२४	२५०/-
विरचित पाइलाहरू	(नियात्रा)	इन्दिरा दीक्षित	स.सा. प्रतिष्ठान बेलायत	२२४	३२५/-
संवादमा मोहनबहादुर कायस्थ	(अन्तर्वार्ता)	मोहनबहादुर कायस्थ	कायस्थ सेवासदन	३३४+१४	३००/-
आफ्नो किताब	(जीवनदर्शन)	डा.नम्रता/डा.प्रद्युम्न पाण्डे	स्वयम्	१६०	२००/-
रातो गुलाफ	(कविता)	सम्झना राई	ओरियन्टल पब्लिकेशन	१३६	२००/-
सम्झनाका पाइलाहरू	(गीत)	नारायण खतिवडा	स्वयम्	११०+१०	१५०/-

समृद्ध नेपाल, सुखी नेपाली

सामाजिक सेवा सबैको जिम्मेवारी ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

दायित्व वाङ्मय प्रतिष्ठानका प्रकाशनहरू

१.	तीन आमाको छोरा (उपन्यास) २०५७- रामप्रसाद पन्त	१५०/-
२.	श्रद्धाञ्जली (खण्डकाव्य) २०५८- देवी नेपाल	५०/-
३.	ललित मञ्जरी (खण्डकाव्य) २०५८- अमृत खरेल	२१/-
४.	जापान भ्रमणका केही सम्झनाहरू (नियात्रासङ्ग्रह) २०५८- रामप्रसाद पन्त	२००/-
५.	शङ्कर कोइराला: कृति अनुशीलन (समालोचनासङ्ग्रह) २०५८- सं. रामप्रसाद पन्त	५००/-
६.	जीवनपानीका फोहराहरू (गजलसङ्ग्रह) २०५९- जीवनपानी पोखरेल	५०/-
७.	अविस्मरणीय जुम्ला (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१५०/-
८.	देशभक्तहरूको भूमि: इजरायलमा केही दिन (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१००/-
९.	आस्थाका पाइला (कवितासङ्ग्रह) २०५९- ठाकुर शर्मा	५१/-
१०.	रामचन्द्र शर्मा: स्मृतिग्रन्थ २०५९- रामप्रसाद पन्त	७५/-
११.	घाँटी हेरी हाड निल्नु ? (निबन्धसङ्ग्रह) २०५९- लेखप्रसाद निरौला	३०/-
१२.	मालती (खण्डकाव्य) २०६०- लेखप्रसाद निरौला	२५/-
१३.	मधुकलश (कवितासङ्ग्रह) २०६०- सुदीपभद्र खनाल	१०१/-
१४.	औचित्यहीन समारोह (कथासङ्ग्रह) २०६०- लुमडी आचार्य	१००/-
१५.	यात्रा र अनुभूति (नियात्रासङ्ग्रह) २०६०- रामप्रसाद पन्त	२२५/-
१६.	उपासना (कवितासङ्ग्रह) २०६०- ठाकुर शर्मा	५१/-
१७.	विवश हृदय (कथासङ्ग्रह) २०६१- महादेव अधिकारी	५०/-
१८.	जीवनपानीका सुस्केराहरू (गजलसङ्ग्रह) २०६१- जीवनपानी	५१/-
१९.	सेवारत निजामती साहित्यकारहरू (विविध सङ्कलन) २०६१- सं. रामप्रसाद पन्त	३००/-
२०.	आस्था र आकाङ्क्षा (कवितासङ्ग्रह) २०६१- हरिहर प्रदीप घिमिरे	२००/-
२१.	चमत्कारी ऋषि (बालकथासङ्ग्रह) २०६१- लुमडी आचार्य	२५/-
२२.	रुक्मी दिदी (कथासङ्ग्रह) २०६१- रामप्रसाद पन्त	२००/-
२३.	एउटा अनुहारको खोजीमा (कवितासङ्ग्रह) २०६१- देवेन्द्र अर्याल (आँसु)	१००/-
२४.	पृथक् यात्रा (नाटक) २०६२- मिलन गतौला	१२५/-
२५.	देखासिकी (बालकथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	२०/-
२६.	मध्यान्तर (कथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	६०/-
२७.	अज्ञात यात्राका पदचिन्हहरू (कवितासङ्ग्रह) २०६२- कृष्ण बाउसे	५०/-
२८.	स्मृतिका छालहरू (नियात्रासङ्ग्रह) २०६२- विष्णुबहादुर सिंह	२००/-
२९.	सन्झ्याल (कथासङ्ग्रह) २०६२- रामप्रसाद पन्त	२००/-
३०.	मर्माहत (कवितासङ्ग्रह) २०६३- लुमडी आचार्य	५०/-
३१.	आँखाभरि रमिता मनभरि वेदना (नियात्राडायरी) २०६३- गोपी मैनाली	२००/-
३२.	जीवनपानीका तरङ्गहरू (गजलसङ्ग्रह) २०६३- जीवनपानी	५२/-
३३.	रामायण: परम्परा, मान्यता र विश्लेषण (अध्यात्म ग्रन्थ) २०६३- देवेन्द्र अर्याल (आँसु)	१००/-
३४.	एकदर्जन निबन्धसङ्ग्रह (व्यङ्ग्यनिबन्ध) २०६३- अमरप्रसाद रिजाल	१११/-
३५.	साढेसातदेखि अढैयाको शनिसम्म (निबन्धसङ्ग्रह) २०६३- कृष्ण प्रधान	२०१/-
३६.	पेट्रोनास टावरको सेरोफेरो (नियात्रासङ्ग्रह) २०६३- रामप्रसाद पन्त	२००/-
३७.	अनुभूतिको आकाश (कवितासङ्ग्रह) २०६३- अशोककुमार लामिछाने	१००/-
३८.	इन्द्रैनी (सप्तरङ्गी विधा) २०६४- कलाधर काफ्ले	१५०/-
३९.	मेरा सपना र बिपना (संस्मरण) २०६४- सूब सेन	१००/-
४०.	बाह्र सूर्य सोह्र फन्को (नियात्रासङ्ग्रह) २०६४- रामप्रसाद पन्त	२५०/-
४१.	पछि फेरि (निबन्धसङ्ग्रह) २०६५- निरञ्जन बराल	१४०/-
४२.	जीवनका घुम्तीहरू (कथासङ्ग्रह) २०६५- राजनविक्रम थापा	९५/-
४३.	ऋतु थरिथरिका (गजलसङ्ग्रह) २०६५- जीवनपानी	५१/-
४४.	भाइको खोजी (संस्मरण) २०६५- सूब सेन	५०/-
४५.	उत्कृष्ट सत्ताइस व्यक्तित्व (संस्मरण) २०६५- रामप्रसाद पन्त	२००/-
४६.	विमर्शन (समीक्षासङ्ग्रह) २०६६- ठाकुर शर्मा	१००/-
४७.	प्रकृतिमा मान्छे (मुक्तकसङ्ग्रह) २०६६- ठाकुर शर्मा	५१/-
४८.	पर्यन्तदेश (नियात्रासङ्ग्रह) २०६६- रामप्रसाद पन्त	२००/-
४९.	छरिएका मनहरू (समीक्षासङ्ग्रह) २०६७-रामप्रसाद दाहाल	२५०/-
५०.	सैद्धान्तिक कसीमा भाउपन्थीका कथा २०६७-भागवत ढकाल	२२५/-
५१.	सूब सेनका प्रवृत्ति (समालोचनात्मक ग्रन्थ) २०६७- सूब सेन	२५०/-
५२.	स्मृतिविम्ब (कवितासङ्ग्रह) २०६७-गोपीकृष्ण शर्मा	१००/-
५३.	इतिहास अध्ययनको खोजी (अन्वेषण) २०६७- सूब सेन	१५०/-
५४.	सम्झनाका थुँगा (संस्मरणसङ्ग्रह) २०६७-रामप्रसाद पन्त	२२५/-
५५.	अभिवादन : नयाँ विश्वनिर्मातालाई (इतिहास) २०६७- सूब सेन	१५०/-
५६.	स्मृतिगङ्गाको तीरैतीर (नियात्रासङ्गह) २०६८-रामप्रसाद पन्त	२००/-
५७.	मेरा आदर्शरत्न साथीहरू (संस्मरण) २०६८- सूब सेन	१००/-

५८.	युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण (समालोचना) २०६८- गोपी मैनाली	१७५/-
५९.	सिङ्नीको सेरोफेरो (यात्रानिबन्ध) २०६८-कलाधर काफ्ले	३२५/-
६०.	अभिशप्त वर्तमान (कवितासङ्ग्रह) २०६९- रामेश्वर जलन	१२५/-
६१.	पुष्पमञ्जरी (कथासङ्ग्रह) २०६९-रामप्रसाद पन्त	२००/-
६२.	पानीमुनिको आकाश (गजलसङ्ग्रह) २०६९-जीवनपानी	१५०/-
६३.	आस्थाको सरोवर (नियात्रासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	२००/-
६४.	साहित्ययात्राका पदचाप (समीक्षासङ्ग्रह) २०७०- ठाकुर शर्मा भण्डारी	२००/-
६५.	रामप्रसाद पन्तका कविता (कवितासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	१५०/-
६६.	समुद्रपारि काज (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद आचार्य	२००/-
६७.	पारामाटा किनारबाट (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद पन्त	२५०/-
६८.	निबुवाको बोटमा आँप फल्दैन (मुक्तकसङ्ग्रह) २०७१- विजयध्वज थापा	१००/-
६९.	पीडा (गजलसङ्ग्रह) २०७१- केशवराज जोशी	१००/-
७०.	मेरा साठी वर्ष (आत्मसंस्मरण) २०७१- रामप्रसाद पन्त	२२५/-
७१.	माटो मायाको परिभाषा (कथासङ्ग्रह) २०७१- सूब सेन	१५०/-
७२.	शैलीका गीतहरू (गीतसङ्ग्रह) २०७१- रविन्द्र आशिष शैली	१५०/-
७३.	उपहार (लघुकथासङ्ग्रह) २०७१- कलाधर काफ्ले	१५०/-
७४.	अविरल यात्रा (नियात्रासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	२५०/-
७५.	कविताको मलामी (कवितासङ्ग्रह) २०७२- कृष्ण प्रधान	१५१/-
७६.	दाउ (लघुकथासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	१५०/-
७७.	मनका तरङ्गहरू (मुक्तक/कवितासङ्ग्रह) २०७२- नारायण देव पन्त	१००/-
७८.	आत्मघातपछिको अभिव्यक्ति (कथा/लघुकथासङ्ग्रह) २०७२- घनश्याम पुडासैनी	१२५/-
७९.	केही अन्वेषण केही विश्लेषण (समालोचनासङ्ग्रह) २०७२- डा. दामोदर ढकाल	३५०/-
८०.	आधुनिक समालोचना (समालोचनासङ्ग्रह) २०७२- डा. भागवत ढकाल	३७५/-
८१.	मनकम्पन (काव्य) २०७२– नारायण ज्ञवाली	१५०/-
८२.	साहित्यिक यात्रा (नियात्रासङ्ग्रह) २०७३- रामप्रसाद पन्त	२५०/-
८३.	बहिष्करण (कवितासङ्ग्रह) २०७३- राधेश्याम लेकाली	२००/-
८४.	भाइकी साली (कथासङ्ग्रह) २०७३- गंगासागर पन्त	३००/-
८५.	मोह (कथासङ्ग्रह) २०७३- सुन्दर खड्का	१५०/-
८६.	मन्जिल (कवितासङ्ग्रह) २०७३– मन्जिला शर्मा	उपहार
८७.	देवदर्शन (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	४८०/-
८८.	हाम्रो धार्मिक आस्था (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	७४५/-
८९.	प्रतिविम्ब (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	३००/-
९०.	भरतराज पन्तको काव्ययात्रा र प्रवृत्ति (समालोचना) २०७३– डा. भागवत ढकाल	३५०/-
९१.	नमेटिने सङ्कल्पहरू (कवितासङ्ग्रह) २०७३– सबिन पोखरेल	१५०/-
९२.	शालिक बोलिरहेछ (कवितासङ्ग्रह) २०७३– मेनुका चापागाई 'मेनु'	१५०/-
९३.	पद्यमुक्तक (मुक्तकसङ्ग्रह) २०७३– ठाकुर शर्मा भण्डारी	१००/-
९४.	शब्द-सरिता (कवितासङ्ग्रह) २०७३– इन्दु पन्त	१७५/-
९५.	विमोचनको बिगबिगी (हास्य-व्यङ्ग्यसङ्ग्रह) २०७३– नरेन्द्रराज पौडेल	२५०/-
९६.	सूर्यग्रहण (कवितासङ्ग्रह) २०७३– कृष्ण प्रधान	१५१/-
९७.	सिक्किमदेखि सिमलासम्म (नियात्रासङ्ग्रह) २०७३– रामप्रसाद पन्त	३००/-
९८.	प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल (२०७३) - डा. नरायणप्रसाद खनाल	२०७३/-
९९.	स्मृतितरङ्ग (आत्मसंस्मरण) (२०७३)– केशवराज पन्त	३६०/-
१००.	आनन्दवनको आनन्द (नियात्रा) (२०७४)– रामप्रसाद आचार्य	२००/-
१०१.	माफ गर समय (कवितासङ्ग्रह) (२०७४) – राजनविक्रम थापा	१५०/-
१०२.	राजन थापाका गीत-गजलहरू (२०७४) – राजनविक्रम थापा	१२५/-
१०३.	आलो घाउ (कवितासङ्ग्रह) (२०७४) – रमेश गौतम 'पाल्पाली'	१५०/-
१०४.	जीवनका मोडहरू (कथासङ्ग्रह) (२०७४) – रमेश गौतम 'पाल्पाली'	१५०/-
१०५.	कविताका कविताहरू (कवितासङ्ग्रह) (२०७४) – कविता पराजुली	२००/-
१०६.	शहीद कृष्णलाल अधिकारी (नाटक) (२०७४) – सूब सेन	१५०/-
१०७.	लखन थापा जयसिंह चुमी (नाटक) (२०७४) – सूब सेन	१५०/-
१०८.	मैनाबहादुर खण्डमान (नाटक) (२०७४) – सूब सेन	१००/-
१०९.	शहीदसभा (नाटक) (२०७४) – सूब सेन	१५०/-
११०.	पोटोम्याक किनारबाट (नियात्रासङ्ग्रह) (२०७४) – रामप्रसाद पन्त	३५०/-
१११.	रातको जून (नियात्रासङ्ग्रह) (२०७४) – रामप्रसाद पन्त	२५०/-
११२.	सम्मिलन (कवितासङ्ग्रह) (२०७५) – ठाकुर शर्मा भण्डारी	२५०/-
११३.	निक्षिप्त रक्तबीज (उपन्यास) (२०७५) – निरन्जन पन्त	२००/-
११४..	माया (खण्डकाव्य) (२०७५) – रमेशमोहन भट्टराई	९९/-
११५.	सृष्टि (कवितासङ्ग्रह) (२०७५) – रमेशमोहन भट्टराई	१०१/-
११६.	स्वामी सत्यदेव : जीवनदर्शन (अध्यात्म) (२०७५) सं. कृष्णचन्द्र शर्मा	२००/-

सौन्दर्यसँग साक्षात्कार

नीराजन तिमल्सिना
मौदगल्य

सन् १९७६ तिरको कुरो हो। रजनीश काठमाडौं आउँदा उनलाई पत्रकारले सोधे- 'नेपालमा तपाईंले के पाउनुभयो ?' जबाफ आयो, 'म जहाँ जान्छु, सौन्दर्य पाउछु। म पुगेको त्यस्तो कुनै ठाउँ छैन जहाँ सौन्दर्य नहोस्।'

भनिन्छ, सौन्दर्यको मुहान शिक्षा हो तर आज शिक्षाका परिकल्पनाहरूको उद्देश्य आम मानिसलाई आफ्नो उद्देश्यबाट भुलाए केवल शोषित पार्नुमा काफी छ। आज भनिएको शिक्षा नै हो मानिस-मानिसबीच वैमनस्यताको स्थिति सृजना गराउने र मान्छेलाई गुलामीमा सीमित पार्ने तत्त्व। गुलाम त गुलाम हो, गुलामहरूको काँधमा टेकेर आकाश छुनेहरू पनि मानिस नै हुन्। यी नगन्य उपल्ला मान्छेको परिकल्पना हो- आजको शिक्षा। यही शिक्षाका कारण जीवनमा निराशा, त्रास, अप्रसन्नता र कुरूपता व्याप्त छ।

प्राणीको हितका निमित्त जन्माइएको E = mc2 जस्ता अमूल्य उपलब्धिहरू पनि हिरोशिमा र नागासाकीजस्ता समृद्ध शहरहरू ध्वस्त पार्न दुरुपयोग गरिन्छन्। त्यस्तै राइट दाजुभाइका उडानका सपनालाई ट्वीन्स् टावरहरूमा लगेर ठोक्काइन्छ। शान्तिको नाममा इराक, अफगानिस्तानहरूमा बम र बारुद बर्साइन्छ। अनगिन्ती कहालीलाग्दा हिंसा र प्रतिहिंसाबाट बहादुरीको मापन गरिन्छ अनि अल्वर्ट आइन्सटाइनजस्ता महान् विज्ञानपुरुषहरू जीवनको उत्तरार्द्धमा छट्पटाउँदै भौतिकताबाट अलग्गिएर आध्यात्मतर्फ लीन हुने मार्ग खोज्न थाल्छन्।

> अनि महान् विज्ञानपुरुषहरू जीवनको उत्तरार्द्धमा छट्पटाउँदै भौतिकताबाट अलग्गिएर आध्यात्मतर्फ लीन हुने मार्ग खोज्न थाल्छन्।

आखिरीमा आइन्स्टाइनहरू नै भन्छन्, अन्तस्करणबाट ब्युँझने खुशी र आनन्दको प्रभावले बाह्य जगत्मा पनि स्वतः खुशी ब्युँझाउन सक्छ। उही हो- स्थितप्रज्ञ। त्यहीँ जग्मगाउँछ सौन्दर्य। तर भोगीले आफ्नो खुशीको कारण बाह्य जगत्लाई ठान्छ, योगीको खुशीको कारण भने ऊ स्वयं बन्दछ।

यस जटिल परिवेसमा जीवनलाई शान्त र समृद्ध बनाउन भौतिक र आध्यात्मिक स्वरूपको समागम अपरिहार्य छ। जसको सेतु बन्नुपर्छ साहित्य, जीवनको शालीन समग्रता निर्माणका लागि साँचो साहित्यको सेतु, जसले जीवनलाई सुन्दरताको सारतत्त्वसँग साक्षात्कार गराओस्।

e-mail: nirajan.timalsina1@gmail.com